बाल ज्ञानकोश ३

विश्वका प्रमुख सभ्यता तथा संस्कृति



प्रकाशक : नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

ISBN: 978-999-33-719-4-6

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

पहिलो संस्करण : वि. सं. २०६५

मुद्रण सङ्ख्या : ५,००० प्रति

मुद्रक : चित्रवन प्रिन्टर्स प्रा. लि.
भरतपुर-४, चितवन

हाम्रो भनाइ

पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यपुस्तकका अतिरिक्त बालसन्दर्भ सामग्रीहरू पनि निर्माण गरिँदै आएको छ। यस्ता सन्दर्भ सामग्रीले बालबालिकाको बौद्धिक विकास गर्ने मात्र नभएर उनीहरूमा अध्ययनप्रति रुचि तथा जिज्ञासु प्रवृत्तिको पनि विकास गराउँछ, जसले गर्दा उनीहरूको ज्ञानको परिधिलाई फराकिलो पार्न मदत हुने र उनीहरूलाई द्रुत गतिमा बदलिरहेको विश्व परिवेशसँग परिचित हुन पनि सघाउ पुऱ्याउँछ। यिनै तथ्यलाई आत्मसात् गर्दै विद्यालय पाठ्यक्रममा समाविष्ट अन्तर्निहित मर्मलाई अझ बढी सबलीकृत गर्ने मूल उद्देश्य राखेर प्रस्तुत 'बाल ज्ञानकोश ३ : विश्वका प्रमुख सभ्यता तथा संस्कृति' को विकास गरिएको हो।

विद्यालय तहका बालबालिकाहरूको मनोवैज्ञानिक, संवेगात्मक तथा बौद्धिक स्थितिलाई लक्षित गर्दै विकास गरिएका यी सामग्रीहरूमा सरल भाषा र आकर्षक चित्रका माध्यमबाट मनोरञ्जनात्मक पढाइ, शब्द ज्ञान, पठन गति, नवीन ज्ञान एवम् खोजपरक धारणाको विकास गराउने अभीष्ट राखिएको छ। यी सामग्रीको अध्ययनबाट उनीहरूले आर्जन गरेका ज्ञानलाई व्यावहारिक जीवनमा उतार्न सकून् भन्ने समेत उद्देश्य लिइएको छ।

विगतका वर्षहरूमा पाठ्यक्रम विकास केन्द्रबाट विविध ५८ ओटा शीर्षकमा बाल सन्दर्भसामग्रीहरू प्रकाशित भइसकेका छन्। गत वर्षदेखि फरक ढाँचामा सूचनामूलक सामग्री राखेर बाल ज्ञानकोश शृङ्खलाको प्रकाशन थालिएको छ। प्रस्तुत 'विश्वका प्रमुख सभ्यता तथा संस्कृति' त्यसैको निरन्तरता हो। प्रस्तुत बाल ज्ञानकोशको संयोजन शम्भुप्रसाद दाहालले गर्नुभएको हो। सामग्रीको लेखन तथा चित्र संयोजन नवीन्द्रमान राजभण्डारीले गर्नुभएको हो। यसको सम्पादन जयप्रसाद लम्सालले गर्नुभएको हो। यस सामग्रीको विकासमा रामप्रसाद सुवेदीको विशेष सहयोग रहेको छ। यसको भाषासम्पादन गणेशप्रसाद भट्टराईले, टाइपसेटिङ जयराम कुइँकेलले एवम् रूपविन्यास गौतम मानन्धर र हिमालय गौतमले गर्नुभएको हो। ज्ञानकोशलाई यस रूपमा ल्याउनका लागि सुरुदेखि अन्त्यसम्म विद्वान्‌जनहरू शिवप्रसाद सत्याल, विश्वम्भर चञ्चल, दिवाकरदत्त पाण्डेय, रामबाबु सुवेदी तथा धनञ्जय शर्माबाट अमूल्य सुझाव प्राप्त भएको थियो। यस बाल ज्ञानकोशको विकासमा सहयोग प्रदान गर्नुहुने सम्बद्ध सम्पूर्ण महानुभावहरूलाई पाठ्यक्रम विकास केन्द्र धन्यवाद ज्ञापन गर्छ।

यस ज्ञानकोशमा समाविष्ट कतिपय तथ्य तथा चित्रहरू विभिन्न स्वदेशी तथा विदेशी प्रकाशनहरूबाट साभार गर्ने धृष्टता गरिएको छ। किन्तु यस सामग्रीको प्रकाशन कुनै व्यापारिक प्रयोजन हेतु नभएको निवेदन गर्दै सम्बद्ध सबै प्रकाशनहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्छौँ।

ज्ञानकोशलाई अझै उद्देश्यमूलक, उपलब्धिमूलक एवम् गुणस्तरीयता प्रदान गर्ने प्रयासमा विद्यार्थी, शिक्षक, लेखक, अभिभावक एवम् बुद्धिजीवीबाट समेत थप सल्लाह र सुझावको अपेक्षा गर्छौँ।

हरिबोल खनाल
कार्यकारी निर्देशक
पाठ्यक्रम विकास केन्द्र

वि. सं. २०६५

विषयसूची





१.	प्रारम्भिक मानवहरू	१
	होमो हाबिलिस	२
	होमो सापियन्स	२
	गुफाचित्र	४
	सिकारी र फिरन्ते जीवन	५
२.	पहिला सभ्यता	८
	प्रारम्भिक कृषकहरू	९
	प्रारम्भिक सहरहरू	९
	प्रारम्भिक लेखाइ	१०
३.	प्राचीन इजिप्ट	१२
	नाइल नदीको वरदान	१२
	फराओ	१३
	पिरामिड	१४
	दैनिक जीवन	१६
४.	मेसोपोटामिया	१८
	सुमेर सभ्यता	१८
	बेबिलोन	१९
५.	माइनोअन क्रिट	२१
६.	धातुयुगको युरोप	२२
७.	प्राचीन ग्रिस	२४
	देवीदेवताहरू	२५
	युद्ध व्यवस्थापन	२६
	एथेन्स	२७
	साहित्य तथा ज्ञानविज्ञान	२८
	अलेक्जेन्डर	२९
८.	प्राचीन रोम	३२
	रोमन गणतन्त्र	३३
	जनजीवन	३५
	खेलकुद-तमासा	३७



९.	चीन	३८
	प्राचीन चीन	३८
	चीनको पर्खाल	४०
	हान साम्राज्य	४१
	रेसममार्ग	४२
	मध्ययुगमा चीन	४२
१०.	भारत	४४
	सिन्धुघाँटी सभ्यता	४४
	मौर्य साम्राज्य	४६
	कुषाणकाल	४७
	गुप्तहरू	४८
	मुगल भारत	४९
११.	विश्वका अरू सभ्यताहरू	५०
	प्राचीन अमेरिका	५०
	अफ्रिका	५२
	ओसेनिया	५३
२.	मध्ययुग	५४
	अरबजगत्	५४
	बाइजेन्टियम	५६
	माया	५७
	एज्टेकहरू	५८
	भाइकिङ	५९
	मङ्गोल	६१
	जापान	६३
	खमेर अधिराज्य	६५
	मध्यकालीन युरोप	६६
१४.	नेपाल	६८
	इतिहास	६८
	हाम्रा देवीदेवताहरू	७१
	कला र संस्कृति	७३
	कठिन शब्दहरूको अर्थ	८०
	विशेष नामावली	८५

प्रारम्भिक मानवहरू

आज हामी मानिस जातिले निकै प्रगति गरेका छौँ । हामी जेट चढेर केही घण्टामै पूरा पृथ्वी घुम्न सक्छौँ । टेलिभिजनबाट संसार हेर्न सक्छौँ । जुनसुकै वेला हामी पृथ्वीको कुनाकुनाका खबर पाउछौँ । इन्टरनेटको सहायताबाट आफूलाई चाहिने कुनै पनि जानकारी तत्काल पाउन सक्छौँ । हाम्रा आदिम पुर्खा हामी जस्तै थिए त ? हैन, उनीहरू हामी जस्ता थिएनन् । उनीहरू जनावरतुल्य थिए । केही हजार वर्षसम्म हाम्रा पुर्खासँग न लगाउनलाई लुगा थियो, न बस्नलाई घर थियो । जङ्गली अवस्थाबाट गुज्रेर हामी मानव जाति आज यस अवस्थामा आइपुगेका छौँ । हाम्रो कथा लामो छ तर रोचक छ ।

▲ एइजिप्टोपिथेक



▼ अस्ट्रालोपाइथेसिन्स वनमानुष जस्तै देखिन्थे तर उनीहरू ठाडो उभिएर हिँड्न सक्थे । उनीहरू १.५ मिटरसम्म अग्ला, थिए । उनीहरू लामा हात र छोटा खुट्टा भएका र खप्परमा सानो गिदी भएका थिए ।

पृथ्वीमा मानिस जस्तो देखिने जीवहरू आजभन्दा करिब चालीस लाख वर्षअगाडि देखा परेका थिए । मानवशास्त्रीहरूले यिनलाई होमिनिड्स भनेका छन् । मानवसँग केही हदसम्म मेल खाने जीवलाई अस्ट्रालोपाइथेसिन्स अर्थात् 'दक्षिणतिरका वनमानुषहरू' भनी नाम दिइएको छ । अफ्रिकाका विभिन्न भागहरूमा यिनका अस्थिपञ्जरहरू पाइएका छन् । सन् १९७४ मा इथियोपियाको हडार भन्ने ठाउँमा एउटा अस्थिपञ्जर पाइएको थियो । सुरुमा यसको नाउँ 'लुसी' राखिएको थियो । वैज्ञानिकहरूका अनुसार लुसीको स्वरूप चिम्पान्जीसँग मिल्थ्यो । यो दुई खुट्टा टेकेर सीधा उभिन सक्थ्यो । अस्ट्रालोपाइथेसिन्स करिब १.५ मिटर अग्ला थिए । उनीहरूका हात लामा र खुट्टा छोटा थिए र दिमाग सानो थियो ।

मानव, वनमानुष र बाँदरका पुर्खा एउटै थिए र सम्भवत: ती एइजिप्टोपिथेक अर्थात् 'इजिप्सियन वनमानुष' थिए । यी जीव आजभन्दा पैँतीस लाख वर्षअगाडि इजिप्टमा बस्थे । यिनीहरू रूखमा झुन्डिएर यताउता

गर्थे । यिनीहरू पछि आएका जीवमध्ये केवल मानव जाति मात्र दुई खुट्टाले टेकेर सीधा उभिन सक्ने जीवका रूपमा विकसित भए । मानिस सुरुमा दुई हात र दुई खुट्टाले टेकेर हिँड्थ्यो । ऊ ठाडो उभिन सक्ने भएपछि पहिले हिँड्नलाई प्रयोग गरिने उसको अगाडिका दुई हात स्वतन्त्र भए । उसको पुच्छर बेकार भयो र अन्ततः हराएर गयो । अब उसको दुई हात आत्मरक्षाको ठूलो साधन बने । बिस्तारै उसले आफ्नो आत्मरक्षा र दैनिक जीवनका लागि ढुङ्गाहरूको प्रयोग गर्न थाल्यो । यहींदेखि मानव समुदायले ढुङ्गेयुग अर्थात् पाषाणयुगमा प्रवेश गऱ्यो ।

होमो हाबिलिस

करिब पच्चीस लाख वर्षअगाडि अफ्रिकामा होमो हाबिलिस अर्थात् 'ह्यान्डी म्यान' देखा परेका थिए । होमो हाबिलिस जातिका मानवहरू ढुङ्गाका साधारण औजारहरूको प्रयोग गर्थे । अठार लाख वर्षअगाडि अफ्रिकामा मानसिक र शारीरिक रूपले अझ विकसित मानव जाति देखा परे जसलाई होमो इरेक्टस नाम दिइएको छ । यिनीहरू अग्ला र छरिता थिए । यी जातिका मानिसहरूले तीखा हतियारहरू बनाई ठूला जनावरहरू सिकार गर्ने सीप विकास गरेका थिए । यिनीहरू अफ्रिका महादेशबाट उत्तर र पूर्व दिशातिर गएका हुनुपर्छ भन्ने अनुमान गरिएको छ । होमो इरेक्टस जातिका मानिसहरू अफ्रिकाबाट उत्तर-पूर्वतिर सर्दै गएका थिए । यिनीहरूको अवशेष चीन, जाभा र युरोपमा पाइएका छन् । यिनीहरूका बङ्गारा बाहिर निस्केका र बाक्ला आँखीभौँ थिए । यिनीहरू समूहमा बस्थे र आगोमा खानेकुरा पकाउँथे ।

होमो सापियन्स

अहिलेका मानव जातिसँग धेरै हदसम्म मिल्ने मानव जाति करिब सात लाख पचास हजार वर्षअगाडि देखा परेका थिए । यिनीहरूको अस्थिपञ्जर अफ्रिका, युरोप र एसियामा पाइएको थियो । यो जाति होमो सापियन्स नामबाट चिनिन्छन् । मानवशास्त्रीहरूका अनुसार होमो सापियन्स जाति होमो इरेक्टसकै विकसित जात हुन् र यिनीहरू अफ्रिकाबाट अन्त छरिएका थिए ।

आजभन्दा दुई लाख वर्षअगाडि होमो सापियन्स जातिका हाँगाका रूपमा नियन्डरथल जातिका मानिसहरू देखा परेका थिए । सन् १८५७ मा जर्मनीको नियन्डर उपत्यकाको कुनै गुफामा यस जातिका मानिसहरूको हड्डी भेट्टिएको थियो । सोही ठाउँको नामबाट यिनलाई नियन्डरथल म्यान नामाकरण गरिएको थियो ।

होमो हाबिलिस नै सम्भवतः पहिलो वास्तविक मानिस थियो । हाम्रा पूर्वज होमो सापियन्स करिब एकलाख पच्चीस हजार वर्षअगाडि अफ्रिकामा पहिलो पटक देखा परेका र उनीहरू त्यहाँबाट अन्यत्र सर्दै गएको अनुमान छ । करिब तीस हजार वर्ष पहिले सम्भवतः नियन्डर थलहरूले खानाका लागि आधुनिक मानवसँग प्रतिस्पर्धा गर्न सकेनन् र फलतः उनीहरू लोप भएर गए ।



नियन्डरथल मानवको हड्डी युरोप र मध्यपूर्व एसियाका विभिन्न ठाउँमा पनि पाइएका छन् । यिनले प्रयोग गर्ने गरेका थुप्रै औजारहरू पनि प्राप्त भएका छन् । यिनीहरू आगो बाल्थे र चिसोबाट बच्न गुफाभित्र बस्थे । सम्भवत: यिनीहरू आफ्नो जिउलाई जनावरका छालाबाट ढाक्थे र अहिलेका मानिसझैँ यिनीहरू दायाँ हातको बढी प्रयोग गर्थे । यस जातिले हजारौँ वर्षसम्म युरोपमा बसोवास गरेका थिए ।

आजभन्दा तीस-पैँतीस हजार वर्षअगाडि युरोपको जलवायु बिस्तारै न्यानो हुन थाल्यो । त्यस समयमा नियन्डरथल मानिसभन्दा शारीरिक तथा मानसिक रूपले अझ विकसित अर्को मानव समुदाय देखा पऱ्यो । होमो सापियन्स सापियन्स नाम दिइएका यस मानव जातिले नियन्डरथल मानिसहरूलाई विस्थापित गरेको हुनुपर्छ भन्ने अनुमान गरिएको छ ।

नियन्डरथल मानिस ▲ *आधुनिक मानिस* ▲

मानवशास्त्रीहरूले यो नयाँ जातिलाई 'सही मानव' को संज्ञा दिएका छन् । यिनीहरू कहाँबाट आएका थिए, सो ज्ञात हुन सकेको छैन । सन् १९२१ मा दक्षिण अफ्रिकाको कुनै भग्न डाँडामा यस जातिको खप्पर भेट्टिएको थियो । यसको दाँत र टाउकोको हाडको

▼ *करिब पाँच लाख वर्षअगाडि चीनमा होमो इरेक्टस समूह राति क्याम्प खडा गरी त्यहाँ आगो बालेर पकाउनलाई खानेकुरा काटेर टुक्रा गर्दै*



संरचना वर्तमान मानवसँग निकै हदसम्म मिल्छ । मानवशास्त्रीहरूले यस जातिलाई 'न्होडेसियन म्यान' पनि भनेका छन् । सम्भवत: युरोपको अन्तिम हिमयुगसम्म पृथ्वीमा यस जातिका मानवहरूको उपस्थिति रहेको थियो ।

गुफाचित्र

फ्रान्सको डोर्जन उपत्यकामा अवस्थित क्रो-माग्नोन गुफामा झन्डै २ मिटर अग्लो मानव अस्थिपञ्जर प्राप्त भएको थियो । शारीरिक रूपले अझ विकसित यस जातिलाई सोही गुफाको नामबाट क्रो-माग्नोन मानवको नाम दिइएको थियो । युरोपका विभिन्न चट्टानमाथि गरिएका अनेकौँ कुँदाइ र गुफाचित्रहरू यिनै क्रो-माग्नोन मानवहरूले सुरु गरेका थिए भन्ने अनुमान गरिएको छ ।

फ्रान्स, इटली तथा स्पेनका चट्टानभित्र लुकेका अनेकौँ गुफाहरूमा ढुङ्गेयुगका मानिसहरूले बनाएका चित्र, रेखाचित्र र कुँदाइका नमुनाहरू प्रशस्त प्राप्त भएका छन् । हिंस्रक जनावरहरूबाट बच्न त्यस वेलाका मानिसहरू अनकन्टार गुफाभित्र बस्थे र आफू

▲
फ्रान्सको लस्कउ गुफाका चित्रहरू सन् १९४० मा चारजना किशोरहरूले अप्रत्यासित रूपमा पत्ता लगाएका थिए । यहाँका चित्रहरू हालसम्म पाइएका गुफाचित्रमध्ये बढी स्पष्ट, चम्किला र सुरक्षित अवस्थामा रहेका छन् । यी चित्रहरू सत्र हजार वर्ष पुराना हुन् भन्ने अनुमान गरिएको छ ।



▲
गुफाचित्रको उद्देश्य सुन्दरतालाई व्यक्त गर्नु थिएन । त्यस वेलाका मानिसहरू चित्रद्वारा पशुहरूमाथि आफ्नो प्रभुत्व जमाउन चाहन्थे । उनीहरू आफूले जित्न नसक्ने हिंस्रक जनावरको चित्र गुफाको भित्ता र छतमा कोर्थे । उनीहरू आफ्नो आत्मबल बढाउन र आत्मसन्तुष्टिका लागि आफ्ना शत्रुलाई भाला आदिले रोपेका चित्रहरू बनाउँथे । सम्भवत: आफूले बनाएको चित्र जति जनावरसँग मिल्दोजुल्दो भयो, त्यति ती जनावरलाई आफ्नो अधीनमा ल्याउन सकिन्छ भन्ने उनीहरूको विश्वास थियो ।

भयभीत भएको, आफूले विजय पाएको र आफ्नो सम्पर्कमा आउने जनावरहरूको चित्र बनाउँथे । यस्ता चट्टानको भित्री भागमा सूर्यको प्रकाश कहिल्यै पुग्दैनथ्यो । अत: उनीहरू जनावरहरूको बोसोबाट दियो बालेर गुफाभित्र बस्थे र त्यसैको प्रकाशमा चित्र बनाउँथे ।

ढुङ्गेयुगका गुफाचित्रको नमुना सर्वप्रथम सन् १८६८ मा स्पेनको अल्टामिरा नामक गुफामा भेटिएको थियो । यी चित्रहरू चौध हजार वर्षदेखि सोह्र हजार वर्षअगाडि बनाइएको अनुमान गरिएको छ ।

त्यस्तै सन् १९४० मा फ्रान्सको लस्कउमा पाषाणयुगीन गुफाचित्रको अर्को समृद्ध भण्डार फेला परेको थियो । ढुङ्गेयुगका गुफाचित्रहरू फेला पर्ने क्रम अझै जारी छ । सन् १९९४ मा फ्रान्सको ग्रोट्टे चाउवेमा अनेकौं चित्रहरूले सिँगारिएका चुनढुङ्गाका गुफाहरू फेला परेका थिए । अधिकांश पाषाणयुगीन गुफाचित्रहरूमा मूलत: जनावरका आकृतिहरू (साँढे, घोडा, गाई, हरिण आदि) बढी देखिन्छन् । यी चित्रहरूमा मानव आकृतिहरू अत्यन्तै कम छन् ।

करिब बीस हजार वर्षअगाडि पृथ्वी हिमयुगको चपेटामा पऱ्यो । जिउभरि भुत्ला भएका ठूलाठूला मेमोथहरू ध्रुवीय प्रदेश छाडेर तलतिर झरे र तिनीहरू सिकारीहरूको फन्दामा परे । त्यस वेला सिकारीहरू टुप्पामा तीखो ढुङ्गा जडिएका काठका भालाहरू र तीखा हाडहरू सिकारका लागि प्रयोग गर्थे । उनीहरूको समूह सधैं एकै ठाउँमा बस्दैनथ्यो । जनावरहरू त्यहाँबाट पर भाग्दै जाँदा उनीहरू पनि तिनलाई पछ्याउँदै ठाउँ सर्थे । ▼

युरोपबाहेक यस्ता गुफाचित्रहरू एसिया, अफ्रिका, अमेरिका र अस्ट्रेलियामा पनि पाइएका छन् । यी गुफाचित्रहरू प्राचीन मानव जातिबारे अध्ययन एवम् अनुसन्धान गर्नका लागि सहायक सिद्ध भएका छन् ।

सिकारी र फिरन्ते जीवन

ढुङ्गेयुगका जङ्गली मानिसहरूलाई सधैं जङ्गलको चारैतिर घुम्ने हिंस्रक जनावरहरूबाट सतर्क भएर रहनुपर्थ्यो । अर्कोतिर आहारका लागि तथा चिसोबाट शरीरलाई बचाउनका लागि उनीहरूलाई जनावरको आवश्यकता पर्थ्यो । वास्तवमा चाँडोचाँडो उनीहरूको मानसिक विकास हुनाको प्रमुख कारण पनि जनावरसँगको उनीहरूको लगातार सङ्घर्ष नै थियो ।

नियन्डरथल मानिसहरूको ढुङ्गाको हतियार ◄

क्रो-मार्गनोनहरूले कडा ढुङ्गाबाट बनाएको काँडको टुप्पा ◄

ढुङ्गेयुगमा जनावरको हाडबाट बनेको सियो ◄

लगभग पैंतीस लाख वर्षअगाडि आएका अस्ट्रालोपाइथेसिन् जातिका मानिसहरू सम्भवत: काठ तथा ढुङ्गाका हतियार बनाई सिकार गर्थे । ▼



कसरी तिनलाई आफ्नो अधीनमा ल्याउने भन्ने कुरा नै उनीहरूको चिन्ताको विषय थियो । त्यही चिन्ताको फलस्वरूप उनीहरूले सजिलो तरिकाले सिकार गर्ने तथा आफ्नो बचाउ गर्नेबारे नयाँनयाँ उपायहरू पत्ता लगाउँदै गए ।

त्यस वेलाका सिकारी मानवहरू भाला, बर्छा, तीर, चक्कु आदिबाट जनावरहरूको सिकार गर्थे । नदीनाला र तालमा माछा समात्न बल्छीको प्रयोग गर्थे । उनीहरू आफ्नो सिकारको वासस्थान पत्ता लगाउँथे र मौका पारी हमला गर्थे । चिसो र गरम मौसमअनुसार जनावरहरू आफ्ना स्थान फेर्छन् भन्ने कुरा पनि उनीहरूले पत्ता लगाएका थिए । यसबाट उनीहरूलाई सिकार गर्न लामो समय कुर्नु परेन र सिकार गर्न पनि सजिलो हुन थाल्यो ।

अधिकांश सिकारी तथा फिरन्तेहरू स-साना समूहमा दुई वा तीन परिवार भएर बस्थे । वरिपरि पर्याप्त खानेकुरा भएको अवस्थामा समूह ठूलो पनि हुन सक्थ्यो । सम्भवत: प्रत्येक समूहमा एकजना नाइके हुन्थे जसले समूहका लागि आवश्यक योजना बनाउँथे र निर्णयहरू गर्थे ।

समयको क्रमसँगै जनावरहरूको सिकार गर्नमा मानिसहरू झन्झन् सिपालु हुँदै गए ।

ढुङ्गेयुगका मानिसहरूले गुफाका भित्तामा चित्रहरू बाहेक हातका छापहरू पनि छाडेर गएका छन् । ◄

उनीहरू जनावरका खुट्टाका पाइलाहरू, भाँचिएका रूखका हाँगा आदिलाई पछ्याएर सिकार खोज्न जान्न थाले । प्राचीन ढुङ्गेयुगमा मानिसहरूले ढुङ्गाका साधारण औजारहरू बनाउन सिकेका थिए । यो समय आजभन्दा करिब पच्चीस लाख वर्ष अगाडिको मानिन्छ । आजभन्दा बाह्र हजार वर्षअगाडि नव-पाषाणयुगसम्म आइपुग्दा मानिसहरूले खेतीपाती गरी अन्न उब्जाउन सिकिसकेका थिए ।

भोजनका रूपमा वनस्पति

आफ्नो विकासको क्रमसँगै मानिसले मासुबाहेक वनस्पतिबाट पनि विभिन्न खानेकुराहरू पाउन सकिन्छ भन्ने कुरा थाहा पाउँदै गए । उनीहरूले फलफूल, सागपात आदि कहाँ उम्रिन्छन् भन्ने थाहा पाए । माहुरीले मह बनाउँछन् र महबाट खानेकुरा गुलियो बनाउन सकिन्छ भन्ने पनि उनीहरूले पत्ता लगाए । उनीहरूले कन्दमूल, तरुल, गिठा, आलु आदि जस्ता जमिनमुनि फल्ने खानेकुरा जमिन खोस्रेर निकाल्न सिके । सिकार नभेटिएको समयमा उनीहरू यस्ता खानेकुरा खान्थे । उनीहरूको प्रमुख खानेकुरा भने मासु नै थियो ।

शरीर ढाक्नका लागि छाला

आफ्नो विकासको क्रममा मानिसले जनावरका छाला विभिन्न कामका लागि उपयोग गर्न थाले । उनीहरूले छालालाई शरीर ढाक्नका लागि पनि प्रयोग गर्न सिके । यसका लागि पहिला छाला नफुटोस् भन्नका लागि भुइँमा ओछ्याई बोसो निकालिन्थ्यो । त्यसपछि हाडको औजारबाट घोटेर छालालाई नरम बनाइन्थ्यो । छाला तयार भइसकेपछि शरीर लाई ढाक्न मिल्ने गरी ढुङ्गाको चक्कुबाट काटिन्थ्यो ।

साँझतिर समूहका सबैजना क्याम्पमा फर्कन्थे । आफ्ना वरपर जे पाइन्छन्, त्यसैबाट उनीहरू आफ्ना घर बनाउँथे । कुनैकुनै पालहरू जनावरका छालाबाट बनाइन्थे । मेमोथ सिकारीहरू तिनीहरूका हाडबाट गुम्बजजस्तो घर बनाउँथे । कुनैकुनै घरहरू हाँगाहरू एक आपसमा बुनेर पर्दा जस्तो बनाइन्थ्यो र त्यसलाई काठको फ्रेममा वरपर घुमाएर छाप्रा जस्तो बनाइन्थ्यो । त्यसलाई जनावरका छालाले घेरेर न्यानो पारिन्थ्यो । आफूलाई जङ्गली जनावरहरू र खराब मौसमबाट सुरक्षित राख्न उनीहरू ती पालहरूका छाप्रा गोलो समूहमा बनाउँथे । जनावरहरूलाई तर्साउन उनीहरू आगो बालेर बस्ने गर्थे ।



खण्ड २

पहिलो सभ्यता

ढुङ्गेयुगका मानिसहरूलाई सधैं हिंस्रक जनावरदेखि डराइरहनुपर्थ्यो । ती जनावरबाट बच्नका लागि उनीहरू ओडार वा गुफाभित्र समूहमा बस्थे । आफ्नो जनसङ्ख्या बढ्दै गएपछि उनीहरूका लागि ओडार वा गुफाको अभाव हुँदै गयो । फलत: उनीहरू रूखमाथि मचान बनाई बस्न थाले । पछि गएर मचानहरू पनि अपर्याप्त भए र तिनीहरू रूखबाट तल झरेर छाप्रो बनाएर बस्न थाले । घर बन्न थालेपछि मानिसहरूको स्थायी बसोवास र स्थायी जीवन सुरु भयो । समयको क्रमसँगै मानव समुदायले आफ्नो आवश्यकताअनुसार आफू बस्ने घरहरूलाई विभिन्न स्वरूप दिँदै गए ।

मानव सामाजिक प्राणी भएकाले ऊ सदा समुदायमा बस्दै आएको छ । समुदायमा घर वा छाप्रो एकअर्काका नजिक बनाइन्थ्यो । यसरी घरघर मिलेर गाउँ र समाज बन्यो । समाजको रहनसहन, दैनिक क्रियाकलाप आदिको यथोचित व्यवस्था मिलाउन कानुन र रीतिथितिको व्यवस्था हुन थाले । गाउँहरू विकसित हुँदै सहरको रूप लिन थाले । जब मानव समुदायले सहरमा बसोवास गरी घर, सडक, पुल, यातायात, खानेपानी, ढल आदिलाई सुव्यवस्थित गरी बस्न थाले, त्यहाँदेखि सभ्यताको प्रारम्भ भयो ।

विश्वको सुरुका सभ्यताहरूको विकास मध्यपूर्व एसिया, भारत, चीन र इजिप्टमा भएको थियो । सभ्यताको विकाससँगै धर्म, दर्शन, कला, संस्कृति र विज्ञानको क्षेत्रमा मानव जातिले चामत्कारिक उपलब्धिहरू हासिल गर्दै गए । यो क्रम आजसम्म निरन्तर जारी नै छ ।

मेसोपोटामियाका आदिम किसानहरू गहुँ भित्र्याउन ढुङ्गाका चक्कुहरू प्रयोग गर्थे । उनीहरू काटिएका छ्वालीसहितको बालाबाट दाना छुट्याउन लट्ठीले चुट्थे । उनीहरू गहुँका दानाहरूलाई पिनेर पिठो बनाई रोटी बनाउँथे । ▼



प्रारम्भिक कृषकहरू

ढुङ्गेयुगको अन्त्यतिर आएर सिकारी र फिरन्ते मानवहरूले केही महत्त्वपूर्ण प्रगति हासिल गरेका थिए । उनीहरूले ब्वाँसा जस्ता जङ्गली जनावरलाई पालेर तिनलाई तालिम दिन थालेका थिए । मानिसले सिकारी कुकुरका रूपमा सबभन्दा पहिला प्रयोग गरेको जनावर ब्वाँसो नै थियो । घाँसबाट टिपिएका बिउलाई जमिनमा रोपेर अरू धेरै बिरुवा उमार्न सकिन्छ भन्ने कुरा पनि मानिसले पत्ता लगाए ।

यी नयाँ आविष्कारपश्चात् मानिसहरू स्थायी बसोवास बनाई समूह-समूहमा बस्न थाले । पहिलो कृषक समुदायहरूको सुरुआत आजभन्दा बाह्र हजार वर्षअगाडि भएको विश्वास गरिएको छ । सुरुमा मानिसहरूले गहुँ र जौ उमार्न थाले । उनीहरूले दूध र मासुका लागि भेडा र बाख्रा पालन गर्न थाले । राम्रो बालीका लागि घाम र पानी चाहिन्थ्यो । सुरुका कृषक समुदायहरू मध्यपूर्व एसिया तथा उत्तरी अफ्रिकाका नदीको किनारका उष्ण भूमिमा बसोवास गर्थे । केही मानिसहरू टिग्रिस र युफ्रेटस दुई नदी बीचको मेसोपोटामिया (वर्तमान इराक) को उर्वर भूमिमा बस्न थाले । केही मानिसहरू इजिप्टको नाइल नदीको किनारमा बस्न थाले ।

मानिसहरू माटाका घर बनाउँथे । समुदायमा यस्ता घरहरू एकअर्काका नजिक समूह-समूह गरी बनाइन्थ्यो । उनीहरूले खेतीपाती गर्नका लागि चाहिने औजारहरू, बाली र अन्न हाल्नका लागि टोकरी, भकारी आदि बनाउन पनि सिके । पहिलो हलो मानिसले



▲
खाद्यान्नलाई चोरबाट बचाउन जोर्डनको जेरिको सहरमा नदीछेउ ठूलो पर्खाल लगाइएको थियो । किसानहरू दिनभरि पर्खालबाहिर खेतमा काम गर्थे र राति पर्खालभित्र सुरक्षासाथ सुत्थे ।

सम्भवत: रूखको हाँगाबाट बनाएका थिए । पुराना भित्तिचित्र र कुँदाइबाट सुरुसुरुका हलोबारे केही थाहा पाउन सकिन्छ । साधारण हलो मेसोपोटामिया (४५०० इ. पू.) तथा इजिप्ट (२६०० इ. पू.) मा प्रचलनमा आइसकेको थियो ।

प्रारम्भिक सहरहरू

सुरुका गाउँका घरहरू काँचो इँटाबाट बनेकाले छोटो समयमै भत्किन्थे । पुरानो घर काम नलाग्ने भएपछि त्यसैको भग्नावशेषमाथि नयाँ घर बनाइन्थ्यो । यसरी एकमाथि अर्को घर थपिँदै गएर बनेको ढिस्कोलाई अरेबिक भाषामा 'टेल' र तुर्की भाषामा 'ह्युयुक' भनिन्थ्यो ।

अन्तत: यस्ता घर भएको क्षेत्रले सहरको रूप लिन थाल्यो । टर्कीको प्राचीन सहर काटल ह्युयुकमा सहरलाई घेर्ने कुनै पर्खाल

वर्तमान टर्कीमा पर्ने प्राचीन काटल ह्युयुक सहर ७००० इ. पू. अघि नै बनिसकेको थियो। पुरातत्त्वविद्हरूको अनुमानअनुसार त्यस सहरमा पाँच हजार मानिसहरू बसोवास गर्थे। त्यहाँ कतै पनि बाटो थिएन। घरहरू एकआपसमा टम्म मिलाएर बनाइएका हुन्थे। घरभित्र पस्नका लागि छानामा प्वाल बनाइएको हुन्थ्यो। यदि भऱ्याङ हटाइदिएको खण्डमा घरभित्र पस्न असम्भव नै हुन्थ्यो। सम्भवतः सुरक्षाका लागि यसो गरिएको हुन सक्छ। मानिस मरेपछि मृत शरीरलाई घरभित्रै खाडल खनी गाड्ने गरिन्थ्यो। गाड्नुअगाडि मृतकको लासलाई घाममा सुकाइन्थ्यो।

काटल ह्यूयुकका प्रत्येक घरमा बैठक कोठा, एउटा भण्डार कोठा र पूजापाठ गर्नका लागि कोठा हुन्थ्यो।



थिएन। सबै घर एकअर्कासँग जोडिएका थिए र त्यहाँ कुनै बाटो थिएन। प्रत्येक घरमा छतसँग जोडिएको एक-एकओटा भऱ्याङ हुन्थ्यो। मानिसहरू एउटा घरको छतबाट अर्को घरको छत हुँदै हिँड्डुल गर्थे। प्रत्येक घरमा भित्र पस्नका लागि एक-एकओटा ढोका हुन्थ्यो। ढोका झिकिदिएपछि सहर सुरक्षित मानिन्थ्यो।

प्रारम्भिक लेखाइ

जब मानिसहरूले एकअर्कासँग लेनदेन वा व्यापार गर्न थाले, उनीहरूलाई कारोबारको अभिलेख राख्नुपर्ने भयो। विश्वकै पहिलो लेखाइपद्धतिको आविष्कार प्राचीन सुमेरियनहरूले मेसोपोटामियामा करिब पाँच हजार पाँच सय वर्षअगाडि गरेका थिए। पहिलो लेखाइ ढुङ्गाको स्ल्याबमाथि चिह्न कोरेर बनाइएको थियो। पछि लेखनदासहरूले बाँसको कलमबाट स्ल्याबमाथि लेख्न थाले। पहिलो लेखाइ चित्रका रूपमा लेखिएको थियो। प्रत्येक शब्दका लागि एउटा चित्र

▲
लेखनदासले कुन किसानसँग कति भेडा र बाख्राहरू थिए भन्ने रेकर्ड राख्थे । उनी माटोको स्ल्याबमा चेप्टो परेको काठको कुचीले कोरेर निश्चित चिह्न बनाउँथे । जसलाई 'क्युनेइफर्म' भनिन्थ्यो । यसरी रेकर्ड राख्ने कुरा निकै जटिल र ढिलो हुन्थ्यो जुन केही सीमित लेखनदासहरूले मात्र गर्न सक्थे । मानिसहरूसँग सङ्ख्याको रेकर्ड राख्ने अरू उपाय थिएन । त्यसैले उनीहरू आफ्ना हातखुट्टाका औंला गनेर रेकर्ड राख्ने गर्थे ।

चाहिने भएकाले यो लेखाइ निकै ढिलो लेखिन्थ्यो र लेखनदासले दुई हजारओटा भन्दा बढी चिह्न सम्झनुपर्थ्यो ।

बिस्तारै सुमेरियनहरूले चिह्नहरू प्रयोग गरेर लेख्ने पद्धतिको विकास गरे । यो लेखाइ पद्धतिलाई 'क्युनेइफर्म' भनिन्थ्यो । ग्रिक भाषामा यसको अर्थ किलो आकारको कलम हो । कलमको टुप्पोबाट नरम माटोमाथि विभिन्न चिह्नहरू लेखिन्थ्यो । पछि यो लेखाइ पद्धतिलाई अस्सिरिया, बेबिलोन तथा पर्सियाका मानिसहरूले पनि अपनाउन थाले ।

सुरुको लेखाइ ढिलो लेखिन्थ्यो र निकै परिश्रम पर्थ्यो । एकदम कम मानिसले मात्र यो लेख्न र पढ्न सक्थे । शताब्दीयौँसम्म कर तिरेको, सम्पत्तिको विवरण, कारोबारको अभिलेख राख्ने काममा मात्र लेखाइ सीमित रह्यो । कालान्तरमा मानिसहरूले शब्द तथा अक्षरहरू स्वरबाट बनेका हुन्छन् र प्रत्येक स्वरलाई अक्षरबाट देखाउन सकिन्छ भन्ने कुरा थाहा पाए । यो रहस्य सर्वप्रथम भूमध्यसागरको पूर्वी किनारमा बसोवास गर्ने कन्नानाइटहरूले पत्ता लगाएका थिए । उनीहरूले 'सेमाइटिक' नामको लिपिको विकास गरेका थिए । यसपछि विभिन्न लिपिहरू देखा पर्न थाले ।

फोयनिसियनहरूले व्यञ्जन वर्ण मात्र भएको अक्षर चलनमा ल्याएका थिए । ग्रिकहरूले पनि उनीहरूकै अनुसरण गरे तर उनीहरूले आफ्नो अक्षरमा स्वर वर्ण पनि समावेश गरेका थिए । यो नै आधुनिक अक्षरको सुरुआत थियो । चिनियाँहरूले अक्षरको प्रयोग कहिल्यै गरेनन् । उनीहरूको लेखाइमा हजारौँ चिह्नहरू रहेका छन् ।

मानव जीवनमा व्यावहारिक आवश्यकताले गर्दा लेखाइको विकास भएको थियो जुन ठूलो उपलब्धि थियो । वास्तवमा मानव जातिले लेख्न नजानेसम्म इतिहास पनि लेख्न सकिएको थिएन ।

सुरुसुरुका लेखाइहरू माटाका स्ल्याबमा चिह्न बनाई कोरिएका हुन्थे । पछि ती चिह्नहरूका सट्टामा 'क्युनेइफर्म' प्रयोग गर्न थालियो । तल ती दुवै तरिकाले लेखिएका दुईओटा शब्दहरू दिइएका छन् । ▼

प्राचीन इजिप्ट



▲
सिरियाबाट इजिप्टमाथि आक्रमण गर्न आएका हिट्टीहरूमाथि फराओ रामसेस द्वितीय (१२७९-१२१३ इ. पू.) को विजयको स्मृतिमा अबु सिम्बेलमा दुईओटा विशाल मन्दिरहरू निर्माण गरिएको थियो । मन्दिरको बाहिर रामसेस द्वितीय र उनकी रानी नेफरेटरीका बसेका बृहत् मूर्तिहरू रहेका छन् ।

नाइल नदीको वरदान

इजिप्ट अर्थात् मिश्र अफ्रिका महादेशमा पर्छ । यो भूमध्यसागरको दक्षिण-पूर्वी भागमा रहेको छ । यो ठाउँ अति प्राचीन मानव सभ्यताको थलोको रूपमा चिनिन्छ । इजिप्टको सभ्यता नाइल नदीको किनारमा विकसित भएको सभ्यता थियो । लगभग तीन हजार पाँच सय वर्ष लामो इतिहास बोकेको यो सभ्यता वास्तवमा 'नाइल नदीको वरदान' नै थियो । पानी नपर्ने तथा चर्को घामले डढेको यहाँको अति तातो भूमिका लागि नाइल नदीको ज्यादै ठूलो महत्त्व थियो । इजिप्सियनहरूका लागि यो नदी खेती गर्न र विभिन्न भागसम्म पुग्ने प्रमुख जलमार्गसमेत थियो ।

सुरुमा यो क्षेत्र 'उपल्लो इजिप्ट' र 'तल्लो इजिप्ट' का रूपमा दुईओटा राज्यमा बाँडिएको थियो । करिब ३१०० इ. पू. तिर उपल्लो इजिप्टका राजा मेन्सले दुवै राज्यलाई एकीकरण गरी मेम्फिसलाई आफ्नो राजधानी बनाएका थिए ।

फराओ

प्राचीन इजिप्टमा राजालाई 'फराओ' भनिन्थ्यो । फराओको अर्थ 'ठूलो घर' वा 'दरबार' थियो । फराओलाई 'जीवित देवता' मानिन्थ्यो । देवताहरूसँग उनको मात्र सीधा सम्पर्क रहन्छ भन्ने मान्यता थियो ।

प्राचीन इजिप्टको इतिहास मुख्य तीनओटा खण्डमा बाँडिएको छ – पुरानो राज्यकाल, मध्य राज्यकाल र नयाँ राज्यकाल । पुरानो राज्यकाल (२५७५-२१३४ इ. पू.) पिरामिड निर्माणको युगको रूपमा चिनिन्छ । मध्य राज्यकाल (२०४०-१६४० इ. पू.) मा छिमेकी देशहरूसँग इजिप्टको व्यापार निकै फस्टाएको थियो । यो समय इजिप्टले दक्षिणतिर अवस्थित नुबियामाथि कब्जा जमाएको थियो ।

इजिप्टको इतिहासमा नयाँ राज्यकाल (१५६०-१०७० इ. पू.) लाई 'स्वर्णयुग' भनिन्छ । यस समयका शासकहरूले थेब्सलाई आफ्नो नयाँ राजधानी बनाएका थिए । यो ताका उनीहरूले आफ्नो राज्य मध्य-पूर्व एसियासम्म विस्तार गरेका थिए ।

प्राचीन इजिप्टको प्राय: छिमेकी राज्यहरूसँग द्वन्द्व चलिरहन्थ्यो । आफ्ना सेनासहित फराओ नयाँ भूभागमाथि आक्रमण गर्न जान्थे । युद्धबाट उनीहरू असङ्ख्य धनसम्पत्ति र कैदीहरू जितेर फर्कन्थे । अधिकांश कैदीहरू दास बनाइन्थे । युद्धमा जितेर ल्याइएका धनबाट फराओको विजयको स्मृतिमा ठूलठूला मन्दिर तथा मूर्तिहरू निर्माण गरिन्थे ।

फराओ खुफुको विशाल पिरामिड 'महान् समाधिघर' को नाउँबाट विश्वप्रसिद्ध छ । तेह्र एकड जमिन ओगटेको यो पिरामिड १४६ मिटर अग्लो छ । यो पिरामिड तेइस लाखओटा ढुङ्गाका ब्लकहरूबाट बनेको छ र प्रत्येक ब्लकको औसत तौल साढेदुई टन छ । पिरामिडको उत्तरी पाटोमा प्रवेशद्वार छ । पिरामिडको टुप्पोमा सुन र चाँदीको मिश्रणबाट बनेको इलेक्ट्रोम भनिने चमकदार धातुबाट मोडिएको विशेष खालको ब्लक राखिएको छ । भनिन्छ, यो पिरामिड दस हजारजना मानिसले बीस वर्ष लगाएर बनाएका थिए ।





▲
स्फिङ्क्सको विशाल मूर्ति चट्टानलाई काटेर बनाइएको थियो । गिजामा अवस्थित फराओ खाफ्रेको पिरामिडको रक्षार्थ निर्माण गरिएको यस मूर्तिमा मानव शिरधारी सिंहको आकृति देखिन्छ । स्फिङ्क्सको कुल उचाइ ७३ मिटर छ । यसको टाउको २० मिटर अग्लो छ । यसको नाक मात्र उभिएको सिङ्गो मानिस जत्रो छ ।

इजिप्टको वैभवले विदेशी शासकहरूलाई सदा लोभ्याइरह्यो । नयाँ राज्यकालको अन्त्यतिर आइपुग्दासम्म यो सभ्यता निकै कमजोर भइसकेको थियो । फलत: यसलाई क्रमश: अस्सिरियन, ग्रिक तथा पर्सियन शासकहरूले हत्याएका थिए । ग्रिक शासक अलेक्जेन्डरले ३३२ इ. पू. मा पर्सियनहरूलाई परास्त गरी इजिप्टलाई आफ्नो साम्राज्यमा गाभेका थिए । उनको ३३१ इ. पू. मा निधन भएपछि इजिप्टको शासनको बागडोर मेसेडोनियाका जनरल टोलेमीको हातमा गयो । इजिप्टको इतिहासमा अति सुन्दरी तर महत्त्वाकाङ्क्षी रानीका रूपमा प्रख्यात क्लियोपाट्राले ३१ इ. पू. मा आफ्नो रोमन प्रेमी मार्क एन्थोनीसँगै आत्महत्या गरेपछि इजिप्टमाथि रोमनहरूले आधिपत्य जमाए । अन्तत: इस्वी संवत्को सातौँ शताब्दीदेखि इजिप्ट इस्लाम राज्य बन्यो ।

पिरामिड

पिरामिड शब्द ग्रिक शब्द 'पिरामिस' बाट आएको हो । यसको अर्थ 'गहुँको केक' हो । ग्रिकहरूको केक जस्तै इजिप्टका पिरामिडहरू पनि माथि चुच्चो पर्दै गएका कारण ग्रिकहरूले तिनलाई 'पिरामिस' को संज्ञा दिएका थिए । प्राचीन इजिप्टको भाषामा पिरामिडलाई 'मेर' भनिन्थ्यो । मिश्रका पिरामिडहरू विश्वकै आश्चर्यजनक वस्तुका रूपमा मानिन्छन् ।

पुरानो राज्यकालमा 'मृत्युपछि पनि जीवन हुन्छ' भन्ने दर्शनले निकै महत्त्व पाएको थियो । यही दर्शनबाट प्रेरित भएर फराओको मृत्युपछि उनको लासलाई विशेष प्रक्रियाद्वारा नकुहिने उपचार गरी शवबाकसभित्र राखिन्थ्यो । यस्तो लासलाई 'ममी' भनिन्थ्यो ।

शवबाकसलाई समाधिघर अर्थात् पिरामिडभित्र राखिन्थ्यो । मृत फराओले जीवित छँदा प्रयोग गर्ने गरेका सम्पूर्ण सामग्री पनि पिरामिडभित्र राखिन्थ्यो ।

मृत्युपछिको जीवन सुरक्षित पार्नका लागि आफ्नो जीवनकालमा नै फराओ आफ्नो चिहान अर्थात् समाधिघर बनाउन लगाउँथे ।

मृतकको समाधिलाई जतिसक्यो मजबुत र सुरक्षित बनाइन्थ्यो । ईश्वरका अवतार फराओलाई स्वर्ग जान तथा पुन: धरतीमा ओर्लन सुविधा होस् भन्ने हेतुले उनको समाधिघर सकेसम्म विशाल तथा अग्लो बनाइन्थ्यो । यस्ता समाधिघरभित्र रहेका मृतकको ममी कालान्तरमा नष्ट होला भन्ने डरले त्यहाँ कडा ढुङ्गा काटेर बनाइएका उनका प्रतिरूप मूर्तिहरू समेत राखिन्थे । यसो गर्नाले मृत शरीर सड्दै वा बिग्रँदै गए

पनि ढुङ्गाको उनको प्रतिमूर्तिमा मृतक बस्ने छ भन्ने उनीहरूको विश्वास थियो ।

यस्ता पिरामिडहरूमा घुमाउरा बाटाहरू र छद्म ढोकाहरू राखिन्थे । पिरामिडका भित्ताहरू ग्रेनाइट ढुङ्गाबाट बनाइन्थे । मुख्य समाधिस्थलसम्म पुग्ने ढोका झट्ट हेर्दा नदेखिने गरी बाहिरी सतहसँगै जोडेर बनाइन्थ्यो । झन्डै १००० इ. पू. सम्ममा डाँकाहरूले अधिकांश पिरामिडभित्र राखिएका बहुमूल्य जवाहिरातहरू लुटिसकेका थिए ।

हालसम्ममा यस्ता करिब असीओटा जति प्राचीन पिरामिडहरू पत्ता लागेका छन् । यीमध्ये गिजामा रहेका तीनओटा पिरामिडहरू सबैभन्दा बृहत्, सुरक्षित एवम् आश्चर्यजनक मानिन्छन् । गिजाका यी पिरामिडहरू करिब २५५१-२४७२ इ. पू. को अवधिमा बनेका थिए । यी तीनओटा पिरामिडमध्ये पुरानो राज्यकालको प्रारम्भतिर बनेको फराओ खुफुको पिरामिड सबैभन्दा ठूलो छ ।

तुतनखामोनको चिहान

फराओ तुतनखामोन (करिब १३३६-१३२७ इ. पू.) मात्र अठार वर्षको उमेरमै मरेका थिए । सन् १९२२ मा ब्रिटिस पुरातत्त्वविद् हवार्ड कार्टरले उनको चिहान पत्ता लगाएका थिए । यस चिहानमा चारओटा कक्षसहितको समाधिघर रहेका छन् । यहाँ तुतनखामोनको ममीको अतिरिक्त करिब पाँच हजारओटा कलाकृति तथा अन्य मूल्यवान् सामग्रीहरू पाइएका थिए ।

तुतनखामोनको चिहानमा पाइएका सामग्रीहरूले पेरिस, लन्डन, रुस तथा संयुक्त राज्य अमेरिकाको भ्रमण गरिसकेका छन् । तुतनखामोनको शवबाकस हाल कायरो म्युजियमको सङ्कलनमा रहेको छ ।

▲
तुतनखामोनको ममीलाई सुनको मखुन्डोबाट छोपिएको थियो । मखुन्डोलाई अनेक माणिक रत्नहरूबाट सजाइएको थियो । ममीलाई एकभित्र अर्को गर्दै तीनओटा शवबाकसभित्र राखिएको थियो । सबैभन्दा भित्रको बाकस पूरा सुनबाट बनाइएको थियो । तुतनखामोनको पुतलालाई अगाडि फर्काई ठिङ्ग उभ्याइएको छ ।

फराओ तथा उनका भाइभारदारहरू चितुवा र सिंहको सिकार जस्ता खतरनाक खेल खेल्न निकै मन पराउँथे ।

दैनिक जीवन

प्राचीन इजिप्टका मानिसहरू नाइल नदीको किनारका उर्बर माटोमा खेती गर्थे । उनीहरूले सिँचाई गर्न सिकेका थिए । नदीदेखि टाढाका जमिनसम्म पानी लान उनीहरू नहर बनाई खेतसम्म पानी लान्थे । उनीहरूले नदीको पानी तानेर खेतमा हाल्ने विशेष प्रविधि आविष्कार गरेका थिए ।

अधिकांश मानिसहरू कृषक थिए जो वर्षभरि खेतमा काम गरेर अन्न उब्जाउँथे । गहुँ, जौ, फलफूल, तरकारी आदि मुख्य कृषि उत्पादन थियो । सनपाटबाट सुतीकपडा बनाइन्थ्यो । खेत जोत्ने काममा बस्तुभाउको प्रयोग गरिन्थ्यो ।

प्राचीन इजिप्टका मानिसहरू आफ्ना लागि आवश्यक सामानहरू बजारबाट ल्याउँथे । त्यो वेला पैसाको प्रचलन नभएका कारण आफूसँग भएको सामानसँग आफूलाई चाहिने सामान साटासाट गर्ने चलन थियो ।



बाली काट्ने समय निकै महत्त्वपूर्ण मानिन्थ्यो । बाली काट्नुअगाडि लेखनदासहरूले खेतको आकार नाप्थे र सो नापअनुसार कति अन्न उत्पादन हुनुपर्ने हो, त्यसको हिसाब निकाल्थे । खेतबाट उत्पादन गरिएको अनाजमाथि कृषकहरूको मात्र हक लाग्दैनथ्यो ।

इजिप्सियनहरूले दिनानुदिन खेतीपातीका तरिकामा सुधार गर्दै गए । त्यसपछि मानिसहरूले अरू व्यवसाय पनि गर्दै जान थाले । फलस्वरूप इजिप्टको समाजमा ढुङ्गाकर्मी, सिकर्मी, धातुकर्मी, कुमाले, चित्रकार, चर्मकार, जुलाहा, सुनार, लोहार आदि मानिसहरूको सङ्ख्या बढ्न थाल्यो । उनीहरू आफ्नो काममा निकै दक्ष थिए । छोराले बाबुकै पेसा पछ्याउँथ्यो । इजिप्टमा बनेका हस्तकला तथा शिल्पकलाका सामग्रीहरू अरू देशमा पनि निर्यात हुन्थे ।

इजिप्टका घरहरू माटाका इँटाबाट बनाइन्थ्यो । घरको बाहिरी भागमाथि सेतो लिउन लगाइन्थ्यो । घरभित्रका भित्ता चहकिला बुट्टाहरूबाट रङ्गाइन्थ्यो । इजिप्सियनहरू राम्रा ढाँचाका मेच, पलङ आदि फर्निचर बनाउन पनि निपुण थिए । काठको चौकोसमा चोया बुनेर पलङ बनाइथ्यो ।

प्राचीन इजिप्टका मानिसहरूले चित्रात्मक लेखाइपद्धतिको विकास गरेका थिए । यस लेखाइपद्धतिलाई ग्रिकहरूले 'हेइरोग्लिफिक्स' अर्थात् 'पवित्र कुँदाइ' को संज्ञा दिएका थिए । यसबाहेक एक वर्षमा बाह्र महिनाको क्यालेन्डर बनाउन सुरु गर्ने पनि इजिप्सियनहरू नै थिए ।

▼

शिक्षा

फराओ र सम्पन्न परिवारका छोराहरू मात्र स्कुल जान्थे । केटीहरू घरमै बसी आमासँग खाना पकाउने, लुगा सिउने आदि काम सिक्थे । कृषकका छोरा सानैदेखि बाबुसँग खेतीपाती गर्ने तथा बस्तुभाउ चराउने काम सिक्थे ।

केही केटाहरू लेखनदास बन्ने उद्देश्यले शिक्षा हासिल गर्थे । प्राचीन इजिप्टमा लेखनदास हुनु गर्वको कुरो मानिन्थ्यो । आमदानी र प्रतिष्ठा दुवै दृष्टिले लेखनदासको पेसा आकर्षक एवम् महत्त्वपूर्ण मानिन्थ्यो । सहरका विद्यालयहरूमा केटाहरूलाई लेखनदास बन्नका लागि पण्डित तथा सरकारी अधिकृतहरूबाट तालिम दिइन्थ्यो ।

लेखनदास माटाका खपटामा लेख्थे । त्यसवेला यस्ता खपटा लेख्नका लागि सस्ता सामग्री थिए । लेख्नका लागि बाँसको कलम प्रयोग गरिन्थ्यो ।

▼

खण्ड ४

मेसोपोटामिया

सुमेर सभ्यता

मेसोपोटामिया (वर्तमान इराक, सिरिया र टर्की) टिग्रिस र युफ्रेटस दुईओटा नदीहरूको किनारमा विकसित भएको सभ्यता थियो । अत: यसलाई 'दुई नदीबीचको भूभाग' भनिन्छ ।

मेसोपोटामियालाई विश्वकै पहिलो मानव सभ्यता मानिने सुमेर सभ्यताको थलो मानिन्छ । तसर्थ यसलाई 'मानव सभ्यताको प्रारम्भ' पनि भनिन्छ । प्राचीन सुमेरियनहरू टिग्रिस र युफ्रेटस नदीमा आउने बाढीलाई छेक्न बाँधहरू बनाउँथे र ती नदीको पानी पटनी गरी कृषि गर्थे ।

सुमेरियनहरूको पतन (करिब २३७० इ. पू.) पश्चात् अलगअलग समूहमा आएका आक्रमणकारीहरूले नयाँनयाँ नगर-राज्यहरूको स्थापना गर्न थाले । यसपछिका पाँच सय वर्षको अवधि सत्ताका लागि एकअर्काबीच सङ्घर्षको समय थियो ।

जिगुरातको संरचना





▲
करिब १२५० इ. पू. मा बनेको चोगा जान्बिल मेसोपोटामियाको सबैभन्दा ठूलो जिगुरात थियो ।

जिगुरात

प्राचीन सुमेरियनहरूले नगर-राज्यहरूको विकास गरेका थिए । यस्ता नगर-राज्यहरू माटा र इँटाका पर्खालबाट घेरिएका हुन्थे । प्रत्येक नगर-राज्यमा राज्यको संरक्षक देवताको मन्दिर हुन्थ्यो जसलाई जिगुरात भनिन्थ्यो ।

जिगुरातले 'ईश्वरको पहाड' भन्ने अर्थ बुझाउँछ । 'जिगुरात' शब्द अस्सिरियन शब्दबाट लिइएको हो जसको अर्थ हो - 'माथि उठेको' वा 'उँचो' । यसको जगयोजना विशेष गरेर चारकुने र उठान सोझै माथितिर हुन्थ्यो ।

माटा र इँटाबाट बनेका जिगुरातलाई रङ्गीन चमकदार इँटा तथा स्तम्भहरूबाट सजाइन्थ्यो । तहतह पर्दै गएको जिगुरातको टुप्पोमा मन्दिर बनाइन्थ्यो । मन्दिरभित्र मुख्य मूर्ति राखिएको हुन्थ्यो । मेसोपोटामियाका जिगुरातमध्ये बाबेलको मिनार निकै प्रसिद्ध थियो ।

▲

अस्सिरियन शासकहरू सिंहको सिकार गर्न मन पराउँथे । जङ्गली सिंहले मानिस र जनावरहरूलाई खाएर दुःख दिएको खबर पाएपछि राजा र उनका टोली त्यसको सिकार गर्न जान्थे । अस्सिरियन कलाकारहरू सिकारसम्बन्धी घटनाहरूको सुन्दर मूर्तिहरू बनाउँथे ।

बेबिलोन

वर्तमान बगदादको दक्षिणतर्फ बेबिलोन नगर-राज्य अवस्थित थियो । अठारौँ शताब्दी इ. पू. मा राजा हम्मुराबीको नेतृत्वमा मेसोपोटामियामाथि बेबिलोनले कब्जा जमाएको थियो । हम्मुराबीको राज्यकाललाई 'बेबिलोनको स्वर्णयुग' भनिन्छ । उनले राज्यप्रणालीमा थुप्रै सुधार गरेका थिए । उनको 'न्यायसंहिता' निकै प्रख्यात छ जुन राज्यको न्याय तथा सामाजिक व्यवस्थासँग सम्बन्धित थियो । उनको न्याय व्यवस्थाअनुसार महिला र गरिब नागरिकलाई संरक्षण दिइन्थ्यो । खराब काम गर्नेलाई दण्ड दिइन्थ्यो ।

►

करिब ५७५ इ. पू. तिर राजा नेबुचाड्नेज्जरले बेबिलोनको उत्तर प्रवेश मार्गमा इस्टर गेट निर्माण गर्न लगाएका थिए । यो भव्य कलात्मक द्वार बेबिलोनभित्र रहेका आठओटा गोलाकार प्रवेशद्वारमध्ये मुख्य द्वार थियो । प्रेम र युद्धकी देवीको स्मृतिमा बनाइएको यो प्रवेशद्वार १५ मिटर अग्लो थियो । यसका भित्ताहरू नीला चमकदार इँटाहरूबाट सजिएका थिए । ती इँटामाथि साँढे तथा अन्य जनावरका आकृतिहरू कुँदिएका थिए । इस्टर गेटलाई पुनःनिर्माण गरी हाल बर्लिन म्युजियम, जर्मनीको सङ्कलनमा राखिएको छ ।

अस्सिरियनहरू

हम्मुराबीको जीवनको अन्तिम समयतिर मेसोपोटामिया क्षेत्रको उत्तरतिर अवस्थित अस्सिरिया एक शक्तिशाली नगर-राज्यको रूपमा उदाउँदै थियो । हम्मुराबीको निधन (करिब १७५० इ. पू.) भएको झन्डै छ सय वर्षपछि उनले स्थापना गरेको साम्राज्यमाथि अस्सिरियनहरूले आधिपत्य जमाएका थिए । प्रमुख अस्सिरियन देवता असुरको नाउँबाट यसको राजधानीको नामकरण गरिएको थियो ।

अस्सिरिया उत्तरी मेसोपोटामियाको महत्त्वपूर्ण व्यापारिक मार्ग थियो । अनेकौँ वर्षको युद्धपछि अस्सिरियन साम्राज्य पूर्वी मेसोपोटामियासम्म विस्तार भएको थियो । यस साम्राज्यलाई फैलाउनमा सातौँ शताब्दी इ. पू. तिरका राजा असुरबनिपाल द्वितीयको ठूलो देन रहेको थियो । उनले अति कडा एवम् व्यवस्थित राज्यप्रणाली कायम गरेका थिए । आफ्ना अभिलेखहरूमा उनले आफ्नो क्रूरतालाई अति गर्वका साथ वर्णन गरेका छन् ।

निनेवको राजप्रासादको पुस्तकालयमा बीस हजारओटा माटाका फल्याकहरू पाइएका छन् । तिनमा अस्सिरियाको कानुन र इतिहासबारे उल्लेख गरिएका छन् ।

नेबुचाड्नेज्जर

राजा नेबोपोलस्सरको शासनकाल (सातौँ शताब्दी इ. पू.) मा बेबिलोन फेरि शक्तिशाली बन्यो । उनले अस्सिरियनहरूलाई धपाई बेबिलोनको शक्ति आफ्नो हातमा लिएका थिए ।

नेबोपोलस्सरका छोरा नेबुचाड्नेज्जर (६०५-५६२ इ. पू. 'शासनकाल) ले इजिप्सियनहरूसँग युद्ध गरेका थिए । उनले अस्सिरिया र जुडाहमाथि कब्जा जमाएका थिए । उनले अनेकौँ सुन्दर जिगुरात तथा दरबारहरू निर्माण गरेका थिए । इतिहासमा वर्णित विश्वप्रसिद्ध 'बेबिलोनको झुल्ने बगैँचा' पनि उनैले निर्माण गर्न लगाएका थिए । परन्तु पुरातत्त्वविद्हरूले झुल्ने बगैँचाको अवशेष अझै भेट्टाउन सकेका छैनन् । बीसौँ शताब्दीको प्रारम्भतिर गरिएको पुरातात्त्विक उत्खननमा झन्डै १८ कि. मि. लामो वृत्ताकार सहरको पर्खाल भने भेटिएको थियो ।

बेबिलोनलाई चारैतिर पर्खालद्वारा घेरिएको थियो । यो सहर प्रवेश गर्नका लागि आठओटा द्वारहरू रहेका थिए । जसमध्ये इस्टर गेट सर्वाधिक सुन्दर थियो । प्रेम र युद्धकी देवीको स्मृतिमा निर्माण गरिएको यो प्रवेशद्वार १५ मिटर अग्लो थियो । यसका भित्ताहरू चमकदार नीला इँटाबाट बनेका थिए जुन ड्रागन तथा साँढेहरूको कुँदाइबाट अलङ्कृत थियो ।

बेबिलोनवासीहरू खगोल विज्ञानमा निकै रुचि राख्थे । उनीहरूले तारा तथा ग्रहहरूको स्थितिबारे अध्ययन गरेका थिए । उनीहरू पृथ्वीको आकार चेप्टो चक्का जस्तो छ भन्ने ठान्थे ।

बेबिलोनका गणितज्ञहरूले पहिलो पटक एक दिनलाई २४ घण्टा, १ घण्टालाई ६० मिनेट र १ मिनेटलाई ६० सेकेन्डमा विभाजन गरेका थिए ।

▼

खण्ड ५

माइनोअन क्रिट

ब्रिटिस पुरातत्त्वविद् सर अर्थर इभान्सले सन् १९०० मा माइनोअन क्रिट क्षेत्रमा नोस्सोस भन्ने ठाउँमा भव्य दरबारको भग्नावशेष पत्ता लगाएका थिए । यसअगाडि माइनोअन क्रिट क्षेत्रबारे थोरै मात्र जानकारी प्राप्त थियो । यहाँ अरू चारओटा दरबारका भग्नावशेष, थुप्रै खरखजाना, भित्तिचित्र तथा माटाका पाटीहरू पाइएका थिए ।

पुरातत्त्वविद्हरूले त्यहाँका राजा मिनोस को नाउँबाट त्यस क्षेत्रका मानिसहरूलाई माइनोअन संज्ञा दिएका हुन् ।

माइनोअनहरू करिब ६००० इ. पू. मा क्रिट आएको अनुमान गरिएको छ । करिब २००० इ. पू. तिर उनीहरूले यहाँ दरबारहरू निर्माण गर्न थालेका थिए । उनीहरू भूमध्यसागरको सेरोफेरोमा व्यापार गर्थे ।



▲

माइनोअन पुरुष तथा महिलाहरू साँढेमाथि चढ्ने खतरनाक खेल खेल्थे । यस खेलमा उनीहरू साँढेका सिङ समातेर हावामा पल्टाबाजी खेलेर साँढेको पिठ्युँमा बस्ने प्रयास गर्थे ।

नोस्सोस उनीहरूको सबैभन्दा ठूलो सहर थियो । यो सहर उन्नतिको चुलीमा पुग्दा यहाँ करिब एक लाख मानिसहरू बस्थे । यहाँका अधिकांश मानिस कालिगढ थिए । उनीहरू भाँडाकुँडा, गरगहना र धातुका सामग्रीहरू बनाउन सिपालु थिए ।

क्रिट क्षेत्रमा युद्धसम्बन्धी कुनै सङ्केत नपाइनुले माइनोअनहरूको जनजीवन शान्तिपूर्ण नै थियो भन्ने अनुमान गर्न सकिन्छ ।

यी माइनोअनहरू कसरी समाप्त भए होलान् ? करिब १४५० इ. पू. मा थेरा भन्ने टापुको ज्वालामुखी विष्फोटबाट क्रिट टापु पुरै ढाकियो र सम्भवत: त्यससँगै माइनोअनहरूको पनि समूल विनाश भयो ।



◄

सम्पन्न माइनोअन महिला र पुरुष, पृष्ठभूमिमा माइनोनहरूको दरबार

धातुयुगमा युरोप

करिब ५००० इ. पू. देखि युरोपमा तामा र सुनबाट सामानहरू बनाइन थाले । यी धातु नरम भएकाले गरगहना र अन्य कलाकृति बनाउन सजिलो थियो तर औजार वा हातहतियार बनाउनका लागि भने उपयुक्त थिएनन् । करिब २३०० इ. पू. तिर आएर अरू धातु (जस्तै : टिन आदि) मिसाएर तामालाई कडा र बलियो बनाउन सकिन्छ भन्ने पत्ता लागेपछि युरोपमा धातुयुगको सूत्रपात भयो । करिब १२०० इ. पू. सम्म आइपुग्दा युरोपमा काँसको व्यापक प्रयोग हुन थालिसकेको थियो ।

करिब १५०० इ. पू. तिर आएर युरोपका समुदायहरूमा नेताहरू देखा पर्न थालिसकेका थिए । यी नेताहरू प्राचीन विश्वको अन्य भागका राजामहाराजा जस्तै कुनै दैवी शक्ति भएका वा विशिष्ट थिएनन् । उनीहरू पनि साधारण कृषक वा कालिगढहरू जस्तै जीवनयापन गर्थे । तथापि यी नेताहरू आफ्नो विशिष्ट पहिचानका लागि सुनबाट सिँगारिएका भड्किला लुगा लगाउँथे । उनीहरू आफ्नो योद्धा चरित्र प्रदर्शन गर्नका लागि धातुका दामी हतियार बोक्थे । कुनै नेताको मृत्युपछि चिहानमा उनीसँगै उनका लुगा, हतियार आदि पनि गाड्ने चलन थियो ।



► *करिब १५०० इ. पू. तिरको कृषक समुदाय त्यस वेलाका कृषकहरू खेत जोत्नका लागि साधारण हलो र गोरुको प्रयोग गर्थे । उनीहरू काठ चिर्न र कपडा बुन्न जानिसकेका थिए । उनीहरू आफ्ना कृषि उत्पादनहरूसँग धातुका सामानहरू साट्थे ।*

प्रारम्भका केही युरोपियन धातुकर्मीहरूको समुदाय किल्लाभित्र बस्थे । तिनका नेता बस्तीको मध्य भागमा बनेका अग्ला बारबाट घेरिएको ठाउँमा बस्थे । धातुकर्मीहरूको ज्यासल प्राय: किल्लाभित्र हुन्थ्यो भने कृषकहरू किल्लाबाहिर साधारण छाप्रोमा बस्थे ।

करिब १२५० इ. पू. मा आएर तरबार तथा टाउकोमा लगाउने टोप निकै प्रचलनमा आइसकेको थियो ।

यस समयसम्ममा धातु शिल्पले निकै प्रगति गरिसकेको थियो । कवच र ढालका अतिरिक्त युरोपभरि नयाँनयाँ हतियारहरू प्रचलनमा आइसकेका थिए । धातुका गरगहना तथा सामानहरू समाजका धनीमानीहरूमा मात्र सीमित नरही जनसाधारणमा पनि निकै लोकप्रिय भइसकेका थिए । धातुको व्यापार निकै फस्टाउनाले युरापका समुदायका नेताहरू धनी हुँदै गइरहेका थिए ।

▲
धातुयुगको युरोपको एक गाउँ

ढुङ्गाका स्मारकहरू

करिब २००० इ. पू. तिर युरोपका मानिसहरूले ठूलठूला ढुङ्गाका स्मारकहरू बनाउन थालेका थिए । 'स्टोनहेन्ज' भनिने यस्ता स्मारकहरू धार्मिक उद्देश्यले बनाइन्थे । दक्षिण इङ्ल्यान्डको सालिसबरी मैदानमा रहेको स्टोनहेन्ज आश्चर्यजनक मानिन्छ । यी ढुङ्गाहरू मुढामाथि राखी डोरीले तानेर ओसारिएका थिए । गहिरो खाल्डो खनी त्यसमाथि ती ढुङ्गाहरू ठड्याइएका थिए । एकथरीका विद्वानहरूको भनाइमा यो ठाउँ त्यस वेलाका खगोलशास्त्रीहरूको सूर्य र चन्द्रमाबारे अध्ययन गर्ने थलो थियो ।
▼



प्राचीन ग्रिस

भूमध्यसागरमा इटली र टर्कीबीच ग्रिस अवस्थित छ । कुनै समय एक शक्तिशाली राज्यको रूपमा यसले दक्षिण इटली, सिसली, सार्डिनिया र टर्कीको समुद्री किनारसम्म आफ्नो प्रभुत्व जमाएको थियो ।

प्राचीन ग्रिसको इतिहास माइसेनेयनहरूबाट प्रारम्भ हुन्छ (२०००-१४०० इ. पू.) । यिनीहरू लडाकु जाति थिए । यिनीहरूले ग्रिसमा शक्तिशाली एवम् समृद्धशाली सभ्यताको जग बसालेका थिए ।

ग्रिसमा सुरुका मानिसहरू ढुङ्गाका साधारण घरमा बस्थे र खेती गर्थे । यिनै पछि गएर माइसेनेयन नाउँबाट चिनिन थाले । यिनीहरू भूमध्यसागर क्षेत्रमा व्यापार गर्थे । क्रिटको माइनोअन सभ्यता (१६००-११०० इ. पू.) सँग उनीहरूको सम्पर्क हुन गयो । उनीहरूले माइनोअनहरूबाट थुप्रै कुराहरू सिकेका थिए । शिल्पकलासम्बन्धी काममा माइनोअनहरू निकै दक्ष थिए ।

माइसेनेयनहरू लडाकु प्रवृत्तिका थिए । उनीहरू बलिष्ठ पर्खालबाट घेरिएका दरबारभित्र बस्थे ।

माइसेनेयनहरूपछिको समय (११००-७५० इ. पू.) युद्धको समय थियो जुन अन्धकार युगको नाउँबाट चिनिन्छ ।

करिब ८०० इ. पू. तिर उत्तर तथा पूर्वी युरोपबाट आएका डोरियनहरूले यस क्षेत्रमा आफ्नो आधिपत्य जमाएका थिए । केही मानवशास्त्रीहरूका अनुसार यी डोरियन आक्रमणकारीहरू पूर्वबाट आएका इन्डो-आर्य जातिका हाँगा थिए भने कसैको रायअनुसार ती उत्तरी युरोपबाट आएका फिरन्ते जाति थिए । यिनै नवआगन्तुक जाति ग्रिक भनेर चिनिन्छन् ।

ग्रिकहरू आफूलाई पौराणिक यात्री हेलेनको नामबाट 'हेलेन्स' भन्थे । तथापि रोमनहरू भने उनीहरूलाई 'ग्रिक' भनी सम्बोधन गर्थे । उनीहरू बसेको ठाउँलाई 'हेलास' भनिन्थ्यो । उनीहरूको कलालाई 'हेलेनिक आर्ट' भनिन्थ्यो ।

►
ग्रिक चित्रकलाका अधिकांश नमुनाहरू हाल उपलब्ध छैनन् तर माटाका घडा तथा पात्रहरूमा चित्रकारी गरिएका भाँडाकुँडाहरू प्रशस्त पाइएका छन् । यी भाँडाकुडामा गरिएका चित्रकारीमा युद्ध र योद्धाहरू, देवता, सामान्य नरनारीहरू आदिका आकृतिहरू देख्न सकिन्छ ।

ग्रिक समाजमा तेह्र वर्षदेखि चौध वर्षको उमेरमा केटीहरूको विवाह आफूभन्दा दोब्बर उमेरका केटासँग हुन्थ्यो । घरायसी व्यवहारको हर्ताकर्ता महिला नै हुन्थे । परन्तु महिलालाई भोट हाल्ने र राजनीतिमा भाग लिने अधिकार भने थिएन ।



ग्रिकहरूले कला, साहित्य, दर्शन तथा विज्ञानको क्षेत्रमा अद्वितीय विकास गरेका थिए । वास्तवमा पाश्चात्य सांस्कृतिक परम्पराको जग हाल्ने काम ग्रिकहरूले गरेका थिए ।

झन्डै ५००-३३६ इ. पू. को अवधिसम्म ग्रिसको कुनै राष्ट्रिय सिमाना थिएन । यो अनेकौं स-साना स्वतन्त्र नगर-राज्यहरूमा बाँडिएको थियो । एथेन्स, स्पार्टा, ओलम्पिया आदि ग्रिसका महत्त्वपूर्ण केन्द्रहरू थिए । प्रारम्भमा ग्रिसमा राजतन्त्र थियो । पाँचौं शताब्दी इ. पू. तिर आएर एथेन्सका नागरिकहरूले राजतन्त्रलाई मन पराउन छाडे । फलत: स्वतन्त्र नगर-राज्यहरूको स्थापना हुन थाल्यो । नगर-राज्यलाई 'पोलिस' भनिन्थ्यो । ग्रिकहरूको पोलिसलाई आधुनिक लोकतन्त्रको आधारशिला मानिन्छ । प्राचीन भूमध्यसागर क्षेत्रको संस्कृतिअनुसार ग्रिकहरूमा पनि दासहरूको किनबेच गर्ने प्रथा थियो ।

देवीदेवताहरू

ग्रिकहरू अनेक देवीदेवताको आराधना गर्थे । उनीहरूका देवीदेवताहरू मानव स्वरूपका हुन्थे तर ती अलौकिक शक्तिले युक्त थिए । ग्रिकहरूको मान्यताअनुसार ती देवीदेवताहरू ओलम्पस पहाडमा बस्थे ।

देवता जियस सम्पूर्ण देवताका पनि देवता थिए । उनकी पत्नी हेरा थिइन् । अफ्रोडाइट (प्रेमकी देवी), अपोलो (सूर्य देवता), एर्स (युद्धको देवता), एथेना (बुद्धिकी देवी) आदि अन्य महत्त्वपूर्ण देवीदेवताहरू थिए ।

ग्रिकहरू आफ्ना आराध्य देवीदेवताका लागि मन्दिर बनाउँथे र तिनलाई भोजन, मदिरा आदि चढाउँथे । कहिलेकाहीँ जनावरहरूको बलि पनि चढाउँथे ।

ग्रिकहरू आफ्ना आराध्य देवताहरूको सम्मानमा खेलकुद प्रतियोगिताहरूको आयोजना गर्थे । यी खेल आयोजनाहरू कोरिन्थ, डेल्फी तथा ओलिम्पियामा हुन्थे । तीमध्ये प्रत्येक चार वर्षमा ओलिम्पियामा आयोजना हुने खेल महोत्सव सर्वाधिक प्रख्यात थियो । ओलिम्पियाबाट नै ओलिम्पिक्स खेल महोत्सवको सुरुआत भएको थियो । यो खेल महोत्सवको आयोजना देवता जियसको सम्मानमा गरिन्थ्यो । पहिलो ओलम्पिक खेल महोत्सवको आयोजना ७७६ इ. पू. मा भएको थियो ।

▲
खेलाडीहरूलाई सुरक्षितपूर्वक यात्रा गर्न सुगम होस् भन्ने अभिप्रायले ओलम्पिक खेल महोत्सवको अवधिभर ग्रिक सिमानाभित्र चलिरहेका सम्पूर्ण युद्धहरू रोकिन्थ्यो ।

युद्ध व्यवस्थापन

एथेन्स र स्पार्टा शक्तिशाली नगर-राज्यहरू थिए । यी दुई नगरबीच बराबर युद्ध चलिरहन्थ्यो । शिक्षा, कला र युद्धप्रति दुई नगरका मानिसहरूको विचार फरक थियो ।

यथेन्स र अन्य नगर-राज्यहरूमा लोकतान्त्रिक व्यवस्था थियो । ती राज्यहरूमा पुरुष नागरिकहरू भोट हालेर आफ्ना प्रतिनिधि छान्थे । केटाकेटीहरूलाई कला र विज्ञानको शिक्षामा जोड दिन्थे ।

करिब ५०० इ. पू. सम्ममा ग्रिसका प्रत्येक नगर-राज्यको आ-आफ्नो सेना भइसकेको थियो । यीमध्ये सबैभन्दा शक्तिशाली सेना स्पार्टाको थियो । स्पार्टामा सैनिक शासन थियो । त्यहाँ केटाहरूलाई सात वर्षको उमेरमै सैन्य क्याम्पमा पठाइन्थ्यो । केटीहरूलाई पनि शारीरिक व्यायाम र युद्ध कौशल सिकाइन्थ्यो ।

प्राचीन ग्रिकहरूका लागि समुद्र व्यापारिक मार्गबाहेक युद्ध क्षेत्र पनि थियो । उनीहरू युद्धका लागि विशेष जहाजहरू बनाउँथे । यस्तो एउटा लडाकु जहाजमा १७० जनासम्म नाविकहरू हुन्थे । ती नाविकहरू तीन तहमा बसी अति द्रुत गतिमा जहाज चलाउँथे ।

▼



सेनामा राख्नका लागि एथेन्समा युवाहरूलाई दुई वर्षसम्म तालिम दिइन्थ्यो । युद्धको वेला उनीहरूलाई बोलाइन्थ्यो । स्पार्टामा चाहिँ स्थायी सैन्य दस्ताहरू हुन्थे, जो हरदम युद्धका लागि तयार रहन्थे ।

एथेन्स

ग्रिसको शास्त्रीय काललाई हेलेनिक काल पनि भनिन्छ । यस समयमा ग्रिसले कला, दर्शन र विज्ञानको क्षेत्रमा ठूलो उन्नति गरेको थियो । विचारक एवम् कलाकारहरूका लागि त्यस वेलाको एथेन्स नगरी स्वर्ग नै थियो । यो सहर ४८० इ. पू. मा पर्सियनहरूले ध्वस्त पारेका थिए । ग्रिकहरूले यसलाई पुन:निर्माण गरी अझ भव्य रूप दिएका थिए ।

एथेन्सका नागरिकहरू भोट हालेर आफ्ना नेता चुन्थे । सबै नागरिकहरू नगर-सभाका सदस्य हुन्थे र नगर-सभाको बैठक हप्तामा एक पल्ट बस्थ्यो । नगर-सभाको सञ्चालन पाँच सय जनाको परिषद्ले गर्थ्यो, जो चिठ्ठा हालेर छानिन्थे ।

▲

स्पार्टा नगर-राज्यको थल सेनाका सैनिकहरू छोटो ट्युनिकमाथि सुरक्षा कवच लगाउँथे । उनीहरू ढाल बोक्थे । भाला र तरबारले युद्ध गर्थे ।

►

पार्थेनोन मन्दिर

एथेन्सको पार्थेनोनको निर्माण ४३२ इ. पू. मा सम्पन्न भएको थियो । यसका प्रमुख वास्तुकारहरू इक्टिनस र काल्लिक्रेट्स थिए । मन्दिरका रिलिफ मूर्तिहरू प्रख्यात मूर्तिकार फिडिअसको नेतृत्वमा बनेका थिए । पार्थेनोन मन्दिर सिङ्गमरमरका ब्लकहरू काटेर बनाइएको छ । यो ३३.८ मिटर अग्लो र ७२.२ मिटर लामो छ । मन्दिरको मुख्य कक्षभित्र एथेना पार्थेनोसको विशाल मूर्ति अवस्थित थियो । काठबाट बनेको यो प्रतिमा सुन तथा हस्तिहाडबाट मोरिएको थियो । करिब १२ मिटर अग्लो भनिएको यो मूर्ति निकै पहिला नै हराइसकेको थियो ।

►
ओस्ट्राका

ग्रिसका जनता सरकारको कुनै सदस्यदेखि असन्तुष्ट भए भने उनलाई हटाई अर्को व्यक्ति चुन्थे । एथेन्सका नागरिकहरू भ्रष्ट तथा दुराचारी राजनीतिज्ञहरूको नाम माटाका भाँडाको फुटेको खबटोमा लेख्थे । त्यस्तो माटामा लेखिएका टुक्रालाई ओस्ट्राका भनिन्थ्यो । यदि अधिकांश जनताले ओस्ट्राका बुझाएको खण्डमा त्यस्ता राजनीतिज्ञहरू पदच्युत गरिन्थे ।

ग्रिकहरू नागरिकको वाक स्वतन्त्रतालाई महत्त्व दिन्थे । तसर्थ अधिकांश ग्रिक सहरमा ठूलो चोक हुन्थ्यो, जहाँ नागरिक-सभा र राजनीतिक भाषण गरिन्थ्यो । यस्ता चोकलाई अगोरा भनिन्थ्यो ।

शास्त्रीय काल ग्रिस र पर्सियाबीच द्वन्द्वको पनि समय थियो । यसै कालमा एथेन्सका अति प्रभावशाली सैनिक जनरल पेरिकल्सले एथेन्समा प्रजातान्त्रिक प्रणालीको विकास गरेका थिए । पेरिकल्सकै सक्रियतामा यस ताका एक्रोपोलिसमा विश्वप्रसिद्ध पार्थेनोन मन्दिरको निर्माण भएको थियो । सिङ्गमरमरले बनेको यो मन्दिर देवी एथेनाको स्मृतिमा निर्माण गरिएको थियो ।

साहित्य तथा ज्ञान-विज्ञान

ग्रिकहरू कला र साहित्यका अनुरागी थिए । उनीहरूले प्रयोग गर्ने भाँडाकुँडामा दैनिक जीवनसम्बन्धी दृश्यहरू चित्रण गरिएका हुन्थे ।

►
'भिक्टोरी अफ सामोथ्रेस' ग्रिक मूर्तिकलाको एक अति उत्कृष्ट नमुनाको रूपमा विश्वप्रसिद्ध छ । यस मूर्तिमा युद्धमा विजय प्राप्त गरेपछि गौरवपूर्वक उभिएकी देवीको आकृति देख्न सकिन्छ । अहिल मूर्तिको शिर नष्ट भइसकेको छ । करिब १९० इ. पू. मा सिङ्गमरमरमा बनेको २.४४ मिटर अग्लो यो मूर्ति हाल लुभ्र सङ्ग्रहालय, पेरिसको सङ्कलनमा रहेको छ ।

मूर्तिकारहरू सुन्दर मूर्तिहरू रचना गर्थे । सोक्रेट्स, प्लाटो, एरिस्टोटल जस्ता दार्शनिकहरू आफ्ना तर्क र दर्शनहरू लेख्थे । नाटककारहरू नाटक लेखी मञ्चन गर्थे । महान् कवि होमरले ओडिसे र इलियाड जस्ता महाकाव्य लेखेका थिए । पाइथागोरस, आर्किमिडिज आदि वैज्ञानिकहरूले गणित र विज्ञानसम्बन्धी महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेका थिए ।

ग्रिक जनजीवनमा मनोरञ्जनका लागि नाटक लोकप्रिय माध्यम थियो । प्रत्येक ठूलो सहरमा नाटक मञ्चनका लागि थियटर हुन्थ्यो । आइसिलस, युरिपाइड्स र सोफोकल्स त्यस वेलाका प्रख्यात नाटककार थिए ।



एम्पिथिएटरमा नाटकका पात्रले आफ्नो चरित्रअनुसार माटाका मखुन्डो लगाएर अभिनय गर्थे जसले गर्दा थिएटरको टुप्पोमा बस्ने दर्शकले पनि पात्रको चरित्र चिन्न सक्थे । आजसम्म पनि यस्ता मखुन्डा नाटकघरका प्रतिक मानिन्छन् । ▼

▲

नाटकघरको चलन ग्रिसबाट आएको हो । ती नाटकघर खुला आकाशमुनि हुन्थे । त्यहाँ ढुङ्गाका मेचमा दर्शकहरू अर्धगोलाकार लाइनमा बस्थे । यस्ता नाटकघरलाई एम्पिथिएटर भनिन्थ्यो । एम्पिथिएटर प्राय: डाँडाका छेउहरू काटेर बनाइन्थ्यो । थिएटरमा कलाकारले बोलेको आवाज सबै दर्शकले राम्रो सुन्न सक्ने किसिमले निकै युक्ति पुऱ्याएर ध्वनि व्यवस्था मिलाइएको हुन्थ्यो ।

हिपोक्र्याटिक शपथ

आधुनिक औषधी विज्ञानको उद्‌गम पनि प्राचीन ग्रिस नै मानिन्छ । सांस्कृतिक युगमा हिपोक्रेट्स नामका व्यक्तिले ग्रिक टापु कोसमा औषधी विज्ञान स्कुल स्थापना गरेका थिए । त्यहाँ बिरामीलाई जाँचेर रोग पत्ता लगाइन्थ्यो । चिकित्सकहरूले आफ्नो कर्तव्य र जिम्मेवारी इमानदारी एवम् निष्ठापूर्वक पालन गर्नेछु भनी 'हिपोक्र्याटिक शपथ' लिनुपर्थ्यो । आजसम्म पनि चिकित्सकहरूले यो शपथ ग्रहण गर्नुपर्छ ।

अलेक्जेन्डर

अलेक्जेन्डर ग्रिसको उत्तरी सीमामा रहेको पहाडी प्रदेश मेसेडोनियाबाट आएका थिए । उनका बुबा फिलिप ३५९ इ. पू. मा मेसेडोनियाका राजा बनेका थिए । उनले सम्पूर्ण ग्रिसलाई एकीकरण गरी आफ्नो नियन्त्रणमा लिएका थिए । उनको निधन (३३६ इ. पू.) हुँदा अलेक्जेन्डर बीस वर्षको ठिटो थिए । उनी बहादुर एवम् कुशल सैनिक थिए । उनको एक मात्र स्वार्थ भनेकै ग्रिसलाई एक शक्तिशाली साम्राज्यको रूपमा खडा गर्नु थियो ।

अलेक्जेन्डरले जीवनको पहिलो युद्ध ग्रिकहरूको पुरानो शत्रु पर्सियनहरूसँग लडेका थिए । उनले पर्सियाका राजा डरस तृतीयलाई पराजित (३३४ इ. पू.) गरेका थिए । पर्सियन साम्राज्यलाई ग्रिसको नियन्त्रणमा ल्याइसकेपछि फोएनिसियन सहर टाइर र त्यसपछि इजिप्टतर्फ लम्केका थिए । उनले बेबिलोन, सुसा र पर्सियन राजाहरूको दरबारमाथि कब्जा जमाएका

थिए । पूर्वी पर्सियन साम्राज्यमा तीन वर्ष बसी उनी ३२६ इ. पू. मा उत्तर भारतमाथि आफ्नो आधिपत्य जमाउने अभियानमा त्यसतर्फ लागेका थिए ।

त्यतिन्जेलसम्ममा अलेक्जेन्डर र उनका सेना हिँडेको एघार वर्ष भइसकेको थियो । उनी भारतको अझ भित्र घुस्न चाहन्थे तर उनका सिपाहीहरू थाकिसकेका थिए र घर फर्कन चाहन्थे । ग्रिस फर्कने क्रममा अलेक्जेन्डरको मृत्यु (३२३ इ. पू.) भयो । त्यो वेला उनी मात्र बत्तीस वर्ष उमेरका थिए ।

उनको अप्रत्याशित मृत्युका कारण आफूले खडा गरेको त्यत्रो विशाल साम्राज्यलाई कसरी व्यवस्थित गर्ने भन्नेबारे सोच्न पाएनन् । अन्ततः ती भूभाग मेसेडोनिया, पर्सिया र इजिप्ट गरी तीन भागमा विभाजन भयो । ती प्रत्येक क्षेत्रमा एकएक जना ग्रिक जनरलको नेतृत्व रहने व्यवस्था गरिएको थियो ।

अलेक्जेन्डर अति साहसी योद्धा थिए । राज्य विस्तार गर्ने महत्त्वाकाङ्क्षासहित तीस हजार थल सेना र पाँच हजार घोडचढी सेनाका साथ उनले आफ्नो सैनिक अभियान सुरु गरेका थिए । ग्रिक साम्राज्य विस्तार गर्ने क्रममा उनले निरन्तर एघार वर्ष युद्धमा बिताएका थिए । उनी उत्तर भारतसम्म पुगेका थिए । ३२६ इ. पू. मा भारतका राजा पुरुसँगको युद्धमा उनको घोडा बुकेफलोस पनि मारियो । त्यसपछि उनका सैनिकहरू अगाडि बढ्न मानेनन् । ▼



◄ *ग्रिक साम्राज्य विस्तार गर्ने आफ्नो अभियानको क्रममा अलेक्जेन्डर र उनको सेना हिँडेको बाटो*

उनको साम्राज्यका हर्तकर्ताहरू सेल्युकस, लाइसिमाकस, कास्सान्डर तथा टोलेमी थिए ।

अलेक्जेन्डरको मृत्युपछि ग्रिस कमजोर हुँदै गयो र बिस्तारै यसमाथि रोमनहरूले कब्जा जमाउँदै गए । अलेक्जेन्डरको मृत्यु र ग्रिक साम्राज्यमाथि रोमनहरूको विजयको समयलाई हेलेनिस्टिक काल भनिन्छ । हेलेनिस्टिक काल वैज्ञानिक आविष्कारहरूको युग थियो । त्यति वेला इजिप्टको अलेक्जेन्ड्रिया सहर ज्ञान आर्जनको केन्द्र थियो । अनेकौं कवि तथा विद्वान्हरू अध्ययनका लागि यहाँ आउँथे । पाइथोगोरस र युक्लिड जस्ता गणितज्ञहरूले ज्यामितिका सिद्धान्तहरू यहीँ प्रतिपादन गरेका थिए ।

▲ *'भेनस द मिलो' अर्थात् प्रेम र सौन्दर्यकी देवीको मूर्ति ग्रिसको सानो टापु मिलोमा प्राप्त भएको थियो । त्यसैले यसलाई 'मिलोकी भेनस' भनिएको हो । यस मूर्तिको दुवै हात टुटेका छन् । यो मूर्ति उत्कृष्ट ग्रिक मूर्तिमध्ये एक मानिन्छ ।*

▲ *इस्वीको दोस्रो शताब्दीमा इजिप्टको अलेक्जेन्ड्रियामा क्लाउडियस टोलेमी नामका ज्योतिष थिए । ग्रिसका दार्शनिक अरिस्टोटल जस्तै उनी पनि सूर्य र अरू ग्रह पृथ्वी वरिपरि घुम्छन् भन्ने गलत सोचाइमा थिए ।*

प्राचीन रोम

वर्तमान इटलीको राजधानी रोम प्राचीन कालमा एक शक्तिशाली राज्य थियो । रोमनहरूले निकै ठूलो साम्राज्य खडा गरेका थिए । इस्वी संवत्को पहिलो शताब्दीसम्ममा रोमन साम्राज्य पूर्वमा आर्मेनिया र मेसोपोटामिया, पश्चिममा आइबेरियन प्रायद्वीप, दक्षिणमा इजिप्ट तथा उत्तरमा बेलायती टापुहरूसम्म विस्तार भइसकेको थियो ।

उत्तरी एसियाबाट आएका मानिसहरूको समूहले २०००-१००० इ. पू. को अवधिबीच इटलीमा बसोवास गर्न सुरु गरेका थिए । यीमध्ये एक समूह टाइबर नदीको छेउमा बस्थे र ल्याटिन भाषा बोल्थे । कालान्तरमा उनीहरूको बस्ती रोम सहर बन्यो ।

किंवदन्तीअनुसार रोमुलस र रेमस नामका दुईजना जुम्ल्याहा दाजुभाइले २१ अप्रिल, ७५३ इ. पू. का दिन रोमको स्थापना गरेका थिए ।

रोमन सेना

रोमन सैनिकहरूलाई उच्चस्तरीय तालिम दिइन्थ्यो । सेनालाई छ हजार पैदल सैनिकको एक टुकडीमा विभाजन गरिन्थ्यो । एक टुकडीमा दस जत्था र प्रत्येक जत्थामा सय-सय जनाको छओटा कम्पनी हुन्थे । प्रत्येक टुकडीमा सात सयजना घोडचढी सैनिकहरू पनि हुन्थे । रोमन सैनिकले फलामको टोप, छालाको लुगा ऊनी भोटोमाथि फलामको कवच लगाउँथे । सैनिकले ढाल, तरबार, छुरा, भाला आदि हतियारहरू तथा आवश्यक अरू सामान (जस्तै : खाना पकाउने भाँडाकुँडा, कम्बल आदि) सबै आफैँले बोक्नुपर्थ्यो । सैनिकहरूले दिनको कम्तीमा ३० कि. मि. हिँड्नुपर्थ्यो ।

रोमुलस रोमको पहिलो राजा बनेका थिए । उनले प्यालाटाइन पहाडमा रोम सहर बसालेका थिए । भनिन्छ, रोमुलसले आठौँ शताब्दी इ. पू. को उत्तरार्द्धसम्म रोममा शासन गरेका थिए । उनीपछि छजना राजाहरूको क्रम आउँछ । अन्ततः ५०९ इ. पू. मा रोमनहरूले राजालाई हटाउँदै रोमको इतिहासमा गणतन्त्रको स्थापना गरेका थिए ।

◄ *रोमन कन्सुल मार्क एन्थोनी र इजिप्टकी रानी क्लियोप्याट्राबीच प्रेम थियो । जुलियस सिजरका भतिजो ओक्टावियनले एन्थोनी र क्लियोप्याट्रा विरुद्ध युद्धको घोषणा गरे । अन्ततः ३१ इ. पू. मा एन्थोनी पराजित भए र उनले आफ्नी प्रेमिका क्लियोप्याट्रासहित आत्महत्या गरे । त्यसपछि ओक्टावियन रोमको पहिलो बादशाह भए (२७ इ. पू.) र उनको नाम सम्राट् अगस्टस रहन गयो ।*

रोमन गणतन्त्र

रोममा गणतन्त्रात्मक राज्यप्रणाली झन्डै पाँच सय वर्षको अवधिसम्म (५०९-२७ इ. पू.) कायम रहेको थियो । रोमनहरू सिनेट अर्थात् व्यवस्थापिका-सभामार्फत आफ्ना नगरहरूको राज्यव्यवस्था सञ्चालन गर्थे ।

रोमनहरू राज्य सञ्चालनका लागि केही अधिकारीहरूलाई चुन्थे । यी अधिकारीलाई मजिस्ट्रेट भनिन्थे । तीमध्ये दुईजना कन्सुलमा चुनिन्थे । ती दुईबीचको आपसी समझदारीमा रोमको राज्य व्यवस्था सञ्चालन हुन्थ्यो । अधिकांश मजिस्ट्रेटहरू सिनेटको पनि सदस्य हुन्थे ।

रोमन समाजमा चार वर्गका नागरिक हुन्थे । सबैभन्दा तल दासहरू हुन्थे । यी दासहरू तिनका मालिकका अधीनमा रहन्थे र उनीहरूसँग कुनै अधिकार हुँदैनथ्यो । दासभन्दा माथिल्लो तहमा जनसाधारण हुन्थे । दोस्रो तहको उच्च तथा सम्पन्न वर्गका नागरिकहरूमा घोडचढीहरू अर्थात् सैनिकहरू हुन्थे । सबैभन्दा उच्च वर्गका व्यक्तिहरूलाई सम्भ्रान्त भनिन्थ्यो । राज्यको वास्तविक शक्ति यिनै सम्भ्रान्तहरूको हातमा रहन्थ्यो । यी सम्भ्रान्तहरू व्यवस्थापिका-सभामार्फत नगरहरूको शासन चलाउँथे ।



◄ *जुलियस सिजरले रोमन साम्राज्यलाई निकै विस्तार गरेका थिए । आफ्नो सैनिक अभियानका क्रममा उनी इजिप्टसम्म पुगेका थिए जहाँ उनको भेट त्यस वेलाकी प्रख्यात सुन्दरी तथा इजिप्टकी महारानी क्लियोपाट्रासँग भएको थियो । उनी वर्तमान फ्रान्समा पर्ने दक्षिण गउलको गभर्नर बनेका थिए । उनले उत्तरी गउललाई पनि रोमन राज्यमा गाभेका थिए । उनको बढ्दो शक्ति नै उनको हत्या (४४ इ. पू.) को कारण बन्यो ।*

रोम र उत्तरी अफ्रिकी राज्य कार्थेजबीच बराबर भीषण युद्धहरू चलिरहन्थ्यो । अन्ततः १४६ इ. पू. मा रोमनहरूले कार्थेजलाई पूर्णतः ध्वंस पारे ।

रोमको इतिहासमा जुलियस सिजरको नाम निकै महत्त्वपूर्ण रहेको छ । उनी कुशल राजनीतिज्ञ तथा सैनिक जनरल थिए । उनी ५९ इ. पू. मा कन्सुल पदमा चुनिएका थिए । उनले रोमको भूभागलाई निकै विस्तार गरेका थिए । यसरी विजयी भएर ४६ इ. पू. मा रोम फर्केपछि उनले रोममाथि आफूखुसी शासन गर्न थाले । कतिपय सिनेटरहरूलाई सिजरको शक्ति बढेको मन परेको थिएन । अन्ततः ४४ इ. पू. मा रोमको सिनेट भवनमा उनी मारिए ।

जुलियस सिजरको हत्या भएको केही वर्षपछि (२७ इ. पू.) रोमले इजिप्टलाई पराजित गरेपश्चात् मार्क एन्थोनी र क्लियोपाट्राको पनि पतन भयो ।

▲

रोमन कोलोजियम

रोमन कोलोजियम रोमन वास्तुकलाको अत्यन्तै आश्चर्यजनक नमुना मानिन्छ । यो फ्लावियन एम्पिथिएटरको नामबाट पनि विख्यात छ । यसको निर्माण सम्राट् भेस्पासियन (इ. सं. ७२) ले सुरु गरेका थिए र डोमिसियन (इ. सं. ८२) ले पूरा गरेका थिए ।

रोमन कोलोजियम १८२ मिटर लामो, ४९ मिटर अग्लो र १५२ मिटर चौडा छ । यसमा पचास हजार दर्शकहरू अटाउने वृत्ताकार सिँढीयुक्त विशाल दर्शक कक्ष छ । सबभन्दा तल एरिनाको सतहमा वरिपरि खतरनाक जनावरहरू राखिने गुफाहरू बनाइएका छन् ।

रोमनहरूका देवीदेवताहरू

▼

यस घटनासँगै रोमन गणतन्त्रको पनि अवसान भयो । रोमको प्रथम बादशाहका रूपमा सम्राट् अगस्टसको उदय भयो ।

सम्राट् अगस्टसले आफ्नो लामो शासनकाल (२७ इ. पू.-इ. सं १४) मा जुलियस सिजरको अवसानपछि सुरु भएको अस्थिरता र द्वन्द्वलाई हटाई रोममा शान्तिको बहाल गरेका थिए । उनले आफ्नो मृत्यु हुनुअगाडि नै आफ्ना उत्तराधिकारी घोषणा गरेका थिए । त्यस उपरान्त रोममा राजतन्त्रले निरन्तरता पायो र रोमन जनता आफ्नो नेता आफैँ चुन्नबाट वञ्चित भए । यस वेलासम्ममा रोमन साम्राज्यको जनसङ्ख्या छ करोड हाराहारी पुगिसकेको थियो ।

इस्वी संवत् ३३० मा सम्राट् कन्सटानटिनले रोमन साम्राज्यको पूर्वी राजधानीको रूपमा बाइजनटियम स्थापना गरेका थिए जसलाई पछि कनसटानटिनोपलको नाम दिइएको थियो । यो नगरी वर्तमान टर्कीको इस्टानबुलको नामबाट चिनिन्छ ।

पश्चिममा रोमको पतन भए पनि पूर्वी साम्राज्यमा रोमनहरूको वर्चस्व लामो समयसम्म रहेको थियो । इस्वी संवत् ४७६ मा गोथहरूको आक्रमणपछि अन्ततः पूर्वी रोमन साम्राज्यको पनि पतन भयो ।

जनजीवन

रोमनहरू आफूले जितेका नयाँ ठाउँमा रोमन जीवन शैली र संस्कृतिको छाप छाड्थे । रोमनहरू कुशल इन्जिनियर थिए । उनीहरू उच्चस्तरका सडक, पुल, नहर, सभागृह, भवन आदि बनाउनमा अति रुचि राख्थे ।

रोमनहरूले बज्र (कङ्क्रिट) को आविष्कार गरेका थिए । वास्तुकलामा उनीहरू ढुङ्गाभन्दा बढी इँटाको प्रयोग गर्थे । रोमनहरूले आफ्नो साम्राज्यभरि ८५,००० कि. मि. सडक निर्माण गरेका थिए ।

रोमनहरूले निकै आरामदायी एवम् भव्य आवासगृहहरू निर्माण गरेका थिए । अधिकांश रोमन आवासगृहका नमुनाहरू इस्वी संवत् ७९ मा भेसुभिएस पहाडको ज्वालामुखी विष्फोटबाट खरानीमुनि पुरिएका पम्पेई तथा हर्कुलेनियम सहरमा प्राप्त भएका थिए ।

सम्पन्न रोमनहरू ठूला भवनहरूमा बस्थे । गरिब नागरिकहरू पसल माथिका तला वा एउटै घरभित्र कोठा भाडामा लिएर बस्थे । रोमन आवासगृहको प्रमुख विशेषता यसभित्रको बृहत् कक्ष थियो । कक्षको छानामा आयताकार खुला भाग हुन्थ्यो जसको उपयोग प्रकाश लिन र कोठाभित्र रहेको सानो पोखरीको लागि आकाशे पानी थाप्ने प्रयोजनका लागि गरिन्थ्यो । यस्ता घरभित्र शयनकक्ष, मदिरा भण्डार, नोकरचाकरहरूका लागि कोठा आदि पनि समाविष्ट हुन्थ्यो । घरका भित्ता एवम् भुइँ अनेक उत्कृष्ट चित्र तथा मूर्तिहरूबाट सजाइन्थे ।

गाउँबाट किसानहरू आफ्ना कृषि उत्पादन सहर ल्याई बेच्थे । सहरको चोकबजार अर्थात् फोरम किनबेचको मुख्य थलो थियो । यसबाहेक रोमन फोरमबाट सिनेटको निर्णय, राजकीय सूचना आदि घोषणा गरिन्थ्यो । रोमका नागरिकहरू फोरममा भेला भई विचारविमर्श गर्थे । यस्ता चोकबजारहरू सहरका महत्त्वपूर्ण भागहरूमा बनाइएका हुन्थे ।



▲

सामान्य रोमन जनता सामान्य घरभित्र फ्ल्याट किनेर वा भाडामा बस्थे । सम्पन्न नागरिकहरूको सहरमा घर हुन्थ्यो । अगाडिका कोठाहरू पसल थाप्नेहरूलाई भाडामा दिइन्थे । घरधनीको परिवार चोकभित्रका कोठामा बस्थे ।



▲

ट्राजनको चोकबजार

ट्राजनको प्रख्यात चोकबजार सम्राट् ट्राजनले इस्वी संवत् १००-११२ मा निर्माण गर्न लगाएका थिए । यसका वास्तुकार अपोलोडोरोस थए । रोमको सबैभन्दा ठूलो चोकबजारको रूपमा यो कहलिएको छ । यहाँ करिब एक सय पचासओटा पसल तथा कार्यालयहरू रहेका थिए । इँटाबाट बनेको यो भव्य चोकबजारमा यहाँ मूलचोक, बजारखण्ड, पुस्तकालय, सभाकक्ष आदि रहेका छन् ।

सार्वजनिक स्नानागार

रोमनहरूले अति ठूलठूला सार्वजनिक स्नानागारहरूको निर्माण गरेका थिए । रोमन स्नानागार भारदारहरूको घेटघाट गर्ने र मनोरञ्जन गर्ने अखाडा थियो । यसको बनावट असाधारण र आश्चर्यजनक ढङ्गको हुन्थ्यो । एउटै छानामुनि स्नान गर्नका लागि चिसो कक्ष, न्यानो कक्ष, उष्ण कक्ष, वाष्प कक्ष एवम् क्रिडास्थल, शारीरिक व्यायाम गर्ने कक्ष, विश्राम कक्ष, अध्ययन कक्ष, सङ्ग्रहालय, बगैंचा आदि बनाइएका हुन्थे ।

प्रत्येक रोमन नगरहरूमा यस्ता सार्वजनिक स्नानागारहरू सयौँको सङ्ख्यामा रहेका थिए ।



▲

रोमनहरूले घोडाको रथदौडका लागि रङ्गशालाहरू निर्माण गरेका थिए । यस्ता रङ्गशालालाई 'सर्कस' वा 'हिप्पोड्रम' भनिन्थ्यो । रङ्गशालाहरु अन्डाकार हुन्थे । रङ्गशालाको मुख्य भाग ढुङ्गाको पर्खालले घेरिएको हुन्थ्यो । यस पर्खालको बाहिरपट्टि दर्शक बस्थे । घोडचडीहरु चार समूहमा बाँधी घोडा दौडाउँथे । दर्शकहरू मन परेका घोडचढीलाई हौसला दिन ताली पिट्थे । घोडचडीले दौड जित्न दौड सात फन्को लाउनु पर्थ्यो । यस्ता सर्कसहरूमा रोमको सर्कस म्याक्सिमस निकै उल्लेखनीय छ । यसको दर्शक क्षमता दुई लाख पचास हजार थियो ।

इस्वी संवत्को चौथो शताब्दीको मध्यतिर रोममा मात्र यस्ता स्नानागारहरू तीन सय चौँतीसओटा थिए ।

खेलकुद–तमाशा

रोममा वर्षभरिमा एक सय बीस दिन सार्वजनिक विदा हुन्थ्यो । ती दिन रोमन नागरिकहरू नाटक हेर्ने, घोडाको रथदौड हेर्ने र भुसतिघ्रेहरूको खतरनाक युद्ध हेरी मनोरञ्जन गर्थे ।

यस्ता खेलकुद-तमासा हुने ठाउँलाई एम्पिथिएटर भनिन्थ्यो । एम्पिथिएटरको केन्द्रीय स्थानलाई 'एरिना' भनिन्थ्यो ।

यस्ता खतरनाक खेलकुद-तमासामा भाग लिने भुसतिघ्रेहरूलाई 'ग्लाडियटर्स' भनिन्थ्यो । उनीहरू दास वा खतरनाक कैदी हुन्थे । उनीहरू भाला, तरबार, त्रिशूल, जाल आदिबाट एकअर्कामाथि जाइलाग्थे । यस्ता खतरनाक खेल हेर्न जनसाधारणदेखि सम्भ्रान्त तथा बादशाहसमेत आउँथे । हार्ने योद्धा मारिन्थे वा बादशाहबाट जीवनदान पाउँथे ।



रोमन स्नानागार ▲

रोममा सबैभन्दा पहिलो स्नानागार २५ इ. पू. मा सम्राट् अग्रिप्पाले बनाएका थिए । सबभन्दा ठूलो स्नानागारको रूपमा सम्राट् डिओक्लेसियनको स्नानागार को नाम उल्लेखनीय छ । इस्वी संवत् ३०५ मा तयार पारिएको यस स्नानागारमा एकैपल्ट छ हजारजना व्यक्तिलाई स्नान गर्ने व्यवस्था मिलाइएको थियो । सबैभन्दा सुरक्षित अवस्थामा क्याराकालाको स्नानागार रहेको छ । इ. सं. २१७ मा यसको निर्माण सम्पन्न भएको थियो ।

चीन

प्राचीन चीन

आजभन्दा सात ,हजार वर्षअगाडि चीनको उत्तरतर्फ ह्वाङ नदीको किनारबाट चीनको सभ्यताको सुरुआत भएको थियो । सयौँ वर्ष पछिसम्म विश्वका अरू भागसँग चीनको कुनै किसिमको सम्बन्ध थिएन । वास्तवमा दोस्रो शताब्दी इसापूर्वसम्म पनि चिनियाँहरूलाई यस विश्वमा अरू पनि मानिसहरू बसोवास गर्छन् भन्ने कुरा थाहा थिएन ।

होमो इरेक्टस् मानवको अस्थिपञ्जर चीनमा पाइएको थियो । चीनमा स्थायी रूपमा बसोवास गर्न थालेका मानिसहरू यिनैका वा होमो सापियन्सका हाँगा हुन् भन्ने अनुमान गरिएको छ ।

प्रारम्भमा चीनका कृषकहरू ह्वाङ नदी किनारका पहेँलो उर्वर जमिनमा खेती गर्थे । उनीहरू ससाना गाउँमा माटा र बाँसका छाप्रोभित्र बस्थे । खेतीपातीका नयाँनयाँ तरिका पत्ता लाग्दै जान थालेपछि उत्पादन बढ्न थाल्यो र अन्नहरूको वितरण पनि फैलिन थाल्यो । जनसङ्ख्या वृद्धि हुन थाल्यो र क्रमशः चीनका अरू क्षेत्रमा जनसङ्ख्या विस्तार हुन थाल्यो ।

राजवंशहरूको उदय

चिनियाँ सभ्यताको विकाससँगै त्यहाँ राजवंशहरू उदाउने क्रम पनि सुरु भयो । चीनको पहिलो राजवंशको रूपमा साङवंश चिनिन्छ ।



►
करिब ४५०० इ. पू. तिर उत्तरी चीनको गाउँको बीचमा पिरामिड आकारको छाप्रो हुन्थ्यो जहाँ मानिसहरू भेला भई छलफल गर्थे । किसानहरू पिठोका लागि कोदो र कपडाका लागि सन उत्पादन गर्थे ।

◄
क्विन बादशाहले आफ्नो साम्राज्यको सुरक्षाका लागि निकै ठूलो सेना राखेका थिए । उनका सैनिकहरू काँसका भाला, तरवार र धनुकाँडबाट सुसज्जित हुन्थे । ती सैनिक छातीमा धातुको कवच लगाउँथे । कवचको छेउले घाँटी नकाटियोस् भनेर उनीहरू घाँटीमा गलबन्दी बेर्थे । उनीहरू कपाल पाल्थे र त्यसलाई जुरो बेरेर कपडाले बाँध्थे ।

साङहरू १७५० इ. पू. मा सत्तामा आएका थिए । साङकालसम्म आइपुग्दा चीनमा केही ठूला नगरहरू बनिसकेका थिए । ती नगरहरू विभिन्न व्यापार-व्यवसायका केन्द्र थिए । त्यस वेला राजपरिवार तथा सम्पन्न व्यक्तिहरूमा धातुका भाँडाकुँडाहरू लोकप्रिय थिए । चीनमा पाइएका साङकालीन धातुका भाँडाहरूमा केही अक्षर हरू पनि कुँदिएका छन् । यसबाट त्यस समयमा लेखाइको सुरुआत भइसकेको पुष्टि हुन्छ ।

साङवंशकालमा चीन समृद्धशाली बन्दै गएको थियो । जनसाधारणले राजालाई कर तिर्नुपर्थ्यो । त्यस समयमा धातुका सामग्रीबाहेक काठका बग्गी, गरगहना आदि पनि बनाइन्थ्यो ।

करिब ११०० इ. पू. मा साङवंशलाई वेई नदीबाट आएका योद्धाहरूले पराजित गरी झोउवंशको स्थापना गरेका थिए । यस वंशले झन्डै आठ सय वर्ष शासन गरेको थियो । यस ताका चिनियाँ विद्वान्हरूले दर्शनको अध्ययन गर्न थालेका थिए । यस समयका महत्त्वपूर्ण दार्शनिकका रूपमा कन्फ्युसियस (५५१-४७९ इ. पू.) निकै प्रख्यात छन् ।

सी ह्वाङ्दी

चीनको इतिहासमा ४७५ इ. पू. देखि २२१ इ. पू. को अवधि अस्थिरताको समयको रूपमा चिनिन्छ । राज्यको सत्ता झोउवंशकै वागडोरमा रहेता पनि अलगअलग राज्यहरू स्वतन्त्र हुन थाले र ती राज्यबीच कलह पनि बढ्न थाल्यो ।

क्युइन नामका शक्तिशाली योद्धाहरूको समूहले चीनलाई फेरि एकीकृत गरेका थिए । उनीहरूले छरिएका राज्यहरूलाई क्युइन शासनको अधीनमा ल्याएका थिए । अनेकौं युद्धहरूपश्चात् २२१ इ. पू. मा क्युइन नेताले आफूलाई 'क्युइन सी ह्वाङ्दी' अर्थात् 'पहिलो क्युइन बादशाह' घोषण गरेका थिए । सी ह्वाङ्दी दृढनिश्चयी र हठी व्यक्ति थिए । प्राचीन चीनका मानिसहरू 'मृत्युपछिको जीवन' मा विश्वास राख्थे । तसर्थ आफू बादशाह भएको लगतै सी ह्वाङ्दीले आफ्नो लागि समाधिस्थल निर्माण गर्न लगाएका थिए । यसका लागि सत्तरी हजारजना कामदारहरू खटिएका थिए । बादशाहको इच्छाअनुसार उनको चिहानको रक्षार्थ छ लाखओटा टेराकोटाका पूर्णकदका सैनिकहरूका प्रतिमाहरू राखिएका थिए ।

सी ह्वाङ्दीका यी सैनिक प्रतिमाहरू सयौँ वर्षसम्म ओझेलमै रहे । कालान्तरमा इनार खन्ने क्रममा चिनियाँ कामदारहरूले केही प्रतिमाहरू भेट्टाएका थिए । सन् १९७४ मा गरिएको उत्खननमा पुरातत्त्वविद्हरूले सी ह्वाङ्दीको चिहान पत्ता लगाएका थिए ।

चीनको ठूलो पर्खाल

चीनलाई उत्तरतिरबाट सलहका बथान जस्तै आउने फिरन्ते जाति हुणहरूबाट सदा खतरा रहिरहन्थ्यो । ती हुणहरू घोडा चढेर आउँथे र त्यहाँका वासिन्दाहरूलाई मारी उनीहरूको सम्पत्ति लुटेर लान्थे । हुण आक्रमणकारीहरूबाट बच्नका लागि सी ह्वाङ्दीले चीनको उत्तरी सीमामा विशाल पर्खालको निर्माण आरम्भ गरेका थिए । यो पर्खाल तयार हुँदा यसको लम्बाइ २४०० कि. मि. थियो । चीनको ठूलो पर्खाल त्यस समयको अविश्वसनीय निर्माण थियो ।



▲

चीनको ठूलो पर्खालको निर्माण गर्दा ढुङ्गा खानीबाट निकालिएका ढुङ्गाहरू पहाडै पहाडको बाटो बोकेर ल्याइएको थियो । शत्रुलाई आक्रमण गर्न अप्ठ्यारो होस् भनेर यो पर्खाल पहाडका चुचुरामाथि बनाइएको थियो । पर्खाल माथिका टावरबाट सैनिकले शत्रुको रखवारी गर्थे र शत्रु देखेमा अरू सैनिकलाई खबर गर्थे । पर्खालको कुनै भागमा शत्रुले आक्रमण गरेमा त्यहाँ पहरा दिइरहेका सैनिकले तुरुन्त आगो बालेर अरू सैनिकलाई सतर्क गराइहाल्थे । सतर्कतको सङ्केत पाउनासाथ अरू सैनिक शत्रु धपाउने काममा मदत गर्न दौडन्थे । उनीहरू किलाका टावरबाट शत्रुमाथि वाण हान्ने तथा गुलेलीबाट ढुङ्गा बर्साउँथे ।

पोलिएका माटाका हातहतियारबाट सुसज्जित सैनिकहरूको मुहार फरकफरक हुनुले ती बादशाहका सैनिकहरूको यथार्थ रूपाकृति हुन् भन्ने अनुमान गर्न सकिन्छ । पोलिएका माटाका सैनिकहरूको मूर्तिमा पोतिएको रङ अहिले उडिसकेको छ । ▼



चीनको ठूलो पर्खाल निर्माणमा लाखौँ मानिसहरू संलग्न रहेका थिए । पर्खालको प्रत्येक २०० मिटर दुरीमा टावरहरू राखिएका थिए जहाँ सुरक्षा सैनिकहरू बस्थे ।

सी ह्वाङ्दीको निधन (२१० इ. पू.) पश्चात् चीनमा हानवंशको उदय (२०६ इ. पू.) भयो । चीनको पर्खालको निर्माण भने शताब्दिऔँसम्म जारी नै रह्यो । हाल विद्यमान पर्खालको अधिकांश भाग चौधौँ शताब्दीदेखि सोह्रौँ शताब्दीबीच मिङवंशको राज्यकालमा बनेको थियो । पर्खालको पुन:निर्माण गर्दा यसको लम्बाइ अझ बढाएर ६००० कि. मि. पुऱ्याइएको थियो । यस पर्खालको उचाइ १० मिटर रहेको छ र यसको चौडाइ दसजना मानिस लहरै हिँड्न सकिने गरी फराकिलो बनाइएको छ ।

हान साम्राज्य

चीनमा हानवंशले चार सय वर्षभन्दा बढी समय शासन गरेको थियो । यो समय चीन निकै समृद्धशाली बनेको थियो । हानकालमा चिनियाँहरूले विज्ञान र प्रविधिको क्षेत्रमा ठूलाठूला उपलब्धिहरू हासिल गरेका थिए । इ. सं. १०५ मा उनीहरूले कागजको आविष्कार गरेका थिए । यो समय कन्फ्युसियसको विचारहरूले निकै महत्त्व पाएको थियो । हान शासकहरू जनताको सुख र भलाइप्रति निकै सचेत रहन्थे । यस समयमा विद्वान्हरूले चीनको इतिहास लेख्न थालेका थिए ।

चिनियाँ वैज्ञानिकहरूले पहिलो पटक चुम्बकीय शक्ति पत्ता लगाएका थिए । उनीहरूले आजभन्दा दुई हजार वर्षअगाडि कम्पासको अविष्कार गरेका थिए । घोडचढी सैनिकहरूका लागि घोडा चढ्दा खुट्टा छिराउन मिल्ने गरी रिकाब पहिलो पटक चीनमा बनेको थियो ।

चिनियाँहरू कुशल कालिगढ थिए । उनीहरू हरितमणि र धातुबाट मूल्यवान् वस्तुहरू बनाउँथे ।

प्राचीन हान साम्राज्यको राजधानी चाङआन थियो । यस सहरका सडकमा दुईपाङ्ग्रे गाडा र सामान ओसार्ने गाडाहरू गुड्थे । सहरको बजारमा खानेकुरा तथा रेसम, काठ, छाला आदिका सामानहरू किनबेच हुन्थे ।

▲ *प्राचीन चिनियाँ भूकम्प मापन यन्त्र*

◄ *पहिलो शताब्दी इसापूर्वतिर चिनियाँहरूले सामान ओसार्नका लागि एकपाङ्ग्रे ठेलागाडी निर्माण गरेको थिए । इ. सं. १३२ मा चीनमा भूकम्पमापक यन्त्र आविष्कार गरिएको थियो । यी अविष्कारहरू सयौँ वर्षपछि मात्र पाश्चात्य मुलुकहरूमा पुगेका थिए ।*

रेसममार्ग

हान चिनियाँ व्यापारीहरू चीनबाट रेसम कपडा लिएर पश्चिमा मुलुकतिर जान थालेका थिए । उनीहरू आवतजावत गर्ने बाटो रेसममार्गको नाउँबाट चिनिन्छ । रेसममार्ग ६,४०० कि. मि. लामो थियो । बाटामा डाँकाहरू लुट्नका लागि लुकेर बस्थे । व्यापारीहरू डाँकाहरूबाट बच्न ऊँट चढी समूहमा यात्रा गर्थे । उनीहरूको समूहलाई 'कारवाँ' भनिन्थ्यो । उनीहरू चीनबाट रेसम, मसला तथा धातुका सामानहरू पश्चिमा मुलुकतर्फ लान्थे र त्यहाँबाट हस्तिहाड, मूल्यवान् रत्न, घोडा आदि लिएर आउँथे । पूर्व र पश्चिमबीच व्यापार बढ्न थालेपछि ठूलो सङ्ख्यामा विदेशी व्यापारीहरू चीन आउन थाले ।

विदेशी व्यापारीहरूमार्फत चिनियाँहरूको आविष्कार तथा रहस्यहरूबारे पाश्चात्य जगत्ले जानकारी पायो ।

रेसममार्ग चाङआनबाट मध्य एसियाका सहरहरू तथा मध्यपूर्व एसियातर्फ जान्थ्यो । यो मार्ग तिब्बतका उच्च पहाडहरू हुँदै मरुभूमिसम्म जान्थ्यो ।

▼

सयौँ वर्षसम्म व्यापारीहरू रेसममार्गबाट यात्रा गरी नै रहे । इ. सं. १००० सम्म आइपुग्दा रेसममार्ग सेलाइसकेको थियो । सामान ढुवानीका लागि थलमार्गभन्दा समुद्रीमार्ग लोकप्रिय हुन थालेको थियो ।

मध्ययुगमा चीन

हानवंशले चीनमा लगभग चारसय वर्षसम्म शासन गरेको थियो । हानवंशीय अन्तिम राजा इ. सं. २२० मा पराजित भएका थिए । यस अवधिसम्ममा चिनियाँ साम्राज्य मध्य एसियासम्म विस्तार भइसकेको थियो । यस समयमा रेसममार्गको माध्यमबाट चीन र पश्चिमा मुलुकहरूबीच व्यापार निकै फस्टाएको थियो ।

हानवंशपछिको केही समय चीनका लागि अस्थिर र अन्योलको समय थियो । हानवंशको अन्त्यसँगै उत्तरतिरबाट आएका फिरन्तेहरूको आक्रमणपछि चीन तीनओटा राज्यमा विभाजन भयो । किन्तु सुईवंशको छोटो अवधिको शासनकालमा (इ. सं. ५८१-६१८) चीन फेरि एकीकृत भएको थियो ।



ताङवंश

इ. सं. ६१८ मा लि युआनले चीनको सत्ता हत्याएपछि ताङवंशको उदय भयो । यस वंशका राजाहरूले इ. सं. ९०७ सम्म शासन गरेका थिए । यो समय चीनका लागि निकै समृद्धिको समय थियो । यो वेला समुद्री व्यापार निकै फस्टाएको थियो र त्यहाँ व्यापारिक केन्द्रका रूपमा अनेकौँ बन्दरगाहहरू बनेका थिए ।

ताङहरूको राजधानी चाङ्आन (वर्तमान झ्यान्) एसियाका अन्य ठाउँका विद्वान्, कलाकार र कविहरूको आकर्षणको केन्द्र थियो । बौद्ध धर्मको लोकप्रियता निकै बढ्दै गएको फलस्वरूप त्यहाँ बौद्ध मन्दिर तथा चैत्यहरू अत्यधिक सङ्ख्यामा निर्माण हुन थालेका थिए ।

पछिल्ला राजवंशहरू

केही समय अवधिको गृहयुद्धपछि चीनमा सोङवंशको (इ. सं. ९६०) उदय भयो । यो समय चीनका लागि पुनः समृद्धि र शान्तिको समय थियो । एघारौँ-बाह्रौँ शताब्दीको विश्वमा चीन सर्वाधिक समृद्ध राष्ट्रको रूपमा चिनिन्थ्यो । यो समय चिनियाँहरूले धानको खेतीमा निकै प्रगति गरेका थिए । फलतः त्यहाँ आश्चर्यजनक रूपले धानको उत्पादन बढेको थियो । यो वेला चीनको जनसङ्ख्या दस करोड नाघिसकेको थियो ।

इ. सं. १२०० को दसकतिर चीनमा मङ्गोलहरू पसेका थिए । आफ्ना नेता कुवल-ए खाँको नेतृत्वमा त्यहाँ उनीहरूले युआनवंश अर्थात् मङ्गोल वंशको स्थापना गरे । कुवल-ए खाँले बेइजिङमा नयाँ राजधानी स्थापना गरेका थिए । अन्ततः कुवल-ए खाँको मृत्युपछि चिनियाँ विद्रोहीहरूले मङ्गोलहरूलाई चीनबाट खेदेरै छाडे ।

इ. सं. १३६८ मा मिङ शासकहरूले चीनको शासनको बागडोर आफ्नो हातमा लिए । मिङहरूले चीनलाई विदेशी प्रभावबाट अलग राख्ने प्रयत्न गरेका थिए । उनीहरूले आफ्नो मुलुकमा युरोपियन व्यापारीहरूको गतिविधिमाथि प्रतिबन्ध लगाइदिएका थिए ।

इ. सं. १६४४ मा मन्चुरियाबाट आएका मन्चुहरूले मिङवंशलाई सत्ताच्युत गरिदिए । उनीहरूले किङवंशको स्थापना गरे । उनीहरू विदेशी थिए तथापि उनीहरूले चिनियाँ जीवन शैली र संस्कृतिलाई अपनाउँदै गएका थिए । उनीहरूलें इ. सं. १९१२ सम्म चीनमा शासन गरेका थिए ।



▲ *चीनको इतिहासमा सोङवंशकाल ठूलठूला आविष्कार हरूको युगको रूपमा अङ्कित छ । यो बृहत् यान्त्रिक घडी इ. सं. १०२९ मा बनाइएको थियो । यो घडी पचास वर्षसम्म चलेको थियो ।*

भारत

भारत एसिया महादेशको प्राचीन एवम् महत्त्वपूर्ण भूभाग हो । यसको उत्तर-पूर्वमा हिमाली क्षेत्र पर्छ र उत्तर-पश्चिममा खेतीका लागि उर्वर भूभाग रहेको छ । हिमाली क्षेत्रको दक्षिणतिर सिन्धु तथा गङ्गाजस्ता ठूला नदी किनारमा उपत्यकाहरू छन् । जलवायुका दृष्टिले अति उष्ण तापक्रम हुने स्थानदेखि हिउँ पर्ने एकदम चिसो स्थानसम्म र मरुभूमि जस्तो सुखा क्षेत्रदेखि विश्वमै सबैभन्दा बढी वर्षा हुने भूमि भारतमा छन् ।

यहाँको भौगोलिक स्वरूपमा जुन विविधता पाइन्छ, त्यस्तै विविधता यहाँको जातजाति र धर्ममा पनि देखिन्छ । जनसङ्ख्यामा हिन्दु धर्मावलम्बीहरूको बाहुल्य रहेको छ भने इस्लाम मतालम्बीहरू पनि थुप्रै छन् । यीबाहेक इसाई, बौद्ध, जैन आदि धर्मका अनुयायीहरू पनि पाइन्छन् ।

सिन्धुघाँटी सभ्यता

भारतको प्राचीन संस्कृति तेस्रो सहस्राब्दी इ. पू. तिर सिन्धु नदीको किनारमा विकसित सभ्यताबाट प्रारम्भ हुन्छ । यो सभ्यता सिन्धुघाँटी सभ्यताको नाउँले प्रसिद्ध छ । यस सभ्यताको मुख्य क्षेत्र मोहेन्जोदाडो र हडप्पा थियो । यो सभ्यता ३२५० इ. पू. तिर सुरु भएको अनुमान गरिन्छ । यस सभ्यताको भग्नावशेष सर्वप्रथम सन् १९२२ मा पन्जाबको हडप्पा र सिन्धको मोहेन्जोदाडोमा पत्ता लागेको थियो ।

यस क्षेत्रमा पाइएका भग्नावशेषहरूमा भुइँतला मात्र बचेका छन् । यी भवनका अवशेषहरू पक्की इँटाले बनेका छन् ।



◄ *चन्द्रगुप्त मौर्यको शासनकाल (इ.पू. ३२३-२९८) का ग्रिक राजदूत मेगास्थेन्सले त्यस वेलाको राजधानी पाटलीपुत्र (वर्तमान पटना) लाई 'गङ्गा नदीको किनारमा नौ माइलसम्म फैलिएको, बलिष्ठ भित्ताहरूबाट घेरिएको, ६४ ओटा ढोकाहरू भएको र ५७० ओटा मिनार हरूले सजिएको सहर' भनी उल्लेख गरेका थिए । उनले मौर्य शासकको राजप्रासादलाई पर्सियाका राजाको दरबारसँग तुलना गरेका थिए ।*

सिन्धुघाँटीमा पाइएका सिल मोसोपोटामियामा पनि पाइनुले यी दुई सभ्यताबीच व्यापारिक सम्बन्ध थियो भन्ने सङ्केत दिन्छ । ◄

यहाँ देखिने ढलनिकास तथा पानी वितरण प्रणाली हेर्दा त्यति प्राचीन समयमा यति विकसित प्रणालीको विकास भइसकेको थियो भन्ने कुरा अविश्वसनीय लाग्छ ।

सिन्धुघाँटी सभ्यताको उत्खननबाट प्राप्त भएका सामग्रीहरू टेराकोटाका सिल, प्रस्तर एवम् धातुनिर्मित मूर्तिहरू, चित्रकारी गरिएका भाँडाकुडाहरू तथा खेलौनाहरू छन् ।

धर्म र संस्कृति

करिब १८०० इ. पू. तिर उत्तरतिरबाट आएका गोरो वर्णका फिरन्तेहरूले भारतमाथि आक्रमण गरेका थिए । उनीहरू अफगानिस्तान हुँदै हिन्दकुश पर्वतघाँटीबाट भारत पसेका थिए । त्यसपछि यस क्षेत्रमा एक चिरस्थायी सभ्यताको निर्माणको क्रम सुरु भयो । यी नवआगन्तुक जातिलाई आर्य भनिन्छ । आर्यहरूको समयलाई वैदिककाल भनिन्छ । 'वैदिक' शब्द 'वेद' बाट आएको मानिन्छ । धेरै शताब्दीसम्म यी आर्यहरू उत्तर भारतमै मात्र सीमित रहे जहाँ उनीहरूले हिन्दु धर्म, संस्कृति र समाजको निर्माण गरे । आर्यहरूको भाषा मूलतः संस्कृत थियो ।

आर्य सभ्यताको सम्बन्धमा जानकारी प्राप्त गर्ने स्रोत केवल उनीहरूका साहित्यिक ग्रन्थहरू हुन् । आर्यहरूको सबभन्दा पुरानो ग्रन्थ वेद हो । वेदको रचना कहिले गरिएको हो, यकिनसाथ भन्न सकिँदैन । सबैभन्दा पुरानो वेद ऋग्वेद हो, जुन करिब तीन हजार वर्षअगाडि रचिएको अनुमान गरिएको छ । शताब्दियौँसम्म आर्यहरूलाई लेखाइपद्धतिबारे ज्ञान थिएन । कैयन् शताब्दीसम्म वेद श्रुतिपरम्परामा जीवित रह्यो अर्थात् यसलाई लिपिबद्ध गरिएन । यसपछिका महान् साहित्यिक कृतिहरू रामायण र महाभारत हुन् जुन ४०० इ. पू. तिर रचिएका मानिन्छन् ।

हिन्दु धर्ममा विष्णु र शिवको महत्त्वपूर्ण स्थान रहेको छ । यस अतिरिक्त असङ्ख्य देवीदेवताको उपासना गरिन्छ । हिन्दु धर्मका अनुयायीहरू अनेक सम्प्रदायमा विभाजित छन्, जस्तै : शैव, वैष्णव, शाक्त आदि ।

▲ *दक्षिण भारतको चोला वंशकालको (इस्वीको एघारौँ शताब्दी) धातुनिर्मित नटराज शिवको प्रख्यात मूर्ति*

यसबाहेक भारत उपमहाद्वीपमा अरू धर्महरू फस्टाएका थिए । बौद्ध धर्मका प्रवर्तक सिद्धार्थ गौतमबुद्ध हुन् । उनको जन्म ५६३ इ. पू. मा नेपालको कपिलवस्तुमा भएको थियो । उनको दर्शनअनुसार आत्माको अन्तिम मुक्ति 'निर्वाण' हो जुन 'अष्टाङ्गतमार्ग' अर्थात् आठओटा बाटाहरूबाट गुज्रेर व्यक्तिले प्राप्त गर्न सक्छ । उनका अनुयायीहरू दुई सम्प्रदायमा विभाजित छन् - हिनयान र महायान ।

जैन धर्मका प्रवर्तक वर्द्धमान महावीर हुन् । उनी एक क्षेत्रिय राजकुमार थिए जसले अहिंसालाई जोड दिएका थिए । उनका अनुयायीहरू पनि दुई सम्प्रदायमा विभाजित छन् - दिगम्बर तथा श्वेताम्बर ।

मौर्य साम्राज्य

जैन र बौद्ध धर्महरूको विकास सँगसँगै उत्तर भारतमा आर्यहरूको राज्य विस्तार हुँदै गइरहेको थियो । ग्रिक शासक अलेक्जेन्डरले उत्तर भारतमा स्थापना गरेको शक्तिको पतनपश्चात् चन्द्रगुप्त मौर्यले स्थापना गरेको मौर्य साम्राज्य (३२३-१८८ इ. पू.) को उदय भयो । मौर्य साम्राज्य उत्तर भारतदेखि मध्य भारतसम्म फैलिएको थियो । यिनै मौर्य वंशका अति प्रतापी शासकका रूपमा चन्द्रगुप्त मौर्यका नाति तथा विन्दुसारका छोरा सम्राट् अशोक (२७३-२३२ इ. पू.) को नाम आउँछ ।

▲

अशोकले बौद्ध धर्म प्रचारको उद्देश्यले भारत तथा सेरोफेराका मुलुकहरूमा कैयन् कलात्मक स्तूप तथा स्तम्भहरूको स्थापना गरेका थिए । भनिन्छ, उनले झन्डै ८४,००० ओटा स्तूपहरूको स्थापना गरेका थिए । तीमध्ये साँचीको विशाल स्तूप अर्थात् स्तूप नं १. मध्यप्रदेशको विदिसा र भोपालको बीच रायसेन जिल्लामा साँची नामको पहाडमा अवस्थित छ । सन् १९१२ देखि १९२० सम्म सर जोन मार्सलको नेतृत्वमा यसको भत्केका र खसेका तोरणहरू तथा वेदिका-स्तम्भहरू पुनः ठड्याई विश्वसामु यसको मौलिक स्वरूप प्रस्तुत गरिएको थियो ।



▲

साँचीको स्तूपको सुन्दरता र महत्त्व सातवाहनकालमा बनाइएका चारओटा विशिष्ट तोरणद्वारले गर्दा अझ बढेको छ । यी तोरणद्वारका कालीगढी हेर्नलायकका छन् ।

बुद्धको जीवनकालपछि झन्डै तीन सय वर्षउप्रान्त अशोकले बौद्ध धर्मलाई राज्य-धर्मको रूपमा अङ्गीकार गरेका थिए । उनले यो धर्म प्रचारका लागि चलाएको आन्दोलनले भारतीय कला तथा संस्कृति एसियाका विभिन्न भागमा पुऱ्यायो । उत्कृष्ट भारतीय कलाको विकासमा मौर्य कलाको विशिष्ट योगदान रहेको छ ।

कुषाणकाल

अशोकको निधनपछि चाँडै नै मौर्य साम्राज्य अनेक टुक्रामा विभाजन भयो । पुष्यमित्र शुङ्ग नामका ब्राह्मण सेनाध्यक्षले मौर्य नरेश व्रिहद्रथको हत्या गरे । त्यसपछि मौर्यहरूको राज्य मगध शुङ्गहरूको हातमा गयो । यस कालमा ब्राह्मण धर्मको दबदबा भए पनि बौद्ध कलाकृति र स्मारकहरू बन्ने क्रम भने रोकिएन । मौर्यकालमा अशोकले सुरु गरेका बौद्ध स्तूपहरूको निर्माणको परम्परा शुङ्गकाल तथा सातवाहनकालमा अझ धेरै विकसित भयो ।

बौद्ध धर्मका अधिकांश अनुयायीहरू व्यापारी वर्गका थिए । उनीहरूको सम्पत्तिबाट भरहुत, साँची, बोधगया, अमरावती, नागार्जुनकोण्ड, कार्ले, भाजा आदि स्थानहरूमा विशाल एवम् अनुपम बौद्ध-स्तूपहरू र गुफा-चैत्यहरूको निर्माण सम्भव भयो ।

इस्वी संवत्को प्रारम्भतिर उत्तर-पश्चिम भारतमा ग्रिकहरूले र त्यसपछि सिन्धमा बस्ने शकहरूले आधिपत्य जमाएका थिए । उनीहरूलाई कुषाणहरूले धपाएका थिए । कुषाणहरू चीनबाट खेदिएर भारत पसेका यु-ची जातिको हाँगा मानिन्छन् ।

▲

कुषाणकालमा वर्तमान भारतको पश्चिमी पन्जाब र पूर्वी अफगानिस्तानमा पर्ने गान्धार राज्यमा बौद्ध धर्म निकै फस्टाएको थियो । गान्धार राज्यको राजधानी तक्षशिला बौद्ध धर्म, दर्शन र कलाको शिक्षा आर्जन गर्ने प्रमुख केन्द्र थियो । अफगानिस्तानको बामियान उपत्यकाका गुफाहरूमा दुईओटा विशाल बुद्ध-मूर्तिहरू थिए जुन सानो बुद्ध-मूर्ति र ठूलो बुद्ध-मूर्तिका नाउँले प्रख्यात थिए । ठूलो बुद्ध-मूर्तिको उचाइ ५३ मिटर थियो । केही वर्षअगाडि अफगानिस्तानका कट्टरपन्थी तालिबानहरूले यो विशाल मूर्ति नष्ट गरिदिएका थिए ।

कुजुला कडफाइसिस द्वितीयले भारतमा कुषाण शासन खडा गरेका थिए । राजा कनिष्क कुषाण वंशका निकै प्रतापी राजा थिए । उनले कुषाण साम्राज्यलाई उत्तरमा खोटानदेखि पूर्वमा बिहार र दक्षिणमा मालवासम्म विस्तार गरेका थिए । कनिष्कको शासनकालमा बौद्ध धर्मले ठूलो संरक्षण पाएको थियो ।

गुप्तहरू

इस्वीको चौथो शताब्दीतिर उत्तर भारतको बिहारमा नयाँ शक्तिशाली साम्राज्यको रूपमा गुप्तहरूको उदय भयो । उनीहरूले सम्पूर्ण गङ्गाक्षेत्र र उज्जयनदेखि ओडिसासम्म आफ्नो राज्य विस्तार गरेका थिए । गुप्त साम्राज्यका संस्थापक श्रीगुप्त थिए । भारतको इतिहासमा गुप्तकाललाई 'स्वर्णयुग' भनिन्छ । चौथो शताब्दीदेखि छैटौँ शताब्दीको अवधिमा उत्तर भारतमा कला, साहित्य र सङ्गीतको विकास शिखरमा पुगेको थियो । तसर्थ यस काललाई 'सर्वोच्च सांस्कृतिक युग' पनि भनिन्छ । गुप्तकालमा बनेका कलाकृतिहरू भारतीय कलाका सर्वोत्तम धरोहर मानिन्छन् ।

चन्द्रगुप्त, समुद्रगुप्त, चन्द्रगुप्त द्वितीय आदिका नाम यस कालका प्रतापी राजाहरूका रूपमा इतिहासमा अङ्कित छन् ।

इ. सं. ६०० तिर गुप्त साम्राज्यको अवसानपछि भारत विभिन्न राज्यमा विभाजित भयो । तीमध्ये अधिकांश राज्यमाथि राजपुतहरूको आधिपत्य रहेको थियो । तीमध्ये कलाको विकासमा डेक्कनको चालुक्य वंशको उल्लेखनीय योगदान रहेको छ । यसै ताका सोलङ्की वंशको संरक्षणमा ओडिसा, राजपुताना र गुजरातमा उत्तर भारतीय शैलीमा अनेक मन्दिरहरूको निर्माण भएको थियो ।

सातौँ शताब्दीदेखि नवौँ शताब्दीको अवधिमा दक्षिणमा द्राविड मूलका पल्लवहरूको शासन रहेको थियो । दसौँ शताब्दीदेखि एघारौँ शताब्दीको आधासम्म भारतीय प्रायद्वीपको अधिकांश भाग र उत्तरमा गङ्गासम्म चोला वंशका शासकहरूले शासन गरेका थिए । प्रख्यात चोला वास्तुकला यसै वंशको नाउँमा रहन गएको हो जुन वास्तुकलाको प्रभाव दक्षिण-पूर्वी एसियाभरि फैलिएको थियो । यसै ताका मैसुरमा होयसालवंश (बाह्रौँ-तेह्रौँ शताब्दी) को नेतृत्वमा उत्तर भारत र दक्षिण भारतको शैलीको सम्मिश्रणयुक्त वास्तुकलाको नयाँ शैली विकसित भएको थियो ।

▲

मथुराको जमालपुरमा पाइएको उभिएको बुद्धको प्रस्तर मूर्ति गुप्तकालीन उत्कृष्ट कलाको उदाहरणको रूपमा लिइन्छ । यो मूर्ति २.१७ मिटर अग्लो छ ।

मुगल भारत

दक्षिणमा हिन्दु शासकहरूको वर्चस्व रहेको वेला उत्तरमा मुसलमानहरूको आक्रमण बढ्दै गइरहेको थियो । पहिलो आक्रमण इ. सं. ७१२ मा मोहम्मद बिन कासिमले गरेका थिए । इ. सं. १२०६ मा मुसलमान शासकहरूले दिल्लीलाई आफ्नो राजधानी बनाए । यस समयदेखि इ. सं. १५२६ सम्मको अवधिलाई 'दिल्ली सल्तनत' भनिन्छ । यस अवधिमा मामलुक, खलजी, तुगलक, सय्यद तथा लोदीवंशका सुल्तानहरूले दिल्लीमा राज्य गरेका थिए ।

इ. सं. १५२६ मा अफगानिस्तानबाट आएका शासक बाबरले पानीपटको युद्धमा विजय हासिल गरेपछि भारतमा मुगल साम्राज्यको स्थापना भयो । विशाल भारतका यी मुगल शासकहरू मुसलमान थिए । तथापि यिनका बहुसङ्ख्यक प्रजाजन हिन्दुहरू थिए ।

बाबरका नाति सम्राट् अकबरको नाम महान् मुगल शासकका रूपमा इतिहासमा अङ्कित छ । उनी केवल तेह्र वर्ष उमेरमा (इ. सं. १५५६) नै सम्राट् भएका थिए । उनको राज्यप्रणाली निकै व्यवस्थित थियो । उनको राज्यमा सबै धर्मका जनता एकअर्काप्रति सद्भाव राख्थे ।

सम्राट् अकबरको शासनकाल (इ. सं. १५५६-१६०५) मा भारतीय कला र संस्कृति अझ फस्टाएको थियो । भारतको प्रख्यात फत्तेहपुर सिक्री र आगराको किल्ला उनकै पालामा बनेका थिए । उनी आफू मुसलमान भए तापनि हिन्दु धर्म र संस्कृतिप्रति निकै लगाव राख्थे । उनले रामायण र महाभारत जस्ता हिन्दु महाकाव्यलाई पर्सियन भाषामा अनुवाद गराई चित्राङ्कनसमेत गर्न लगाएका थिए । उनले लेख्न लगाएको महाभारतलाई 'राज्मनामा' भनिन्छ । यो ग्रन्थ १६९ ओटा सचित्र पृष्ठको थियो ।

अकबरको देहावसानपछि (इ. सं. १६०५) उनका पुत्र जहाँगिर सम्राट् बने । यो समय मुगल साम्राज्यको समृद्धि र शक्तिको चरम समय थियो । त्यसपछि क्रमशः शाहजहाँ (इ. सं. १६२८-१६५८) र औरङ्गजेव (इ. सं. १६५८-१७०७) ले शासन गरेका थिए । औरङ्गजेवको मृत्युपछि मुगल साम्राज्यका केही भागमाथि अङ्ग्रेजहरूको शासन प्रारम्भसँगै मुगल साम्राज्यको पतन सुरु भयो ।



►

आगरामा यमुना नदी किनारमा विश्वप्रसिद्ध ताजमहल रहेको छ । आफ्नी रानी मुमताजको चिहानको रूपमा शाहजहाँले यसको निर्माण गर्न लगाएका थिए । यसको निर्माण सन् १६३२ मा सुरु भएको थियो जुन बाइस वर्षसम्म चलेको थियो । यसको डिजाइन पर्सियन वास्तुकार इसा खानले गरेका थिए ।

विश्वका अरू सभ्यताहरू

प्राचीन अमेरिका

अरू महादेशको तुलनामा अमेरिकामा मानव बस्तीको सुरुआत निकै पछि आएर मात्र भएको थियो । आजभन्दा पैंतीस हजार वर्षदेखि पन्ध्र हजार वर्षको अवधिमा मेमोथ (भीमकाय हात्ती), हरिण आदि सिकार खोज्दै एसियाबाट फिरन्ते सिकारीहरू अमेरिका पुगेका थिए । त्यो समय हिमयुगको समय थियो । त्यस वेला समुद्रको पानी जमेको थियो र समुद्री सतह अहिलेभन्दा निकै तल थियो । करिब १००० इ. पू. तिर हिमयुगको अन्त्यसँगै बरफ पग्लिन थाल्यो र समुद्री सतह बढ्न थाल्यो ।

अमेरिका महादेशको कतिपय ठाउँमा बसोवास गर्नेहरू खानाका लागि जीवजनावरप्रति भन्दा वनस्पतिमाथि निर्भर थिए । अमेरिकामा खेतीपातीको सुरुआत वर्तमान मेक्सिको र पेरुबाट भएको मानिन्छ ।

ओल्मेकहरू

ओल्मेकहरूको वासस्थान मेक्सिकोको खाडी नजिक दलदल जमिन थियो । उनीहरूको सभ्यताको प्रारम्भ करिब १२०० इ. पू. तिर भएको मानिन्छ । मूलत: ओल्मेकहरू कालिगढ तथा व्यापारी थिए । उनीहरू ईश्वरलाई मान्थे । उनीहरूले पिरामिड-मन्दिरहरू बनाएका थिए । उनीहरूको वास्तु शैलीलाई पछि मेक्सिकन सभ्यताले अपनाएको थियो ।

▲
ओल्मेकहरूको सभ्यता मेक्सिकोको पहिलो सभ्यताको रूपमा चिनिन्छ । उनीहरूले ठूलठूला ढुङ्गामा मानव शिरहरू कुँदेका थिए । एउटा शिरको वजन २० टनसम्म छ । यी शिरहरूको बनावट एकै किसिमको देखिए तापनि मुहारहरू एकअर्कोसँग फरक रहेको छ । यी ओल्मेक शासकहरूको मुहार-मूर्ति हुनुपर्छ भन्ने अनुमान गरिएको छ ।

आफ्ना सामान बेच्ने र कारिगरी कामका लागि आवश्यक वस्तुहरूको खोजीमा ओल्मेक व्यापारीहरू मेक्सिकोभरि नजिक-टाढा पुग्थे । करिब ३०० इ. पू. तिर ओल्मेक सभ्यताको अवसान भयो ।

▲
मोचे समाजमा योद्धा-पुरोहितहरू सर्वेसर्वा थिए । उनीहरू मुकुट, आलङ्कारिक लुगा र सुनका गरगहनाबाट सजिएर बस्थे ।

टिओटिह्वाकान

टिओटिह्वाकान सहर मेक्सिकन सभ्यताको अर्को महत्त्वपूर्ण उपलब्धि थिओ । यो सहर वर्तमान मेक्सिको सिटीदेखि ५० कि. मि. टाढा पर्थ्यो । यहाँ रहेको गुफा सूर्य देवताको जन्मथलो मानिन्थ्यो । इस्वीको पहिलो शताब्दीमा यस गुफामाथि सूर्य देवताको विशाल पिरामिड निर्माण भएको थियो । पिरामिडको सेरोफेरोमा ठूलो सहरको निर्माण भएको थियो । यो पिरामिड अहिले पनि देख्न सकिन्छ । त्यो वेला टिओटिह्वाकानमा दुई लाख मानिस बसोवास गर्थे । त्यस ताका यो विश्वका ठूला सहरमध्ये गनिन्थ्यो ।

टिओटिह्वाकानको सूर्य देवताको पिरामिड ◄



इ. सं. ७५० मा यो सहर नष्ट भयो । परन्तु तीर्थस्थलको रूपमा यसको महत्त्व भने रही नै रह्यो । यसैबाट प्रेरित भएर सयौँ वर्षपछि आउने एज्टेकहरूले प्रसिद्ध नगरी टेनोक्टिट्लान निर्माण गरेका थिए ।

पेरुबियन राज्यहरू

दक्षिण अमेरिकाको पेरुमा मोचे जातिका मानिसहरूले पनि विशाल पिरामिड निर्माण गरेको थिए । यसलाई 'ह्वाका डेल सोल' अर्थात् 'सूर्यको पिरामिड' भनिन्थ्यो । यो ४१ मिटर अग्लो थियो । यसको टुप्पोमा दरबार, मन्दिर आदि रहेका थिए । यो विशाल संरचनाको निर्माणमा एक अरब चार करोड तीस लाखओटा माटाका इँटाहरू प्रयोग गरिएको थियो ।

भाँडाकुँडा बनाउन र धातुका काममा मोचे जातिका मानिसहरू निकै सिपालु थिए । उनीहरूको सभ्यता इ. सं. ८०० सम्म रह्यो । मोचे शासकहरू योद्धा-पुरोहितहरू थिए । उनीहरू निकै समृद्ध र शक्तिशाली थिए । उनीहरू आफ्नो सेनासहित छिमेकका नागरिकहरूमाथि जाइलाग्थे र युद्धमा कैदी बनाएर ल्याइएकाहरूलाई देवतालाई बलि चढाउँथे ।

मोचे जातिका मानिसहरूको नाजका जातिका मानिसहरूसँग व्यापारिक सम्बन्ध थियो । नाजका जातिका मानिसहरू पेरुदेखि दक्षिणतिर मरुभूमिको किनारामा बस्थे । उनीहरूले बलौटे सतहमाथि चरा, बाँदर, माकुरा आदि तथा अनौठा चित्रहरू कुँदेर गएका छन् । उनीहरूले ती रेखाचित्र किन बनाएका थिए र तिनको उदेश्य के थियो, अद्यापि ज्ञात हुन सकेको छैन ।

▲

नाजका जातिका मानिसहरूले बनाएर गएका रेखाचित्रहरूको अर्थ थाहा हुन सकेको छैन तर तिनको सम्बन्ध उनीहरूको धार्मिक कार्यसँग थियो भन्ने अनुमान गरिएको छ ।

अफ्रिका

आजभन्दा आठ हजार वर्षअगाडि अफ्रिकाको सहारा मरुभूमि हरियो उर्वर भूमि थियो । त्यहाँका चट्टानहरूमा अफ्रिकाका प्राचीन चित्रहरू कुँदिएका छन् । यस क्षेत्रमा फिरन्ते सिकारीहरू बस्थे । सहारा क्षेत्र सुक्दै जान थालेपछि उनीहरू त्यो ठाउँ छाडी अन्त बसाइँ सर्न थाले । कोही दक्षिणतिर लागे भने कोही पूर्वतिर लागे जहाँ उनीहरूले प्राचीन इजिप्टको सभ्यता भेट्टाएका थिए ।

करिब ५०० इ. पू. सम्म आइपुग्दा केही मानिसहरूले फलाम जस्ता धातुमा काम गर्न जानिसकेका थिए । उनीहरू अफ्रिकामा फैलिएपछि आफूसँग भएको सीप पनि त्यहाँ फैलाए ।

अफ्रिकी मूर्तिकलाको सबैभन्दा पुरानो नमुना नाइजेरियाको नोक भन्ने ठाउँमा पाइएको थियो । टेराकोटाका यी टाउका र आकृतिहरू ५०० इ. पू. देखि २०० इ. पू. अवधिका हुन् भन्ने अनुमान गरिएको छ ।



◄ *नोकका मानिसहरूले फलामको काम सम्भवतः सहारा मरुभूमिबाट आएका व्यापारीहरूबाट थाहा पाएका थिए । उनीहरू फलामबाट रूख काट्नका लागि बञ्चरो र खेतीसम्बन्धी औजारहरू बनाउँथे ।*

ओसेनिया

अस्ट्रेलिया, न्युजिल्यान्ड, पपुआ न्युगिनी तथा दक्षिण प्रशान्त महासागर क्षेत्रका केही टापुहरूको समूहलाई ओसेनिया भनिन्छ । यस क्षेत्रमा मानव बसोवासको सुरुआत अस्ट्रेलिया र न्युगिनीबाट भएको थियो । आज अस्ट्रेलियाका आदिवासीहरू भनेर चिनिने मानव समुदायका पुर्खाहरू आजभन्दा पचास हजार वर्ष अगाडि दक्षिण-पूर्व एसियाबाट आएका हुनुपर्छ भन्ने अनुमान गरिएको छ । न्युगिनीमा मानव बस्तीको सुरुआत सम्भवत: आजभन्दा चालीस हजार वर्षअगाडि एसियाबाट गएका मानवहरूबाट भएको थियो ।



▲ पोलिनेसियन डुङ्गा

आजभन्दा एक हजार वर्ष अगाडिसम्म न्युजिल्यान्डमा कुनै मानव बस्ती थिएन । डुङ्गामा लामो सामुद्रिक यात्रा गरी यस क्षेत्रमा आई सर्वप्रथम बसोवास गर्नेहरू पक्कै पनि कुशल नाविकहरू थिए होलान् ।

प्रशान्स महासागरमा हजारौँ किलोमिटरको सेरोफेरोमा फैलिएका अनेकौँ टापुहरूको समूहलाई पोलिनेसिया भनिन्छ । प्राचीन पोलिनेसियनहरू ठूलाठूला डुङ्गा बनाउन सिपालु थिए । उनीहरू सय जनासम्म मानिस अटाउने डुङ्गा बनाउँथे ।

◄ *अस्ट्रेलियाका आदिवासीहरूको सङ्गीत, साहित्य, नृत्य, मूर्तिकला सबै धार्मिक आस्थाबाट प्रेरित थिए । उनीहरू काठको लामो नली जस्तो बाजा बजाउँथे जसलाई डिजेरिडु भनिन्थ्यो । ती आदिवासीहरूका लागि मौसमको ठूलो महत्त्व थियो ।*

अस्ट्रेलियाका आदिवासीहरू फिरन्ते सिकारी थए । परन्तु न्युगिनीका मानिसहरूले करिब नौ हजार वर्ष अगाडि खेतीपाती गर्न जानिसकेका थिए । तरुल, नरिवल, केरा, उखु आदि त्यहाँको प्रमुख कृषि उत्पादन थिए ।

इस्टर टापु दक्षिण अमेरिकाको चिलीको समुद्री किनारदेखि ६,७०० कि. मि. पर अवस्थित छ । यस टापुमा मानव आकृति जस्तो देखिने छ सयओटा ठूलाठूला ढुङ्गाका टाउकाहरू पाइएका छन् । ती मूर्तिहरू कसले बनाएका थिए, किन बनाएका थिए, कसरी बनाएका थिए, अझै रहस्य नै छ ।

इस्टर टापुमा बसोवास गर्ने उद्देश्यले त्यहाँ पुगेका मानिसहरू सम्भवत: इ. सं. ४०० देखि इ. सं. ५०० बीच पुगेका थिए ।

▼ *इस्टर टापुमा पाइएका ढुङ्गाका मानव आकृतिहरू*

मध्ययुग

अरबजगत्

अरब क्षेत्र दक्षिण-पश्चिम एसियामा पर्छ । अरबको अधिकांश भूभाग सुखा मैदान र मरुभूमिबाट घेरिएको छ । यहाँको जलवायु सुखा र गरम छ । यहाँ वर्षा विरलै हुन्छ ।

करिब इ. सं. ५७० तिर अरबको मक्का सहरमा हजरत मोहम्मदको जन्म भएको थियो । सानैमा उनी टुहुरो भएका थिए ।

उनी इमानदार मानिस थिए । एकजना धनी व्यापारीकी छोरीसँग उनको विवाह भयो । त्यसपछि मोहम्मद एक सफल व्यापारीका रूपमा चिनिन थाले । मोहम्मद चालीस वर्ष पुगेपछि मक्कादेखि बाहिर पहाडतिर एकान्त स्थानमा गई चिन्तन गर्न थाले । त्यहाँ 'अल्लाह' अर्थात् 'ईश्वर' को सन्देश लिएर दूत गाब्रियल उनलाई भेट्न आए । गाब्रियलले उनलाई 'सबै मानिसले एउटै मात्र ईश्वरको उपासना गर्नुपर्छ र त्यो ईश्वर भनेको अल्लाह हो' भने ।

त्यसपछि मोहम्मदले मक्काका मानिसहरूलाई गाब्रियलको सन्देश सुनाउँदै हिँड्न थाले । उनले अरबियनहरूलाई एकआपसमा शत्रुता त्याग्न र एउटै धर्ममा आबद्ध हुन आह्वान गरे । शीघ्र नै उनका अनुयायीहरूको सङ्ख्या बढ्न थाल्यो र नयाँ धर्मको रूपमा इस्लाम धर्मको उदय भयो । यस धर्मका अनुयायीहरू मुस्लिम अर्थात् मुसलमान भनेर चिनिन थाले ।

मुसलमानहरू एउटै ईश्वर 'अल्लाह' प्रति आस्था राख्छन् । उनीहरू मोहम्मदलाई अल्लाहको अन्तिम 'पैगम्बर' अर्थात्

◄ *अरब लडाकुहरू भाला, धनु, तीर र तरबारबाट सुसज्जित रही घोडामा बसेर युद्ध गर्थे । उनीहरू युद्धका लागि उन्नत नस्लका घोडाहरू पाल्थे । उनीहरू घोडा जान नसक्ने मरुभूमिमा ऊँटको प्रयोग गर्थे । इस्वीको चौधौँ शताब्दीको प्रारम्भतिर बन्दुकको गोली बनाउन आवश्यक गन पाउडर चीनबाट आयात गरिन्थ्यो । पछि चाँडै नै अरबहरू आफैँले बनाउन सिके ।*

'सन्देशवाहक' मान्छन् । इस्लाम धर्मावलम्बीहरू गाब्रियलले पैगम्बर मोहम्मदलाई दिएको प्रत्येक सन्देश अल्लाहकै शब्द हुन् भन्ने यकिन गर्छन् । कुरान मुसलमानहरूको पवित्र धर्मग्रन्थ हो ।

इस्लाम धर्मको विस्तार

पैगम्बर मोहम्मदको देहावसान इ. सं. ६३२ मा भएको थियो । यस अवधिमा अरबभरि इस्लाम धर्म द्रुत गतिमा फैलिँदै थियो । त्यस समय अरब राज्यलाई 'खिलाफत' र त्यहाँका शासकलाई 'खलिफा' अर्थात् 'उत्तराधिकारी' भनिन्थ्यो ।

पच्चीस वर्षभित्र अरब सेनाहरूले शक्तिशाली बाइजेन्टाइन तथा सिरिया, इराक र इजिप्टका विभिन्न भूभागमाथि कब्जा जमाइसकेका थिए । यी ठाउँमा पनि शीघ्र इस्लाम धर्मले आफ्नो जग बसाल्यो ।

मक्का इस्लाम धर्मको केन्द्र र मुसलमानहरूको पवित्र नगरको रूपमा विकसित भइरहेको थियो ।

इ. सं. ७५० सम्म पुग्दा अरब खिलाफत र इस्लाम धर्म सुदुर पश्चिममा स्पेनसम्म र पूर्वमा मध्य एसियासम्म विस्तार भइसकेको थियो ।



स्पेनको केही भागमा इ. सं. ७०० देखि १४९२ सम्म मुसलमानहरूले शासन गरेका थिए । स्पेनको ग्रेनाडामा रहेको अलहम्ब्र दरबार मुस्लिम शासकहरूले निर्माण गराएका थिए । ◄

सम्पूर्ण अरब साम्राज्यमा अरेबिक भाषा बोलिन्थ्यो । अरब क्षेत्रमा निर्मित वस्त्र, गलैँचा, सिसाका सामान, इस्पातका तरबार आदि विश्वभरि प्रख्यात थियो । अरब व्यापारीहरू अग्ला पर्वतहरू पार गरेर चीन पुग्थे र त्यहाँदेखि रेसम र चिनियाँ भाँडाकुडाहरू ल्याउँथे । कपडा, रत्न आदि समुद्रको बाटो भारतबाट आउँथ्यो ।

► *बगदाद (वर्तमान इराक) को स्थापना इ. सं. ७६२ मा भएको थियो । यो सहर अरब साम्राज्यभरिका विद्वान्, कलाकार, शिल्पकारहरूको आकर्षणको केन्द्र थियो ।*

बाइजेन्टियम

फिरन्ते लडाकुहरूको आक्रमणबाट रोमन साम्राज्यको आधा भाग अर्थात् पश्चिमी साम्राज्य पतन भए पनि पूर्वी साम्राज्यमा रोमनहरूको वर्चस्व लामो समयसम्म रहेको थियो ।

इस्वी संवत् ३३० मा सम्राट् कन्सटानटिनले रोमन साम्राज्यको पूर्वी राजधानीको रूपमा बाइजनटियमको स्थापना गरेका थिए जसलाई पछि उनकै नाउँबाट कन्सटानटिनोपलको नाम दिइएको थियो । यो नगरी हाल टर्कीको इस्टानबुलको नामबाट चिनिन्छ । कन्सटानटिनको नाम प्रथम इसाई सम्राट्को रूपमा उल्लेखनीय छ । लामो कालखण्डसम्म यो नगरी संस्कृतिक, धार्मिक तथा राजनीतिक गतिविधिहरूको केन्द्रको रूपमा रहेको थियो । यो नगरी इसाई धर्मावलम्बीहरूका लागि पूर्वको राजधानी नै थियो ।

जस्टिनियन

सम्राट् जस्टिनियनको राज्यकाल (इ. सं. ५२७-५६५) मा बाइजेन्टाइन साम्राज्य निकै विस्तार भएको थियो । बाइजेन्टाइन सेनाले उत्तरी रोमन साम्राज्यको विगतमा गुमिसकेको भूभागमाथि पुनः कब्जा जमाएका थिए । उनीहरूले अफ्रिका, ग्रिस, टर्की, इटली र स्पेनका केही भूभाग आफ्नो नियन्त्रणमा लिएका थिए ।

जस्टिनियन उनको कुशल राज्यनीति र व्यवस्थापनका लागि प्रसिद्ध छन् । उनले आफ्नो साम्राज्यमा अन्याय र भ्रष्टाचारलाई नियन्त्रण गर्नका लागि न्यायसंहिता बनाएका थिए । उनको न्यायप्रणालीलाई अरू मुलुकहरूले पनि अपनाएका थिए । कन्सटानटिनोपलस्थित विश्वप्रसिद्ध हागिया सोफिया गिर्जाघर जस्टिनियनको राज्यकालमा निर्माण भएको थियो ।

पैगम्बर मुहम्मदको मृत्यु (इ. सं. ६३२) पश्चात् बाइजेन्टाइन साम्राज्यको नयाँ शत्रुका रूपमा अरब सेनाहरू देखापर्न थालेका थिए । यस साम्राज्यको मध्य-पूर्वतिरका सीमानाहरूमाथि शीघ्र नै अरबहरूले आधिपत्य जमाएका थिए ।

इ.सं. १४५३ मा मुहम्मद द्वितीयको नेतृत्वमा आएका ओट्टोमन तुर्कहरूले कन्सटानटिनोपलमाथि आधिपत्य जमाएपछि यस साम्राज्यको पूर्ण पतन भयो ।

◄ *सम्राट् जस्टिनियनको मोज्याक चित्र । मोज्याक भनेको अनेकौं रङ्गीन सिङ्गमरमरका टुक्राहरू टाँसेर बनाइने चित्र हो ।*

माया

करिब इ. सं. २५० देखि इ. सं. ८५० सम्म मध्य अमेरिकामा माया इन्डियनहरूको वर्चस्व रह्यो । उनीहरूले घना जङ्गलभित्र सहरहरू निर्माण गरेका थिए । उनीहरूले निर्माण गरेका सहर टिकाल (वर्तमान ग्वाटेमाला) मा पचास हजार मानिस बसोवास गर्थे ।

माया इन्डियनहरूले कला, वास्तुकला तथा गणितको क्षेत्रमा ठूलो उपलब्धि हासिल गरेका थिए । उनीहरूका वंशज अझै पनि यस क्षेत्रमा भेट्टिन्छन् ।

माया सभ्यता विभिन्न नगर-राज्यहरू मिलेर बनेको थियो । माया जातिका मानिसहरू विभिन्न व्यापारिक मार्गहरूबाट मध्य अमेरिकाभरि व्यापार गर्थे । चितुवाको छाला, रत्न, नुन आदि व्यापार विनिमयका प्रमुख साधन थिए । उनीहरू नदी र समुद्रबाट सामान ढुवानी गर्थे । यसबाहेक पैदल हिँडेर पनि व्यापार गर्थे । मकै माया सभ्यताको महत्त्वपूर्ण कृषि उत्पादन थियो । मकैबाट उनीहरू रोटी बनाउँथे र साथै र क्सी पनि बनाउँथे ।

इ. सं. १५०० को दसकतिर स्पेनिस लडाकुहरूको आक्रमणपश्चात् माया सभ्यताको अवसान भयो ।

▲ *माया पुरोहितहरू खगोलशास्त्र र गणितको आधारमा क्यालेन्डर बनाउँथे । उनीहरूले लेखाइ पद्धतिको पनि विकास गरेका थिए । उनीहरू ठूलठूला ढुङ्गाका स्मारकहरूमा अभिलेख राख्थे ।*



◄ *माया इन्डियनहरूले केवल ढुङ्गाका औजारबाट ठूलठूला पिरामिड र दरबारहरू बनाएका थिए । चिचेन इत्जामा रहेको कास्टिल्लो पिरामिड ३० मिटर अग्लो थियो । चिचेन इत्जामा इ. सं. १४४० सम्म मानवहरूको उपस्थिति देखिन्छ ।*

एज्टेकहरू

एज्टेकहरूको सभ्यता अमेरिकाका अन्तिम केही सभ्यतामध्ये पर्छ । इस्वी संवत्को चौधौँ शताब्दीतिर मेक्सिकोको टेक्साकोको तालको टापुमा एज्टेकहरूले टेनोक्टिटलान सहर बसालेका थिए । इस्वीको पन्ध्रौँ शताब्दी सम्ममा उनीहरूले मेक्सिकोमा ठूलो साम्राज्य खडा गरिसकेका थिए ।

मोन्टेजुमा प्रथम (इ. सं. १४४०-६८ शासनकाल) को नेतृत्वमा एज्टेक साम्राज्य निकै विस्तार भएको थियो । इ.सं. १५१९ मा स्पेनिस लडाकुहरूले एज्टेकहरूमाथि आक्रमण गरे । स्पेनिसहरूको बन्दुकको अगाडि एज्टेकहरूको भाला र लट्ठीको केही जोर चलेन र अन्ततः इ. सं. १५२१ मा एज्टेक साम्राज्य पराजित भयो ।

एज्टेकहरू दुई प्रकारका क्यालेन्डर प्रयोग गर्थे । उनीहरूको पवित्र मानिने सौर्य क्यालेन्डर अनुसार एक वर्षमा अठार महिना हुन्थे ।

'एज्टेक जागुअर नाइट' भनिने सैनिक आफ्नो शरीरमा चितुवाको छाला, टाउको, बङ्गारा, दाँत आदि भिरेर हिँड्थे । उनीहरू कुशल योद्धा थिए र समाजमा उनीहरू ठूलो इज्जत थियो ।

माया र एज्टेक दुवैको जनजीवनमा धर्म अभिन्न अङ्ग थियो । उनीहरू राम्रो भाग्य र राम्रो उब्जनीका लागि मानव बलि चढाएर धार्मिक अनुष्ठानहरू गर्थे ।



एज्टेक र माया दुवै सभ्यतामा तहतह परेका पिरामिड अर्थात् मन्दिरहरू बनेका थिए । त्यस्ता मन्दिरहरू ४५ मिटरसम्म अग्ला हुन्थे । पिरामिडको टुप्पामा रहेको मन्दिरमा कैदीहरूको बलि दिइन्थ्यो ।

एज्टेकहरूमा भकुन्डो खेल निकै लोकप्रिय थियो । यस्तो भकुन्डो खेलमा दुईजना खेलाडी हुन्थे । खेलमा पाखुरा, कमर र तिघ्राबाट मात्र भकुन्डोलाई छोएर चक्काभित्र छिराउनुपर्थ्यो । कहिलेकाहीँ खेलमा हारेका खेलाडी देवतालाई बलि चढाइन्थे ।

भाइकिङ

भाइकिङहरू उत्तरी युरोपको स्केन्डेनेभिया मुलुकहरू (वर्तमान डेनमार्क, नर्वे र स्विडेन) बाट आएका नाविकहरू थिए ।

इ. सं. ७५०-११०० बीच भाइकिङहरूले युरोपका विभिन्न भागमाथि धावा बोलेर लुटेका थिए । उनीहरूले युरोपको आइसल्यान्ड र ग्रिनल्यान्डमा मानव बस्ती बसालेका थिए । भाइकिङ जहाजहरू उत्तर अमेरिकासम्म पुगेका थिए ।

क्रिस्टोफर कोलम्बसले आन्ध्र महासागरको ऐतिहासिक समुद्रीयात्रा गर्नुभन्दा पाँच सय वर्षअगाडि लेइफ इरिक्सन नाउँका भाइकिङ उत्तर अमेरिकाको समुद्री किनारसम्म पुगेका थिए । उनी उत्तर अमेरिकी माटोमा पाइला टेक्ने पहिलो युरोपियन थिए

भाइकिङहरू खतरनाक लडाकु थिए । उनीहरू जहाज चढेर सुदुर दक्षिणमा भूमध्यसागरसम्म जान्थे र कृषिजन्य सामग्री तथा भुत्ला भएको छालासँग हातहतियार, सुन, चाँदी, रेसम आदि साट्थे ।

► *कुलीन भाइकिङ योद्धा तर बार, भाला र काठको ढाल बोक्थे । उनको टोप फलामबाट बनेको हुन्थ्यो । सम्पन्न भाइकिङ नेताले मात्र धातुको कवच लगाउँथे ।*

भाइकिङ आक्रमणकारीहरू

भाइकिङहरू युरोपका अधिकांश ठाउँ, जस्तै : इङ्ल्यान्डदेखि इटली, रसियादेखि स्पेनसम्म आक्रमण गर्न जान्थे । उनीहरू अकस्मात् धावा बोल्थे र गाईबस्तुदेखि लिएर मठमन्दिरमा रहेका मूल्यवान् वस्तुहरू सबै लुटेर लान्थे ।

▼ *भाइकिङ आक्रमणकारीहरू लामो जहाजमा यात्रा गर्थे । उनीहरूको ढालहरू जहाजको छेउमा राखिन्थे ।*



भाइकिङ जहाज

भाइकिङहरू आफ्नो समयको अति सिपालु डुङ्गा निर्माता तथा समुद्री नाविक थिए । उनीहरू चिल्ला, लामा र छिटो हिँड्ने जहाज बनाउँथे । उनीहरूका जहाजहरू काठबाट बनेका हुन्थे । जहाज गुडाउनका लागि चारपाटे पाल हुन्थ्यो र हावा नचलेको वेला हातबाट खियाइन्थे । जहाजको सबैभन्दा अगाडिको भाग निकै आकर्षक हुन्थ्यो ।

▲ *भाइकिङ महिला-पुरुष*

घरेलु जीवन

अधिकांश भाइकिङहरू कृषक थिए । उनीहरू प्रायः काठको घरभित्र बस्थे । कतैकतै काठ नपाएको अवस्थामा घर बनाउँदा ढुङ्गाको प्रयोग गर्थे । कृषिका अतिरिक्त उनीहरू गाईबस्तु, भेडा, बाख्रा, सुँगुर आदि पालन गर्थे । कोही भाइकिङहरू माछा समात्ने पनि गर्थे । उनीहरू समुद्रमा गई ह्वेलको सिकार समेत गर्थे । लामो जाडो समयमा माछा र मासु बचाएर राख्न नुनको प्रयोग गरिन्थ्यो ।

भाइकिङहरू काष्ठकला र धातुकलामा पनि निकै दक्ष थिए । उनीहरू आफ्ना जहाज र घरलाई सुन्दर काष्ठकलाबाट सिँगार्थे । उनीहरू चाँदीबाट बनेका आभूषणहरूबाट सजिन मन पराउँथे ।

भाइकिङ किल्ला काठ र माटाबाट निर्मित बाँधहरूबाट घेरिएको हुन्थ्यो । किल्लाभित्र प्रवेश गर्नका लागि चार दिशामा चारओटा ढोकाहरू हुन्थे । ▼

भाइकिङहरू तरबारलाई निकै महत्त्व दिन्थे । उनीहरूको तरबार सुन-चाँदी तथा विभिन्न बहुमूल्य रत्नहरूबाट सिँगारिएको हुन्थ्यो । ▼



मङ्गोल

मङ्गोलहरू मध्य एसियाको युराल पहाडदेखि गोबी मरुभूमिको भिरालो भूभागमा बस्ने फिरन्तेहरू थिए । उनीहरू घोडा चढ्न खप्पिस थिए । उनीहरू भेडाबाख्रा र बस्तुभाउको बथान लिएर एक ठाउँबाट अर्को ठाउँ जान्थे । मङ्गोलहरू जनावरको भुत्लाबाट बनेको पालभित्र बस्थे ।

चङ्गेज खाँ

मङ्गोलहरू निकै क्रूर लडाकु थिए । धन र प्रतिष्ठाका लागि एक समुदायका सदस्यहरू अर्को समुदायमाथि जाइलाग्थे । करिब इ. सं. १२०० तिर टेमुजिन नामका मङ्गोल नेता सत्तामा आएपछि उनले सबै मङ्गोल समुदायलाई आफ्नो नियन्त्रणमा राखेका थिए । तिनै टेमुजिन पछि चङ्गेज खाँको नाउँबाट प्रसिद्ध भए । उनको शासनकालमा मङ्गोलहरूले उत्तरी चीनमाथि आक्रमण गरेका थिए ।

▲

चङ्गेज खाँको जन्म इ. सं. ११६२ वा ११६७ मा भएको हुनुपर्छ भन्ने अनुमान गरिन्छ । उनले आफ्नो प्रारम्भिक जीवन निकै गरिबीमा बिताएका थिए । इ. सं. १२४० तिर लेखिएको मङ्गोल वंशावलीबाट उनको जीवनबारे धेरै कुरा थाहा पाउन सकिन्छ । उनी पहिलो शासक थिए जसले सम्पूर्ण मङ्गोलहरूलाई एउटै राज्यअन्तर्गत ल्याएका थिए र मङ्गोल सेनालाई निकै सुदृढ बनाएका थिए ।

त्यसताका मङ्गोल सेनाले रसियामाथि धावा बोलेको थियो र मङ्गोलहरू झन्डै कन्सटानटिनोपलसम्म पुगेका थिए । मङ्गोलहरू जहाँजहाँ पुग्थे, त्यहाँ त्रास फैलाउँथे, लुट्थे र मानिसहरूलाई निर्ममतापूर्वक हत्या गर्थे ।

►

एकताका मङ्गोल साम्राज्य विश्वकै इतिहासमा सबैभन्दा ठूलो भूभाग थियो । यो साम्राज्य पूर्वमा चीनदेखि पश्चिममा पोल्यान्डसम्म फैलिएको थियो ।

कुब्ल-ए खाँ

चीनमा चङ्गेज खाँको मृत्य (इ. सं. १२२७) भएपश्चात् उनको साम्राज्य चारजना छोरामा बाँडियो । तीमध्ये ओगोडेई शक्तिशाली निस्के । उनले पनि युरोपमाथि जाइलाग्ने आफ्नो बाबुको अभियानलाई जारी नै राखे । इ. सं. १२४१ मा उनी मारिए । लामो द्वन्द्वपछि इ. सं. १२६४ मा उनका नाति कुब्ल-ए खाँ राज्यको बागडोर आफ्नो हातमा लिन सफल भए । सम्पूर्ण चीनलाई जित्ने उनको महत्त्वाङ्क्षा थियो र अन्ततः इ. सं. १२७९ मा सफल भई छाडे ।

कुब्ल-ए खाँले चीनका नागरिकहरूलाई बौद्ध, इस्लाम, क्रिस्चियन सबै धर्म मान्न छुट दिएका थिए । अनिकाल वेलाका लागि उनले अन्न भण्डारको व्यवस्था गरेका थिए । व्यापार व्यवसायको उन्नतिका लागि उनले सडक व्यवस्थामा सुधार गरेका थिए । उनले मङ्गोल शक्तिलाई जापानसम्म विस्तार गर्न खोजेका थिए ।

मङ्गोल धनुर्धारी ▼

▲
मङ्गोल घोडचढी सैनिकहरू तथा घोडाहरू कवचबाट ढाकिएका हुन्थे । उच्च तहका सैनिकहरूको टोप र कवच छालाबाट बनेका हुन्थे ।

परन्तु मङ्गोलहरूको जहाजी सेनाले दुईपल्ट (इ. सं. १२६४ र १२८१) पराजय भोग्नुपरको थियो ।

साम्राज्यको अवसान

कुब्ल-ए खाँको मृत्य (इ. सं. १२९४) पछि विस्तारै उनको शक्तिशाली साम्राज्य पतन हुन थाल्यो । इ. सं. १३६५ सम्ममा चिनियाँहरूले मङ्गोल शासकहरूलाई चीनबाट खेदिसकेका थिए । इ. सं. १३६९ मा तैमुरलङ नामका चङ्गेज खाँका वंशजले मध्य एसियाको सहर समरकन्दको शासन शक्ति हत्याएका थिए । उनले आफ्नो शक्तिलाई दक्षिण र पूर्वतिर विस्तार गरेका थिए । तैमुरलङका सैनिकहरूले दिल्लीमा थुप्रै नागरिकलाई मारेका थिए । उनको मृत्य (इ. सं. १४०५) पछि तैमुर साम्राज्य पनि शीघ्र पतन भयो । इ. सं. १५२६ मा तैमुरका वंशजहरू भारतको मुगल साम्राज्यको प्रथम मुगल शासक बनेका थिए ।

जापान

इस्वी संवत् पाँचौं शताब्दीसम्म जापान दुर्गम भूमि नै थियो । टापूहरूको यस समूहमा बाहिरबाट अति कम मानिस मात्र आउनेजाने गर्थे । इ. सं. ५५० पश्चात् जापानमाथि विशाल छिमेकी मुलक चीनको प्रभाव बढ्दै जान थालेको थियो । चीनबाट आएका बौद्ध भिक्षुहरूले जापानका बादशाहलाई बौद्ध धर्म अङ्गीकार गर्न लगाएका थिए । चिनियाँ विद्वान्हरूले जापानीहरूलाई चिनियाँ भाषा लेखपढ गर्न सिकाएका थिए ।

राजकुमार सोतोकु (इ. सं. ५७४-६२२) बौद्ध धर्मका अनुयायी थिए । उनले जापानमा थुप्रै बौद्ध मन्दिरहरू निर्माण गर्न लगाएका थिए । उनले राज्य सञ्चालनको अधिकार राजासँग रहने गरी राज्य व्यवस्था मिलाएका थिए । इ. सं. ८०० सम्म जापानीहरूको जीवन शैली निकै हदसम्म चिनियाँहरूसँग मेल खान्थ्यो ।

▲
सामुराई योद्धाहरूको कवच धातुका पाताबाट बनेको हुन्थ्यो । उनीहरू तरबार, भाला, धनु, काँड आदिबाट सुसज्जित हुन्थे । सामुराईको धनु मानिसभन्दा अग्ला हुन्थ्यो ।

इ. सं. ८५५ मा फुजिवारा योसिफुसा नाउँका शक्तिशाली व्यक्ति नौ वर्षका बादशाहको प्रतिनिधि बनेर शासन चलाएका थिए । नियमतः बादशाह वयस्क नभएसम्म मात्र उनले शासन चलाउन पाउँथे । किन्तु बादशाहको उमेर पुगिसकेपछि पनि उनी सत्तामा रहिरहे । यसपछि शताब्दिऔँसम्म जापानको शासन सत्ता शक्तिशाली सैनिक अधिकारीहरूको नियन्त्रणमा रह्यो ।

◄
जापानी प्यागोडा मन्दिरको गर्भगृहभित्र बुद्धसँग सम्बन्धित वा उनले प्रयोग गरेका सामग्रीहरू राखिएका छन् भन्ने विश्वास गरिन्छ । होयुजी प्यागोडा इ. सं. ६४० मा आगलागीमा परेपछि पुनःनिर्माण गरिएको थियो जुन यद्यपि छ ।

फुजिवाराका वंशज र अरू वंशजबीच युद्ध चल्न थाल्यो । टाइराबाट फुजिवाराका वंशज पराजित भयो । टाइराका वंशजलाई मिनामोटोले पराजित गऱ्यो । इ. सं. ११९२ मा मिनामोतो योरिमोटोले 'सोगन' अर्थात् 'विशिष्ट जनरल' को उपाधि लिए ।

सामुराई

सोगनको शासनकालमा सामुराई ठूलो शक्ति थियो । यिनीहरू अति स्वाभिमानी एवम् शक्तिशाली सैनिक थिए । उनीहरू सोगनका लागि युद्धमा भिड्थे । इ. सं. १२७४ मा मङ्गोल सेनाले जापानमाथि आक्रमण गर्दा उनीहरू विरुद्ध लड्न सामुराईहरूलाई बोलाइएको थियो । समुद्री आँधीका कारण मङ्गोल जहाज ध्वस्त भयो । इ. सं. १२८१ मा मङ्गोलहरूले झन् ठूलो आक्रमण गरेका थिए । त्यस वेला पनि समुद्री तुफानले मङ्गोल सेनालाई सखाप पारी जापानीहरूलाई बचाइदिएको थियो । जापानीहरूले ती समुद्री तुफानको नाउँ 'खामिखाजे' अर्थात् 'दैवी हावा' राखेको थिए ।

सामुराईहरू स्थानीय सामन्तहरूका तर्फबाट आ-आफ्नो भूभागमा शान्ति सुरक्षालाई व्यवस्थित राख्थे । स्थानीय सामन्तहरूलाई 'डाइम्यो' भनिन्थ्यो ।

गृहयुद्ध

विभिन्न गुटबीच विग्रह बढ्दै गयो । कुनैकुनै डाइम्योहरू सोगनको नियन्त्रणभन्दा बाहिर जान थाले । इ. सं. चौधौँ शताब्दीदेखि सोह्रौँ शताब्दीको अवधिमा बराबर युद्ध भइरहन्थ्यो ।

अन्ततः जापानमा शान्तिको बहाली भयो र इ. सं. १५९१ मा टोयोटोमी हिडेयोसी नाउँका व्यक्ति एकीकृत जापानको नेताका रूपमा उडाए ।

इ. सं. १६०३ मा शासन सत्ता टोकुगावा परिवारको हातमा गयो । त्यसपछि झन्डै दुई सय वर्षसम्मका लागि विदेशी मुलुकहरूसँग जापानको सम्बन्ध पूरा बन्द भयो ।

◄ *स्थानीय सामन्त अर्थात् डाइम्यो आफ्नो परिवारजन र सैनिकहरूसहित डाँडाको टुप्पामा बनाइएको किलाभित्र बस्थे ।*

खमेर अधिराज्य

कुनै समय दक्षिण-पूर्व एसियामा चिनियाँ शासनहरू वा उनीहरूप्रति वफादार स्थानीय नेताहरूको शासन थियो । परन्तु तेस्रो शताब्दीदेखि भारतबाट गएका व्यापारी तथा धार्मिक गुरुहरूले यस क्षेत्रका वासिन्दालाई हिन्दु धर्म तथा बौद्ध धर्मसँग परिचित गराउन थाले ।

इस्वीको नवौँ शताब्दीमा कम्बोडियामा चिनियाँ शासनलाई विस्थापित गरी खमेर अधिराज्यको स्थापना भयो । इ. सं. ९०० तिर नयाँ सहरको रूपमा अङ्खोरको निर्माण हुन थाल्यो । दस लाख जनसङ्ख्या भएको यो सहरमा बृहत् र भव्य मन्दिरहरू बनेका थिए ।

इ. सं. पन्ध्रौँ शताब्दीमा छिमेकी थाई अधिराज्यका सैनिकहरूले खमेर अधिराज्यमाथि आधिपत्य जमाए । पछि कैयौँ वर्षसम्म अङ्खोर सहर जङ्गलभित्र लुप्त अवस्थामा रहिरह्यो । इ. सं. १८६१ मा संयोगवश एकजना फ्रेन्च नागरिक अल्बर्ट आंरी मउहोले यो ठाउँ भेट्टाएका थिए ।

अङ्खोरवाट

बाह्रौँ शताब्दीतिर बनेको अङ्खोरवाटमन्दिर खमेर वास्तुकलाको अनुपम उदाहरणको रूपमा चिनिन्छ । यो विशाल मन्दिर हिन्दु देवता विष्णुको मन्दिर हो । यो मन्दिर राजा सूर्यवर्मन द्वितीयको समयमा निर्माण भएको थियो । झन्डै अढाई माइल लामो पोखरीको बीचमा यो मन्दिर बनेको छ । यसको उचाइ करिब ६४ मिटर छ । यस मन्दिरको मूल ढोका अति भव्य एवम् आकर्षक छ । मन्दिरभित्र थुप्रै चोकहरू छन् । मूलढोकाभित्र बीचको आधा माइल लामो चोकको सम्पूर्ण भित्ता मूर्तिहरूबाट सजिएको छ । यी मूर्तिहरू रामायण र भगवान् विष्णुका दस अवतारसम्बन्धी कथामा आधारित छन् ।

मध्यकालीन युरोप

युरोपमा इ. सं. ५०० देखि १५०० सम्मको समय अवधिलाई मध्ययुग वा मध्यकाल भनिन्छ । यो युग रोमन साम्राज्यको अन्त्यपछि सुरु भई रेनासाँ अर्थात् पुनर्जागरणकालको प्रारम्भसम्म रह्यो । मध्यकालको प्रारम्भिक समय भाइकिङहरूको आक्रमण, इङ्ल्यान्डमाथि नरमन्डीका ड्युक विलियमको विजय आदि युद्ध र आक्रमणको समय थियो । इङ्ल्यान्ड र फ्रान्सबीच चलेको कथित 'सयबर्से युद्ध' (इ. सं. १३३७-१४५३) पनि यसै मध्यकालको घटना थियो ।

सामन्ती व्यवस्था

सामन्ती व्यवस्था वा सामन्तवाद शब्दले मध्यकालमा युरोपमा विकसित राजनीतिक एवम् सैनिक व्यवस्थालाई बुझाउँछ । शासक वा स्वामीप्रति फ्राङ्क लडाकुहरूको वफादारीको बदला उनीहरूलाई संरक्षण र इनाम दिइएको थियो । त्यो नै सामन्तवादको सुरुआत थियो । इ. सं. ८०० देखि १२०० को अवधिमा युरोपभरि सामन्ती व्यवस्था फैलिएको थियो । रैती तथा सैनिकहरूको सेवाको बदला उनीहरूलाई भूमि बक्सिस दिइन थाल्यो ।

इ. सं. १२०० को उत्तरार्द्धदेखि सामन्ती व्यवस्थामा ऱ्हास आउन थाल्यो । समाजमा मुद्राको प्रचलन बढ्न थाल्यो । मानिसहरूले पैसा तिरेर जमिन किन्न थाले । मालिकहरूले पनि सैनिकहरूलाई भूमिको बदला पैसा दिन थाले ।

डोम्सडे बुक

इ. सं. १०८६ मा नरमन्डीका ड्युक विलियमले सम्पूर्ण इङ्ल्यान्डको सर्वे गर्ने आदेश दिएका थिए । परिणामस्वरूप



मध्यकालीन युरोपमा बजारको ठूलो महत्त्व थियो । कृषकहरू आफ्ना उत्पादनहरू सहर ल्याई बेच्थे । घुमन्ते व्यापारीहरू कपडा बेच्न आउँथे । चटकेको खेल हेर्न मानिसहरूको भीड लाग्थ्यो ।



सरदार वा जागिरदारहरू राजा वा मालिकबाट आफूले पाएको भूमि जमिन्दारहरूलाई दिन्थे । जमिन्दारका लागि ती भूमिमा किसानहरू खेती गर्थे र आफ्नो उत्पादन जमिन्दार लाई बुझाउँथे । किसानहरूलाई उनीहरूको भरणपोषणका लागि सानो टुक्रा जमिन दिइन्थ्यो ।

◄

इङ्ल्यान्डभरिका प्रत्येक ठाउँ (लन्डन, विन्स्टर र उत्तरी इङ्ल्यान्ड बाहेक) को जनसङ्ख्या र व्यक्तिगत सम्पत्ति विवरण सङ्कलन गरिएको थियो । बाह्रौँ शताब्दीदेखि युरोपमा अन्यत्र पनि त्यस्तै सर्वे गर्न थालिए ।

सर्वे गर्ने कामका लागि लेखपढ गर्न जान्ने मानिसहरूको आवश्यकता बढ्न थाल्यो । फलत: मध्ययुगमा युरोपमा विश्वविद्यालयहरू स्थापना हुन थाल्यो ।

काला मृत्यु

इ. सं. १३४० तिर 'काला मृत्यु' नामको डरलाग्दो रोगका कारण युरोपमा लाखौँ मानिसहरूको ज्यान गएको थियो । यस रोगका रोगीको शरीरमा देखिने काला धब्बाहरूका कारण सम्भवत: यसलाई काला मृत्यु नाम दिइएको थियो । यो रोग एसियाबाट युरोपमा फैलिएको अनुमान गरिएको छ ।

वास्तवमा काला मृत्यु मुसाहरूमा हुने उपियाँहरूबाट यो रोग फैलिएको थियो तर त्यो वेला यो कुरा थाहा हुन सकेको थिएन ।

▲

काला मृत्यु कहाँबाट आएको थियो र यसलाई कसरी उपचार गर्ने भन्नेबारे त्यस वेला कसैलाई पनि थाहा थिएन । धेरै मानिसहरू रोगले समातेको एक दिनमै मरेका । मरेका लासलाई गाडामा जम्मा गरेर लगिन्थ्यो । महामारी फैलिएको सहरबाट मानिसहरू भागेर अरू सहर पसे र त्यहाँ पनि यो रोग सर्न पुगेको थियो ।

नेपाल

इतिहास

प्रागैतिहासिक नेपालबारे अहिलेसम्म कुनै पनि प्रामाणिक तथ्यहरू पाइएका छैनन् । इस्वी संवत् पाँचौं शताब्दीदेखि आएर मात्र नेपालको इतिहास प्रामाणिक एवम् स्पष्ट रूपमा थाहा पाउन सकिएको छ । इ. सं. १७७९ मा गोरखाका शाहवंशीय राजा पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्नुअगाडिको नेपालको इतिहास भन्नाले वस्तुत: काठमाडौं उपत्यकाको इतिहास भन्ने बुझिन्छ ।

महाभारत, पुराण आदि हिन्दु ग्रन्थहरू तथा बौद्ध एवम् जैन ग्रन्थहरूमा नेपालबारे उल्लेख पाइनुले नेपाल राज्य ज्यादै प्राचीन राज्य हो भन्ने कुरामा कुनै शङ्का छैन ।

नेपालको प्राचीन इतिहासबारे जानकारी लिने एउटै मात्र स्रोत भनेको वंशावलीहरू हुन् । वंशावलीहरूमा उल्लेख भएअनुसार नेपालमा गोपाल, आभिर तथा किराँतहरूले शासन गरेका थिए । किन्तु यी कुरालाई पुष्टि गर्ने कुनै प्रामाणिक आधार भने छैन ।

नेपालको प्रामाणिक इतिहास इ. सं. ४६४ को चाँगुनारायण मन्दिरमा रहेको राजा मानदेवको अभिलेखबाट प्रारम्भ हुन्छ ।

इतिहासकारहरूले नेपालको प्रामाणिक इतिहासलाई निम्नलिखित पाँच खण्डमा विभाजन गरेका छन् :

- लिच्छविकाल
  (करिब इ. सं. ३००-८७९)
- सङ्क्रमणकाल
  (करिब इ. सं. ८७९-१२००)
- पूर्वार्द्धको मल्लकाल
  (इ. सं. १२००-१३८२)
- उत्तरार्द्धको मल्लकाल
  (इ. सं. १३८२-१७६९)
- शाहकाल (इ. सं. १७६९-२००८)

◄

चाँगुनारायण मन्दिर

चाँगुनारायण मन्दिर राजा मानदेवको पालामा इस्वी संवत् ४६४ मा बनेको र यहाँको पहिलो गुठी पनि राजा मानदेवले नै राखेको तथ्य पाइन्छ । हाल भएका चाँगुनारायणको मन्दिर कान्तिपुरका मल्ल राजा जयभूपालेन्द्र मल्लले इ. सं. १६९४ मा जीर्णोद्धार गरेका थिए भन्ने उल्लेख पाइन्छ । सत्तलै सत्तलहरूले घेरिएर रहेको यो प्रसिद्ध मन्दिरले नेपालको सांस्कृतिक, पुरातात्त्विक एवम् ऐतिहासिक महत्त्व बोकेको छ ।

लिच्छविहरू

नेपालका लिच्छविहरू उत्तर भारतको वैशालीका लिच्छविहरूको हाँगा मानिन्छन् । उनीहरू करिब इ. सं. २५० तिर त्यताबाट बसाइँ सरेर नेपाल आएका थिए भन्ने विश्वास गरिन्छ । लिच्छविहरू आउनुअगाडि यहाँ किरातहरूको शासन थियो भन्ने गरिन्छ ।

इ. सं. ४६४ को चाँगुनारायणमा रहेको ऐतिहासिक स्तम्भ-अभिलेखका कारण मानदेव प्रथमको नाम पहिलो ऐतिहासिक लिच्छवि राजाको रूपमा लिइन्छ ।



▲
इन्द्रजात्रा

इन्द्रजात्रा काठमाडौँ उपत्यकामा मनाइने एक महत्त्वपूर्ण चाड हो । भाद्र-शुक्ल द्वादशीको दिन हनुमानढोका दरबारको प्राङ्गणमा लामो लिङ्गो अर्थात् इन्द्रध्वजा ठड्याइएपछि इन्द्रजात्रा प्रारम्भ हुन्छ । यो जात्रा आठ दिनसम्म निकै चहपहलसाथ चल्छ । जात्रामा विभिन्न खाले मखुन्डो लगाएका नर्तकहरूले महाकाली, महालक्ष्मी, लाखे, भैरव आदि नृत्य प्रस्तुत गर्छन् । जात्राको मुख्य तीन दिन काठमाडौँ सहरमा कुमारी, गणेश तथा भैरवको रथयात्रा गरिन्छ ।



लुम्बिनीको अशोकस्तम्भ ▲

नेपालको लुम्बिनी भगवान् गौतम बुद्धको जन्मस्थल हो भन्ने कुराको पुष्टि झन्डै तेइस सय वर्षअगाडि मौर्य सम्राट् अशोकले त्यहाँ आई स्थापना गरेर गएको शिलास्तम्भ (अशोकस्तम्भ) ले गरेको छ । यो स्तम्भ इ. सं. १८८६ मा राणा प्रधानमन्त्री वीर शमशेरका भाइ खड्ग शमशेरले रुम्मिनदेई (रुपन्देही) को जङ्गलमा उत्खनन गराउँदा सन् १८९६ डिसेम्बर १ तारिखका दिन फेला परेको थियो ।

अर्को महत्त्वपूर्ण लिच्छवि राजाका रूपमा अंशुवर्माको नाउँ आउँछ । उनले तिब्बतसँगको व्यापारिक मार्ग खोलेका थिए । इस्वीको सातौँ शताब्दीमा नेपाल आएका चिनियाँ यात्री हुयन साङको यात्रा वृत्तान्तमा उनलाई बहुमुखी प्रतिभाका धनी व्यक्ति भनेर प्रशंसा गरिएको पाइन्छ । इतिहासमा वर्णित प्रसिद्ध कैलाशकुट भवन अंशुवर्माले निर्माण गर्न लगाएका थिए ।

अर्को लिच्छवि राजा नरेन्द्रदेवले चीनसँग मैत्री सम्बन्ध विस्तार गरेका थिए । उनीपछि आएका राजाहरूले भारतका राजघरानाहरूसँग वैवाहिक सम्बन्धको सुरुआत गरेका थिए ।

इ. सं. ८७९ पछिका तीन सय वर्षभन्दा बढी समयको नेपालको इतिहासबारे कुनै

लिखित अभिलेख पाइँदैन । यस समयलाई इतिहासकारहरूले सङ्क्रमणकाल भनेका छन् ।

सङ्क्रमणकालमा राजनीतिक अस्थिरता रहे पनि सांस्कृतिक रूपले यो समय निकै



▲

पशुपतिनाथ मन्दिर

पशुपतिनाथ मन्दिर लिच्छविकाल र अझ सोभन्दा अगाडि नै अस्तित्वमा आइसकेको थियो भनिन्छ । तथापि मन्दिरको वर्तमान ढाँचा मल्लकालको हो । लिच्छवि राजा जयदेव द्वितीयले इ. सं. ६९४ मा सर्वप्रथम यस मन्दिरको निर्माण गराएका थिए । प्राचीन मल्ल राजा शिवदेवको समय (इ. सं. १०४२-१२४० मा पनि पशुपतिनाथको मन्दिर जीर्णोद्धार भएको थियो । इतिहासमा उल्लेख भएअनुसार इ. सं. १२९३ मा बङ्गालका सुल्तान समशुद्धिनको आक्रमणबाट यो मन्दिरको ठूलो क्षति भएको थियो । आक्रमणको दस वर्षपछि इ. सं. १३०३ मा महापात्र जयसिंहरामले यस मन्दिरको पुन:निर्माण गरेका थिए । त्यस वेला यो मन्दिर तीन तलाको थियो । राजा ज्योति मल्लले इ. सं. १३५९ मा पुन: यसको जीर्णोद्धार गरेका थिए । मन्दिरको वर्तमान स्वरूप अर्थात् दुई तला भएको मन्दिर शिवसिंह मल्लको समय (इ. सं १५२१-१५६३) मा उनकी रानी गङ्गादेवीले बनाउन लगाएकी थिइन् । यसपछि प्रताप मल्ल, भूपालेन्द्र मल्ल, नृपेन्द्र मल्लको समयमा पनि जीर्णोद्धार भइरह्यो । शाहकालमा आएर यस मन्दिरका काठका तोरण र ढोकाहरू सुन र चाँदीले मोडियो ।

समृद्धशाली थियो भन्ने कुराको पुष्टि तत्कालीन उत्कृष्ट प्रस्तर तथा धातुका मूर्तिहरूले गरेका छन् ।

मल्लहरू

इस्वी संवत् तेह्रौं शताब्दीदेखि नेपालमा मल्ल वंशका राजाहरूको क्रम आउँछ । काठमाडौं उपत्यकालाई मौलिक नेपाली कला र संस्कृतिको केन्द्रको रूपमा विकास गर्नमा यी मल्ल शासकहरूको ठूलो योगदान रहेको छ ।



▲

स्वयम्भूनाथ स्तूप

काठमाडौं उपत्यकाको पश्चिम डाँडामा स्वयम्भूनाथ स्तूप अवस्थित छ । स्वयम्भूनाथसम्म पुग्नका लागि ३६० खुड्किला बनाइएको छ । सिँढी सकिनासाथ स्वयम्भू महाचैत्यको अगाडि धातुको वज्रधातु मण्डल रहेको छ । स्वयम्भू महाचैत्य ५० वर्ग मिटरको जगमा निर्मित छ । महाचैत्यको दायाँबायाँ शिखर शैलीमा बनेका अनन्तपुर र प्रतापपुर रहेका छन् । ती दुई मन्दिर राजा प्रताप मल्लले आफू र उनकी रानी अनन्तप्रियाको नाउँमा निर्माण गर्न लगाएका थिए ।

इतिहासकारहरूले मल्लकाललाई पूर्वार्द्धको मल्लकाल (इ. सं. १२००-१४८२) र उत्तरार्द्धको मल्लकाल (इ. सं. १४८२-१७६९) का रूपमा विभाजन गरेका छन् ।

मल्ल राजामध्ये जयस्थिति मल्ल (इ. सं. १३८२-९५) र उनका नाति यक्ष मल्ल (इ. सं. १४२८-८२) उल्लेखनीय छन् । जयस्थिति मल्लले सयौँ वर्षदेखिको राजनीतिक अस्थिरतालाई समाप्त गरी काठमाडौँ उपत्यकालाई एउटै राज्य बनाएका थिए । झन्डै आधा शताब्दी लामो आफ्नो शासनकालमा यक्ष मल्लले आफ्नो राज्यलाई अझ विस्तार गरेका थिए । त्यस वेला भक्तपुर मल्लहरूको राजधानी सहरको रूपमा रहेको थियो ।

काठमाडौँका प्रताप मल्ल, पाटनका सिद्धिनरसिंह मल्ल, भक्तपुरका भूपतीन्द्र मल्ल आदि प्रतापि मल्ल शासकहरूका शासनकालमा काठमाडौँ उपत्यकामा अनेकौँ भव्य मन्दिर एवम् कलाकृतिहरू निर्माण भएका थिए ।

यक्ष मल्लको निधनपछि काठमाडौँ उपत्यका तीन वेग्लावेग्लै राज्यमा विभाजन भयो । यी राज्यका शासकहरूबीच प्रायः कलह भइरहन्थ्यो । राजनीतिक रूपले अस्थिर रहे पनि उत्तरार्द्धको मल्लकालमा व्यापारिक एवम् सांस्कृतिक गतिविधिमा कुनै शिथिलता आएको देखिँदैन । अनुपम काष्ठकलाबाट शोभायमान रहेका अधिकांश मल्लकालीन उत्कृष्ट मन्दिर, राजप्रासाद एवम् भवनहरू मल्लकालको उत्तरार्द्धमा बनेका थिए ।

इ. सं. १७६९ मा गोरखाका शाहवंशीय राजा पृथ्वीनारायण शाह (इ. सं. १७६९-१७७५ शासनकाल) ले काठमाडौँ उपत्यकामाथि विजय हासिल गरेपछि

▲
काष्ठमण्डप

काठमाडौँको मरूसत्तलको ऐतिहासिक महत्त्व रहेको छ । यो काष्ठमण्डप नाउँले पनि प्रख्यात छ । यही काष्ठमण्डपबाट काठमाडौँ सहरको नाउँ रहेको हो भन्ने जनश्रुति पाइन्छ । यसलाई गोरक्षनाथ अर्थात् गोरखनाथको मन्दिरको रूपमा मानिन्छ । किन्तु यो मन्दिर होइन । वस्तुतः यो मण्डप हो । मन्दिरमा चारैतिर गारो लागेको हुन्छ तर मण्डपमा चारैतिर गारो लागेको हुँदैन र चारैतिरबाट यो खुला रहेको हुन्छ ।

केवल काठको मात्र प्रयोग गरी बनाइएको यो भव्य मण्डप इ. सं. ११४२ तिर राजा लक्ष्मीनरसिंह मल्लको समयमा निर्माण भएको अनुमान गरिएको छ । तीन तहको छाना भएको यो मण्डप एउटै सिङ्गो रूखबाट बनाइएको थियो भन्ने किंवदन्ती पाइन्छ ।

मल्लकालको अवसान भयो । जयप्रकाश मल्ल, तेजनरसिंह मल्ल तथा रणजीत मल्ल क्रमशः काठमाडौँ, पाटन तथा भक्तपुरका अन्तिम मल्ल राजाहरू थिए ।

इतिहासविद्हरूले काठमाडौँ उपत्यकामा शाहवंशको शासनको प्रारम्भदेखिको समयलाई आधुनिक काल भनेका छन् ।

हाम्रा देवीदेवताहरू

नेपालमा परापूर्वकालदेखि हिन्दु धर्म र बौद्ध धर्म सहअस्तित्वमा फस्टाउँदै आएको छ । यहाँको दैनिक जीवन, सामाजिक संस्कार, चाडपर्व तथा कलामा धर्मले महत्त्वपूर्ण स्थान ओगटेको छ ।

ब्रह्मा (सृष्टिकर्ता), विष्णु (पालनकर्ता) र शिव (संहारकर्ता) हिन्दु दर्शनको त्रिमूर्ति अर्थात् त्रिदेवका रूपमा मानिन्छन् । काठमाडौँ उपत्यकामा पशुपतिनाथ (पशुहरूका स्वामी) अर्थात् भगवान् शिवलाई शाश्वत ईश्वरको रूपमा आराधना गरिँदै आएको पाइन्छ ।

भैरवलाई शिवको रौद्र स्वरूपको रूपमा लिइन्छ र काठमाडौँ उपत्यकामा यिनको ठूलो महत्त्व रहेको पाइन्छ । यिनका सहस्र नाम र स्वरूप पाइन्छन् ।

जलशयन विष्णु ▼

बूढानीलकण्ठ अर्थात् जलशयन विष्णुको भव्य मूर्ति सातौँ शताब्दीतिर विष्णुगुप्तको पालामा बनेको थियो । यो विशाल मूर्ति सिङ्गो ढुङ्गा काटेर बनाइएको छ । चारओटा भुजासहित शेषनागमाथि पल्टेका भगवान् विष्णुको यो मूर्ति वर्गाकार जलकुण्डमा अवस्थित छ । वरदमुद्रामा रहेका देवताको तल्लो दायाँ हातले पद्मबीज लिएको छ । बाँकी हातहरूमा चक्र, गदा र शङ्ख रहेका छन् । नागका एघारओटा टाउकाले भगवान्को शिरलाई आश्रय दिएका छन् । नारायणको शिर देवमुकुटले सुशोभित छ । कानमा कुण्डल, काँधबाट घुँडासम्म यज्ञोपवीत, कम्मरमा पटुका र यसमुनि उत्तरीय बाँधिएको छ ।

हिन्दु धर्मावलम्बीहरूबीच शिव र विष्णुका अलगअलग अनुयायीहरू पाइन्छन् । गणेश र कार्तिकेय शिवको परिवारभित्र पर्छन् ।

देवीहरूमा उमा अथवा पार्वती शिवकी स्त्री र लक्ष्मी विष्णुकी स्त्रीका रूपमा परिचित छन् । विद्याकी देवीका रूपमा सरस्वतीको उपासना गरिन्छ । काठमाडौँ उपत्यकामा जीवित देवीका रूपमा कुमारीलाई पूजा गरिन्छ ।

हिन्दुहरूकी महत्त्वपूर्ण देवीका रूपमा शक्ति अर्थात् भगवती रहेकी छिन् । उनी प्रायः महिषासुर आदि दानवशक्तिलाई नाश गरिरहेकी स्वरूपमा देख्नमा आउँछ ।

भगवान् विष्णु प्रायः उनकी स्त्री लक्ष्मी र वाहन गरुडसँग देखिन्छन् । यसबाहेक विष्णुका विविध अवतारहरूको पनि अर्चना गरिन्छ ।

काठमाडौँ उपत्यकामा मानिने अन्य देवताहरूमा गणेश, इन्द्र र कुमार उल्लेखनीय छन् । शुभ, मङ्गल र

सिद्धिदाता देवताका रूपमा गणेशलाई हिन्दु र बौद्ध दुवै मतालम्बीहरूले आराधना गर्छन् ।

बौद्ध धर्मका प्रवर्तक सिद्धार्थ गौतमबुद्ध हुन् । उनको जन्म इ. पू. ५६३ मा नेपालको कपिलवस्तुमा भएको थियो । बौद्ध ग्रन्थहरूमा ऐतिहासिक शाक्यमुनि बुद्धका अतिरिक्त अरू असङ्ख्य बुद्धहरूको उल्लेख पाइन्छ । प्रमुख बुद्धहरूमा पाँच बुद्धहरूको समूह पञ्चबुद्ध, वज्रयान सम्प्रदायका पाँच काल्पनिक बुद्धहरू, मैत्रेय बुद्ध आदि उल्लेखनीय छन् ।

मैत्रेय बुद्धलाई भविष्यत् बुद्ध अर्थात् कालान्तरमा आउने बुद्धको रूपमा लिइन्छ र यिनलाई बोधिसत्त्वको रूपमा पनि मानिन्छ ।

अनेकौँ बोधिसत्त्वमध्ये पद्मपाणि अर्थात् अवलोकितेश्वर, मैत्रेय, मञ्जुश्री तथा वज्रपाणि उल्लेखनीय छन् । नेपालमा अवलोकितेश्वरपछि अर्को महत्त्वपूर्ण बोधिसत्त्वका रूपमा मञ्जुश्री देखापर्छन् । यिनी बुद्धिका देवताका रूपमा चिनिन्छन् ।

बौद्ध देवीहरूलाई प्रज्ञा अर्थात् ज्ञानको प्रतीक मानिन्छ । तीमध्ये तारा निकै लोकप्रिय छिन् । वसुन्धरालाई समृद्धिदात्री देवीका रूपमा अर्चना गरिन्छ ।

►
सँझ्या:

परम्परागत नेपाली शैलीमा बनेको घरको मुख्य कोठाको मोहडामा तीन, पाँच वा सात ओटा झ्यालहरूलाई एकै ढिको गरी बनाइएका खुला झ्यालहरू पनि राख्ने चलन छ । 'सँझ्या:' भनिने यी झ्यालहरू घरको मुख्य झ्यालको रूपमा विशिष्ट ढङ्गले सजिएका हुन्छन् जसमा तोरण आदि समेत लागेका हुन्छन् । यस्ता किसिमका झ्यालहरू घरको गारोबाट बाहिर निस्केका हुन्छन् । यसप्रकारका झ्यालमाथि झिङ्गटीको वा धातुको छाना बिछ्याइएको हुन्छ ।



टुँडाल ►

परम्परागत नेपाली घर तथा मन्दिर आदिमा छानालाई अड्याउनको निम्ति छड्के रूपमा अड्याइएको मजबुत टेकोलाई टुँडाल भनिन्छ । यस्ता टुँडालहरू प्राय: काठकै हुन्छन् र निकै कलापूर्ण हुन्छन् । यी टुँडालहरूमा मन्दिरस्थित मूलदेवताको सम्प्रदायअनुसार उनका गणहरू वा स्वयम् देवताकै विभिन्न अवतारका मूर्तिहरू टुँडालको लम्बाइ-चौडाइमा मिल्ने आकृतिमा कुँदिएका हुन्छन् ।

कला र संस्कृति

वास्तुकला

मल्लकालमा काठमाडौँ उपत्यकामा अनुपम काष्ठकलाबाट शोभायमान रहेका अनगिन्ती उत्कृष्ट घर, सत्तल, मन्दिर, विहार, राजप्रासाद आदि बनेका थिए । तत्कालीन वास्तुकलाका केही उत्कृष्ट नमुनाहरू अद्यापि हाम्रो सामु छन् ।

परम्परागत नेपाली वास्तुकलामा माटो, इँटा, काठ, ढुङ्गा आदिसम्बन्धी कामका अतिरिक्त चित्रकला, मूर्तिकला तथा रङरोगन एवम् अन्य विभिन्न सजावटहरूको उपयोग हुन्छ ।

परम्परागत नेपाली घर तथा मन्दिरहरूको निर्माणमा इँटको गारो प्रयोग गरिएको हुन्छ । इँटाहरू विशेष प्रविधिबाट पोलेर बनाइन्छन् र यी निकै मजबुत हुन्छन् । सम्पन्न तथा राजकीय व्यक्तिहरूका घरहरू विशेष कलात्मक सुन्दरताले युक्त हुन्छन् ।

नेपाली वास्तुकलाका शैलीलाई मूलत: तीनओटा शैलीहरू – प्यागोडा शैली, स्तूप शैली र शिखर शैलीमा वर्गीकरण गर्न सकिन्छ ।

प्यागोडा शैली

उहिले हिउँदयाममा काठमाडौँमा बाक्लो हिउँ पर्थ्यो । हिउँ जम्न नपाओस् भन्ने अभिप्रायले यहाँका घर तथा मन्दिरहरूका छाना ४५ डिग्री कोणमा छड्के पारेर बनाइन्थ्यो । तहतह छानायुक्त हाम्रो मन्दिर वास्तुकला 'प्यागोडा शैली' को नामबाट विश्वप्रसिद्ध छ ।

प्यागोडा शैलीका मन्दिरहरूको छाना झिङ्गटी वा धातुबाट बनाइएका हुन्छन् । छानाको बोझलाई अड्याउन चारैतिरबाट छड्के टुँडालहरू ठड्याइएका हुन्छन् ।

सबैभन्दा तल्लो तलामा मुख्य देवताको मूर्ति स्थापना भएको हुन्छ । प्राय: मन्दिरको चारैतिर चारओटा द्वारहरू हुन्छन् । यी द्वारमाथि तोरण हुन्छ । तोरणको बीचमा मुख्य देवताको ध्यान मुद्राको मूर्ति हुन्छ र वरिपरि नाग, छेपु र मकरहरू रहेका हुन्छन् । सबैभन्दा माथिल्लो छानामाथि गजुर हुन्छ ।

काठमाडौँको पशुपतिनाथ मन्दिर, तलेजु मन्दिर, जैशीदेवल, कुमारीघर, वसन्तपुरको नौतले दरबार आदि; पाटनको कुम्भेश्वर मन्दिर, भीमसेन मन्दिर, मङ्गलबजारको



▲
पाँचतले मन्दिर

भक्तपुरको न्यातपौ: मन्दिर नेपाली प्यागोडा शैलीको सर्वोत्कृष्ट उदाहरणको रूपमा गनिन्छ । यस मन्दिरको निर्माण इ. सं. १५८९ मा राजा भूपतीन्द्र मल्लले गराएका थिए । यस मन्दिरभित्र भवानी सिद्धिलक्ष्मीको प्रतिमा राखिएको छ । देवी शिद्धिलक्ष्मीको मूर्तिमा नौ ओटा टाउको र अठार ओटा हातहरू छन् । देवीले कलश समातेकी छिन् । पाँचओटा तला भएकाले यस मन्दिरको नाम 'न्यातपौ: देग:' अर्थात् 'पाँचतले मन्दिर' रहन गएको हो ।

यो मन्दिर अत्यन्त अग्लो आधारभूमिमा खडा भएको छ । मन्दिरको पाँच तहको छाना क्रमश: माथि सानो हुँदै गएको छ । मन्दिरमा छओटा खण्डमा ढुङ्गाका भऱ्याङहरू छन् । मन्दिरको सबैभन्दा तल्लो खण्डमा दायाँबायाँ दुई भीमकाय मानव आकृतिहरू छन् । ती आकृतिहरू जय मल्ल र पत्त मल्ल नाउँका त्यस वेलाका पहलमानहरू हुन् भन्ने जनश्रुति छ । भनिन्छ, उनीहरू साधारण मानिसभन्दा दसगुणा बलशाली थिए । यसभन्दा माथिल्ला खण्डहरूमा क्रमश: एकएक जोडा हात्ती, सिंह र शार्दूलका भव्य प्रस्तर आकृतिहरू रहेका छन् । यी आकृतिहरू मन्दिरको रक्षार्थ राखिएका हुन् भन्ने लोकोक्ति पाइन्छ ।

विष्णु मन्दिर, रातो मच्छेन्द्रनाथ मन्दिर आदि तथा भक्तपुरको चाँगुनारायण मन्दिर, पचपन्नझ्याल दरबार, भैरव मन्दिर, न्यातपौः देवल आदि प्यागोडा शैलीमा बनेका वास्तुकलाका अनुपम उदाहरणका रूपमा रहेका छन् ।



▲

मयूरझ्याल

हाम्रो वास्तुकलामा आँखीझ्याल अर्थात् तिकीझ्याको विशेष स्थान रहेको छ । यस्ता झ्यालहरूमा अष्टमङ्गल चिह्नहरूका अतिरिक्त विविध सम्प्रदायका इष्टदेवीदेवता र जीवजन्तुहरूको मूर्ति पनि जडिएका हुन्छन् । उदाहरणका लागि मयूरझ्याललाई लिन सकिन्छ । मयूरझ्यालमध्ये उत्कृष्ट झ्याल भक्तपुरस्थित टचुपाः टोलको पुजारीमठमा रहेको छ । यस मयूरझ्यालमा बीचमा प्वाँख फिँजाएका मयूर देखिन्छ । झ्यालको चौकोस र उपचौकोसहरू बुट्टाले भरिएका छन् । चौकोसको भित्री भागमा दायाँबायाँ र माथिपट्टि चराका आकृतिहरू रहेका छन । यो झ्याल इ. सं. १६४३ तिर बनेको थियो ।

स्तूप शैली

बौद्ध धर्मका अनुयायीहरूले आफ्नो सम्प्रदायसँग सम्बन्धित पवित्र वस्तुलाई जमिनमुनि गाडी त्यसमाथि स्मारकका रूपमा उठाइएको अर्धगोलाकार गर्भ भएको स्मारकलाई स्तूप भनिन्छ ।

नेपालमा बनेका स्तूपमध्ये स्वयम्भूनाथ र बौद्धनाथ विश्वप्रसिद्ध छन् । भनिन्छ, पाटनस्थित पाँचओटा स्तूपहरू मौर्य सम्राट् अशोकले निर्माण गराएका थिए, जुन नेपालमा रहेका स्तूपमध्ये सबैभन्दा प्राचीन मानिन्छन् ।



▲

कृष्ण मन्दिर

वि. सं. १६०६ मा पाटनका राजा सिद्धिनरसिंह मल्लले बनाउन लगाएको पाटनदरबारअगाडिको कृष्ण मन्दिर नेपाली प्रस्तर वास्तुकलाको बेजोड नमुना मानिन्छ । शिखर शैलीमा ढुङ्गैढुङ्गाले बनेको यस मन्दिरमा धेरै तला छन् र यहाँ एक्काइसओटा सुनका गजुर छन् । मन्दिरको देवागार दुई तलामाथि रहेको छ । मन्दिरको तल्लो तलाको भित्तामा रामायण र माथिल्लो तलामा महाभारतका सम्पूर्ण लीला कुँदिएका छन् । मन्दिरको दोस्रो तलाको मध्यभागमा भगवान् श्रीकृष्णको प्रस्तर मूर्ति स्थापना गरिएको छ । बाहिरी भागमा चारैतिर भगवान् विष्णुका दस अवतारका सुन्दर मूर्तिहरू पनि कुँदिएका छन् । मन्दिरको सामुन्ने चारपाटे ढुङ्गाको खम्बाको टुप्पोमा गरुडको मूर्ति छ । भनिन्छ, यो मन्दिर बनाउन सात वर्ष लागेको थियो ।

शिखर शैली

शिखर शैली गुप्तकालीन भारतमा चौथो शताब्दीतिर विकसित भएको वास्तु शैली हो । यस शैलीका मन्दिरहरूमा प्रवेशद्वारबाहिर दुई वा चारओटा प्रस्तर स्तम्भमाथि बरन्डाको निर्माण गरिएको हुन्छ । ती

जानकी मन्दिर

हिन्दु महाकाव्य रामायणकी सीताको जन्म नेपालको जनकपुरमा भएको थियो भन्ने जनविश्वास पाइन्छ । सीताको विवाह अयोध्याका युवराज रामसँग भएको थियो । यसै जनकपुरमा ऐतिहासिक जानकी मन्दिर रहेको छ । इ. सं. १८९३ मा भारतको टिकमगढ राज्यकी महारानी वृषभानुकुमारीले यो भव्य मन्दिर निर्माण गर्न लगाएकी थिइन् । भनिन्छ, यस मन्दिरको निर्माणमा नौ लाख रुपियाँ खर्च भएको थियो । अतः यो मन्दिर 'नौलखा मन्दिर' को नाउँबाट पनि प्रख्यात छ । यस मन्दिर नजिक प्राचीन राम मन्दिर पनि रहेको छ । ▼

स्तम्भले माथितिर मूल मन्दिरको ऊर्ध्व भागसँग जोडिएको गुम्बजलाई पनि थामेका हुन्छन् । मन्दिरवरिपरि सानो प्रदक्षिणापथ र भित्रको दलानमा गर्भगृह हुन्छ जहाँ मन्दिरको मूल देवी वा देवताको प्रतिमा रहेको हुन्छ । माथि चुलिँदै गएको कारण यसलाई शिखर शैली भनिएको हो ।

नेपालका प्रस्तरनिर्मित शिखर शैलीका मन्दिरहरूमा पाटनको कृष्ण मन्दिर, पशुपतिको ब्रह्मा मन्दिर, भक्तपुरको वत्सलादेवीको मन्दिर, काठमाडौँ इन्द्रचोकको शिव मन्दिर आदि उल्लेखनीय छन् । यस अतिरिक्त इँटाबाट बनेका शिखर मन्दिरहरूमा पाटनको महाबौद्ध मन्दिर, स्वयम्भूको प्रतापपुर र अनन्तपुर आदि उल्लेखनीय छन् ।

मूर्तिकला

काठमाडौँ उपत्यकाभित्र 'किराँतकालीन' भनिएका मूर्तिहरू यत्रतत्र छरिएका छन् । किन्तु त्यस युगको नेपाली कलाको इतिहासलाई प्रामाणिक रूपले पुष्टि गर्ने यथेष्ट प्रमाणको अभावले गर्दा ती मूर्तिहरूबारे आधिकारिक रूपमा चर्चा गर्न गाह्रो छ ।

नेपाली मूर्तिकारहरूले मूर्ति निर्माणका लागि प्रस्तर, धातु, काठ तथा टेराकोटाको प्रयोग गरेको पाइन्छ ।

हिन्दु र बौद्ध देवीदेवताहरूको कलात्मक स्वरूपमा केही समान कुराहरू देखिन्छन्, जस्तै : देवतालाई कुनै योगीको भेषमा बाक्लो केश र कम वस्त्र तथा आभूषण एवम् मुकट आदिबाट सुसज्जित राजकीय

विष्णुविक्रान्त (त्रि-विक्रम) ►

लिच्छवि राजा मानदेवले काठमाडौँको राजपत्तन (अहिलेको लाजिम्पाट) मा एउटा विशाल मन्दिर बनाउन लगाएका थिए र त्यस मन्दिरमा विष्णुविक्रान्त अर्थात् भगवान् विष्णुको पाँचौँ अवतार वामनको अनुपम प्रस्तर मूर्ति स्थापना गरेका थिए भन्ने उल्लेख पाइन्छ ।

इ. सं. ४६७ मा बनेको यस मूर्तिमा वामन अवतारका रूपमा भगवान् विष्णुको विक्रान्त अर्थात् पराक्रमी स्वरूप देखाइएको छ ।

नेपाली मूर्तिकलाको इतिहासमा अति महत्त्वपूर्ण मानिने यो मूर्ति अहिले निकै खिइसकेको छ । हाल यो मूर्ति राष्ट्रिय सङ्ग्रहालयको सङ्कलनमा रहेको छ ।



पुरुषको रूपमा चित्रण गरिन्छ । देवताहरू प्रायः धोतीमा र देवीहरू सारीमा देखिन्छन् । हिन्दु तथा बौद्ध आकृति चाहे पुरुष होऊन् वा स्त्री; तिनलाई गलामा माला, पाखुरामा बाजु, हातमा बाला र कानमा कुण्डलबाट सजाइन्छ ।

बुद्धलाई प्रायः युवा भिक्षुकका रूपमा प्रस्तुत गरिन्छ । बुद्ध मूर्तिहरू प्रायःजसो सीधा उभिएको अथवा पाउलाई कमलको फूल आकारमा बाँधेर बसेको मुद्रामा बनाइन्छ ।

नेपाली मूर्तिकलाको सुवर्ण युग

लिच्छविकालमा नेपाली मूर्तिकला विकासको चरम चुलीमा पुगेको थियो । यस कालमा बनेका ढुङ्गाका मूर्तिहरू अनुपात मिलेका र तिनमा न्यून आभूषणहरू एवम् पारदर्शी वस्त्र देखिन्छन् । ती मूर्तिहरूमा सादगी एवम् वास्तविकता झल्कनु लिच्छविकालीन कलाको विशेषता हो ।

लाजिम्पाट र पशुपति तिलगङ्गामा पाइएका विष्णुविक्रान्त, बूढानीलकण्ठको जलशयन विष्णु, ढोकाबहालको चैत्य आदि मूर्तिलाई लिच्छविकालीन प्रस्तर मूर्तिकलाका उत्कृष्ट उदाहरणका रूपमा लिन सकिन्छ ।

त्यस्तै धुमवाराहीको वराहअवतार, चाँगुनारायण मन्दिर परिसरमा रहेका विश्वविराट, विष्णुविक्रान्त, नरसिंह तथा गरुडनारायण एवम् हनुमानढोकाभित्रको कालियादमन, पलाञ्चोकको महिषासुरमर्दिनी आदि मूर्तिहरू पनि लिच्छविकालीन सुन्दर मूर्तिमध्ये पर्छन् ।

लिच्छविकालीन मूर्तिकलाको सङ्ख्यात्मक एवम् कलात्मक गुणलाई दृष्टिगत गरी स्वदेशी तथा विदेशी विद्वान्हरूले समवेत स्वरमा लिच्छविकाललाई 'नेपाली मूर्तिकलाको स्वर्णयुग' भनेका छन् ।



▲

बौद्धनाथ महाचैत्य

बौद्धनाथ महाचैत्य काठमाडौँ उपत्यकामा रहेका स्तूपमध्ये सबभन्दा ठूलो स्तूपको रूपमा प्रख्यात छ । यो स्तूप राजधानीदेखि झन्डै ८ कि. मि. पूर्वमा अवस्थित छ । यो स्तूप ३६ मिटर अग्लो छ । ठूलो अष्ठकोणाकार आधारमा निर्माण गरिएको बौद्धनाथ स्तूप प्रार्थनाचक्रहरूको पर्खालले वरिपरिबाट घेरिएको छ । यो स्तूप चौकुनेसम्म इँटा र माटोले निर्माण गरी सेतो चुनले पोतिएको छ भने त्यसभन्दा माथि भागमा धातुले जोडी सुनको जलप लगाइएको छ । बौद्धनाथलाई खास्ती पनि भनिन्छ ।

मल्लकालीन मूर्तिकला

पूर्वार्द्धको मल्लकालमा बनेका मूर्ति आकृतिहरूमा गोलो अनुहार, साना आँखा, तीखो नाकले युक्त मङ्गोल अनुहार दृष्टिगोचर हुन्छ । यस कालका मूर्तिहरूमा नरम र सौम्य भावसहित मुस्काइरहेका चित्ताकर्षक अनुहारहरू देखिन्छन् ।

उत्तरार्द्धको मल्लकालका मूर्तिहरू तान्त्रिक दर्शनको प्रभावका कारण बढी जटिल बन्न पुगेका छन् । यस कालका मूर्ति-रचनाहरू प्रायः स्थूल र आङ्गिक अनुपात नमिलेका छन् । यिनमा लिच्छविकाल तथा पूर्वार्द्धको मल्लकालीन मूर्तिमा जस्तो सूक्ष्म कालिगढीको सर्वथा अभाव देखिन्छ ।

पचपन्नझ्याले दरबार

भक्तपुरको पचपन्नझ्याले दरबार राजा यक्ष मल्लको शासनकालमा इ. सं. १४२७ मा निर्माण भएको थियो । पछि इस्वी संवत् सत्रौँ शताब्दीमा भूपतीन्द्र मल्लले यस दरबारलाई नयाँ स्वरूप दिन लगाएका थिए । यस दरबारको पहिलो र दोस्रो तलामा आँखीझ्यालहरू रहेका छन् । तेस्रो तलामा रहेका पचपन्नओटा झ्याल सबै खोल्न र बन्द गर्न हुने गरी बनाइएका छन् । यस दरबारका झ्यालहरूका चौकोस तथा तहतह पारी बनाइएका उपचौकोसहरूमा कलात्मक बुट्टाहरू र मूर्तिहरू कुँदिएका छन् । भनिन्छ, ती पचपन्नओटा झ्यालमध्ये एउटा झ्याल राजा भूपतीन्द्र मल्ल स्वयम्ले चन्दनको काठमा कुँदेका थिए । यस दरबारबाट मूलचोक जाने सुनको मुख्य प्रवेशद्वार धातु मूर्तिकलाका दृष्टिले अति उत्कृष्ट मानिन्छ । यो ढोका भक्तपुरका अन्तिम मल्ल राजा रणजीत मल्लले इ. सं. १७७३ मा बनाउन लगाएका थिए ।

चित्रकला

लिच्छविकालमा बनेका अति उत्कृष्ट मूर्तिहरू पाइए तापनि तत्कालीन चित्रकलाका कुनै नमुना हाल उपलब्ध छैन । चित्रकलाका लागि प्रयोग गरिने माध्यम कागज, ताडपत्र, काठ, भित्ता जस्ता कमजोर सामग्री हुनाका कारण त्यसवेला बनेका कैयन चित्रहरू नष्ट भएका हुन सक्छन् ।

इस्वी संवत् सातौँ शताब्दीतिर काठमाडौँ उपत्यका आएका चिनियाँ दूत वाङ ह्वाङ त्सेको वर्णनमा यहाँका घरहरू सुन्दर चित्र तथा मूर्तिहरूले सजिएका थिए भनेर उल्लेख गरिएको पाइन्छ ।

ग्रन्थचित्र

नेपाली चित्रकलाको सबैभन्दा पुराना नमुनाका रूपमा ग्रन्थचित्रहरू रहेका छन् । ग्रन्थहरू ससाना ताडपत्रमाथि जुन ३० सेमिदेखि ४५ सेमि लामा र ७ सेमिदेखि १० सेमि चौडा हुन्थे । प्रत्येक ताडपत्रको दुवैपट्टि अक्षरहरू लेखिन्थ्यो । पत्रको मध्य भागमा वा छेउतिर विभिन्न चित्र तथा बुट्टाहरू लेखिन्थ्यो । प्रत्येक पत्रको बीचमा दुईओटा प्वाल पारी धागोले बाँधिन्थ्यो । ग्रन्थको सुरक्षाको लागि माथि र तल दुवैपट्टि काठका फलकहरू गाताका रूपमा राखिन्थ्यो । ग्रन्थको गातालाई अझ परिश्रम लगाएर चित्राङ्कन गरिन्थ्यो जसलाई गाताचित्र भनिन्थ्यो ।

प्राचीन नेपालमा विहारहरूमा धर्मग्रन्थहरू लेख्ने र सार्ने काम गरिन्थ्यो । सबैभन्दा बढी सारिएका ग्रन्थहरूमा अष्टसहास्रिका प्रज्ञापारमिता र पञ्चरक्षा नामक ग्रन्थहरूको बाहुल्य देखिन्छ । प्रज्ञापारमितामा गौतमबुद्धको जीवनमा घटित महत्त्वपूर्ण घटनाहरू (जस्तै : बुद्धको जन्म, ज्ञानप्राप्ति, महापरिनिर्वाण आदि प्रकरणसम्बन्धी) विषयवस्तुहरू चित्रित छन् ।

नेपाली ग्रन्थचित्र रचनाहरूमा बोधिसत्त्व, प्रज्ञापारमिता, मञ्जुश्री, शिव, विष्णु, कार्तिकेय, गणेश आदि मूल देवतालाई चित्रको मध्य भागमा र पार्श्वमा अन्य देवीदेवताहरू चित्रण गरिएको पाइन्छ । प्राय:जसो चित्रको खाली स्थानमा उडिरहेका आकृतिहरू तथा फूलबुट्टा वा अरू आलाङ्कारिक बुट्टाहरू दृष्टिगोचर हुन्छ ।

हाल उपलब्ध नेपाली ग्रन्थचित्रका नमुनामध्ये इ. सं. १०१५ मा लेखिएको

अष्टसहास्रिका प्रज्ञापारमिता सबैभन्दा पुरानो मानिएको छ ।

पौभाचित्र

नेपाली चित्रकलाको परम्परामा कपडामा लेखिने चित्रको विशिष्ट स्थान रहेको छ । यसलाई नेवार भाषामा पौभा र तिब्बती भाषामा थाङ्का भन्छन् । कलाविद्हरूका अनुसार पौभाचित्रको परम्पराको थालनी इस्वीको नवौँ-दसौँ शताब्दीतिर नेपाली कलाकारहरूले गरेका थिए जुन यहाँबाट तिब्बत गएको थियो ।

▲

विष्णुमण्डल

मण्डल चित्रको प्रकरणमा हाल लसएन्जेलस काउन्टी म्युजियम अफ आर्टको सङ्कलनमा रहेको विष्णुमण्डल (इ. सं. १३६३) महत्त्वपूर्ण चित्र मानिन्छ । यस चित्रको बीचमा चार हात भएको विष्णु अङ्कित छ । विष्णु अनन्त नागमाथि विराजमान छन् । नागको सातओटा फणाले विष्णुको शिरमाथि फिँजाएर रक्षा गरिरहेको देखिन्छ । विष्णुको बायाँतिर अञ्जली मुद्रा गरी गरुड बसेका छन् भने दायाँतिर बायाँ हातमा कमल र दायाँ हातमा तर्जनी मुद्रा गरी बसेकी लक्ष्मी विराजमान छिन् ।

इस्वीको तेह्रौँ-चौधौँ शताब्दीतिरको अमिताभ बोधिसत्त्वको पौभा सबैभन्दा पुरानो नमुना मानिन्छ । इ. सं. १४२० मा लेखिएको विष्णुमण्डललाई नेपाली पौभाचित्रको सुन्दर उदाहरणको रूपमा लिइन्छ ।

▲

रातो मत्स्येन्द्रनाथ जात्रा

पाटनमा प्रत्येक वर्ष मनाइने रातो मत्स्येन्द्रनाथ जात्राको अवसरमा मत्स्येन्द्रनाथको रथ तानिन्छ । यो जात्रा धेरै दिनसम्म चल्छ । रथयात्रामा भक्तजनहरूको भीडसँगै वाद्यवादकहरूको समूह तथा सैनिकहरूको पल्टन पनि सहभागी हुन्छन् । रथ जावलाखेल पुगेपछि त्यहाँ भक्तजनहरू रातभर जागराम रही दियो बालेर बस्छन् । जात्राको क्रममा पुजारीले रथबाट पवित्र भोटो पनि देखाउँछन् । जात्रा सकिएपछि बाजागाजा र भक्तजनहरूको लश्करसहित मत्स्येन्द्रनाथ आफ्नो घर बुङ्गमती फर्कन्छन् ।

कठिन शब्दहरूको अर्थ

शब्द	अर्थ
अखडा	भेला हुने ठाउँ
अङ्कित	छाप लगाइएको
अनगिन्ती	गनेर नसकिने
अनुपम	बेजोड
अन्ततः	अन्त्यमा
अर्चना	ठूलाबडालाई गरिने आदर एवम् सत्कार
अष्ठकोणाकार	आठकुने आकार
अर्धगोलाकार	आधा गोलो आकार
अद्वितीय	बेजोड
अनुसरण	कुनै विषय, विचार वा व्यक्तिको पछिपछि
अनुयायी	कसैको पछिपछि लाग्ने वा अनुसरण गर्ने
अप्रत्यासित	अचानक भएको
आबद्ध	बन्धनमा परेको
अभिलेख	प्रामाणिक लेख
अलङ्कृत	सिँगारिएको
अवलोकितेश्वर	बोधिसत्त्व
अवशेष	बचेखुचेको वस्तु
अवसान	अन्त्य/समाप्ति
अस्थिपञ्जर	हाडैहाडको शरीरको पिँजरा
आँखीझ्याल	साना-साना प्वाल भएको झ्याल
आक्रमण	हमला
आत्मरक्षा	आफ्नो रक्षा
आदिम पुर्खा	पहिलेका पूर्वज

शब्द	अर्थ
आदिवासी	कुनै भूभाग, देश वा स्थानमा पहिलेदेखि नै बसोवास गरिआएको जाति
आधारभूमि	जग
आधारशिला	जगको ढुङ्गो
आधिकारिक	अधिकार प्राप्त व्यक्ति
आधिपत्य	स्वामित्त्व
आभूषण	गहना
आयतकार	लम्बाइ र चौडाइ बराबर नभए पनि चार समकोण भएको कुनै क्षेत्र
आराधना	पूजा
आराध्य	आराधना गर्न योग्य
आलङ्कारिक	सिँगारिएको
आवतजावत	ओहोरदोहोर
आवासगृह	बसोवास गर्ने घर
आश्रय	सहारा
आस्था	विश्वास
आह्वान	बोलाउने काम
इजिप्सियन	इजिप्टका निवासी
इतिहासविद्	इतिहासको ज्ञाता
इ. पू.	इस्वी संवत् पूर्व
इष्टदेवीदेवता	प्रिय देवीदेवता
इ. सं.	इस्वी संवत्
इसाई	इसाई धर्मको अनुयायी/क्रिस्चियन

शब्द	अर्थ
उत्तरार्द्ध	कुनै पनि वस्तुको पछिल्लो आधा भाग
उत्तराधिकारी	हकवाला
उत्तरीय	पछ्यौरा
उत्कृष्ट	सबैभन्दा राम्रो/उत्तम
उत्खनन	जमिनमुनि खनेर पुरातात्त्विक अवशेष खोज्ने काम
उपयुक्त	उचित
उपरान्त	त्यसपछि
उपलब्धि	प्राप्ति
उपासना	देवता वा पूज्य व्यक्तिको छेउमा बसेर प्रसन्न तुल्याउनका निम्ति गरिने पूजन
उर्वर	धेरै उब्जनी हुने
उल्लेखनीय	उल्लेख गर्न योग्य
उष्ण	धेरै तातो
एकीकरण	दुई वा दुईभन्दा बढी वस्तु, व्यक्ति, संस्था आदिलाई मिलाएर एक बनाउने काम
ओझेल	केही वस्तुले प्रकाश छेक्नाले बनेको छाया
कलह	झगडा
कलात्मक	आकर्षक
कवच	योद्धाहरूले लडाइँमा शस्त्रको प्रहारबाट बच्न शरीरमा लगाउने धातुको भोटो
कालान्तर	धेरै पछिको समय
काष्ठकला	काठका कलात्मक वस्तु, मूर्ति आदि बनाउने काम वा सीप

शब्द	अर्थ
कुँदाइ	कुँद्ने काम
कुण्ड	पोखरी
कुशल	दक्ष
किल्ला	चारैतिरबाट घेरी सुरीक्षत तुल्याइएको ठाउँ वा घर
कुमाले	माटाका भाँडाकुँडा बनाउने मानिस
क्रिडास्थल	खेल्ने ठाउँ
क्रूरता	दुष्टता
खगोल विज्ञान	आकाशका ग्रह-नक्षत्र, आकाशगङ्गा, धूमकेतु आदिका गतिविधिबारे अध्ययन गर्ने विद्या
खरखजाना	सुन, चाँदी, रुपियाँ, पैसा धनसम्पत्ति आदि
गणतन्त्र	देशको शासन प्रणाली स्थानीय तहदेखि केन्द्रीय तहसम्म नै जनताद्वारा निर्वाचित प्रतिनिधिहरूबाट सञ्चालित हुने राजनीतिक व्यवस्था
गणितज्ञ	गणित जान्ने
गाता	जिल्द
ग्रन्थ	किताब
चर्मकार	छालको काम गर्ने मानिस
चित्ताकर्षक	मनलाई मुग्ध पार्ने
चिम्पान्जी	अफ्रिका महादेशमा पाइने काला रौँ र लामालामा कन्पट हुने निकै चलाक वनमान्छे

शब्द	अर्थ
छद्म	मुख्य रूप छिपाई नक्कली स्वरूप देखाउने काम
जनजीवन	जनताको जीवन
जनसाधारण	साधारण जनता
जनश्रुति	परम्परागत कहावत
जनावरतुल्य	जनावर जस्तो
जलप	कुनै धातु आदिमा लगाइने अर्को धातुको पगालिएको पातलो लेप
जलशयन	जलमा शयन गर्ने देवता
जीर्णोद्वार	मरम्मत
जुलाहा	कपडा बुन्ने काम गर्ने मानिस
ज्ञात	जानिएको
ज्यासल	कालिगडको काम गर्ने ठाउँ
टेराकोटा	माटालाई पोलेर बनाइएका मूर्ति वा सामान
टुकडी	सेनाको सानो एकाइ वा विभाग
ढुवानी	मालसामानहरू एक ठाउँबाट अर्को ठाउँमा ओसार्ने काम
तथापि	तैपनि
तर्जनी	चोर औँलो
ताडपत्र	ताडवृक्षको पात
त्रास	डर
त्रिमूर्ति	हिन्दुहरूका तीन देव ब्रह्मा, विष्णु र महेश्वरको संयुक्त रूप

शब्द	अर्थ
थलो	ठाउँ
दलदल	थलथले ठाउँ
देवागार	देवीदेवताहरूको घर
दानव	राक्षस/असुर/दैत्य
दैवी शक्ति	देवताको शक्ति
द्रुत	छिटो हिँड्ने
धावा	हमला
नगरी	सानो सहर
नवआगन्तुक	कतैबाट आइपुगेको नयाँ मानिस
नव-पाषाणयुग	ढुङ्गेयुगपछिको युग
नहर	ठूलो कुलो
नाविक	नाउमा बसेर यात्रा गर्ने व्यक्ति
निधन	मृत्यु
नियमतः	नियमअनुसार
निर्मम	निर्दयी
पतन	माथिबाट तल खसेको अवस्था
परिसर	आसपास
पराक्रमी	पौरखी
पराजित	हार खाएको
पश्चात्	पछिबाट
पाश्चात्य	पश्चिमी
पार्श्व	छेउ
पाषाणयुगीन	ढुङ्गेयुगको
पुराण	हिन्दु समाजमा परम्परादेखि चलिआएका मनुष्य, देवता, दानव आदिका कथा

शब्द	अर्थ
पुरातत्त्वविद्	पुरातत्त्वसम्बन्धी कुराको ज्ञान भएको व्यक्ति
पुष्टि	पहिले भइसकेको कुनै कुरालाई तर्क, प्रमाण आदिद्वारा बलियो बनाउने क्रिया वा भाव
पूर्वार्द्ध	कुनै कुराको दुई बराबर भागमध्ये पहिलो आधा भाग
प्रकरण	कुनै कुराको सिलसिला
प्रणाली	कुनै काम गर्ने विधि
प्रतापी	प्रशस्त शक्ति र सामर्थ्य भएको
प्रतिष्ठा	इज्जत
प्रतिस्पर्धा	प्रतियोगिता
प्रवर्तक	सुरु गर्ने
प्रस्तर	ढुङ्गा
प्रागैतिहासिक	इतिहास लेखिनुभन्दा पहिलेको
प्राङ्गण	आँगन
प्रामाणिक	प्रमाणबाट सिद्ध भएको
प्रायद्वीप	तीनतिर पानीले घेरिएको
फलत:	फलस्वरूप
फिरन्ते	स्थायी रूपले एकै ठाउँमा घरबार गरेर नबसी घुमीघुमी हिँड्ने
बागडोर	लगाम
बेजोड	अर्को जोडा नभएको
बोधिसत्त्व	बुद्ध बन्ने अधिकारी भइसकेको तर बुद्धत्वप्राप्ति हुन बाँकी व्यक्ति

शब्द	अर्थ
भग्न	भत्केबिग्रेको
भग्नावशेष	भत्की-बिग्री बाँकी रहेको
भुजा	हात
भुसतिघ्रे	मोटा र तिघ्रे
मतावलम्बी	कुनै सिद्धान्त वा सम्प्रदाय अवलम्बन गर्ने
महत्त्वाकाङ्क्षी	कुनै ठूलो कुरा गर्ने चाहना भएको
मानवशास्त्री	मानव जातिको उत्पत्ति, प्रकार, गुण, स्वभाव, संस्कृति आदिको अध्ययन गर्ने व्यक्ति
योद्धा	लडाकु
यज्ञोपवीत	जनै
रक्षार्थ	सुरक्षाका लागि
रचना	बनाउने काम
रहस्य	गुप्त तत्त्व
राजकीय	राजा वा राज्यसँग सम्बन्ध भएको
राजघराना	राजपरिवार
राजप्रासाद	राजदरबार
राजवंश	राजाको पहिलेदेखि चलिआएको वंश
राज्यप्रणाली	शासनपद्धति
रौद्र	डरलाग्दो
लस्कर	मानिस वा अन्य जीवको लामो ताँती
लिपिबद्ध	लेखिएको
लेखाइपद्धति	लेख्ने तरिका
लोप	हराउने वा नदेखिने स्थिति
लोहार	फलामको काम गर्ने व्यक्ति

शब्द	अर्थ
वंशावली	वंशको वृत्तान्त
वर्गीकरण	विभिन्न वर्गमा विभाजन गर्ने काम
वास्तुकला	भवन निर्माण गर्ने शिल्प
विग्रह	झगडा
विद्यमान	रहेको
विराजमान	आनन्दसँग बसेको
विशिष्ट	अरूभन्दा विशेष किसिमको
शिखर	चुचुरो
शोभायमान	शोभा बढाइरहेको
श्रुति परम्परा	सुनेको भरमा अर्थात् एक कान, दुई कान हुँदै चल्दै आएको पुरानो कुरा
सत्तल	पाटी
सन्	इस्वी साल वा वर्ष
समुदाय	धेरै मानिस वा वस्तुको समूह
सम्भवत:	सायद
सम्भ्रान्त	कुलीन
सहअस्तित्व	एक-अर्काको हक, हित वा मान-मर्यादाको ख्याल गर्दै शान्तिका साथ सँगै रहनु र बाँच्नु
सहस्र	हजारको सङ्ख्या
समाधिघर	मरेका व्यक्तिको लास गाडिने ठाउँ
समृद्धि	सम्पन्नता
सम्प्रदाय	एउटै सिद्धान्त, विचार वा विश्वास भएका मानिसहरूको वर्ग

शब्द	अर्थ
सम्राट्	ठूलो राजा/बादशाह
सर्वथा	सबै प्रकारले
सादगी	सरलता
सामन्तवाद	राज्यको भूभाग ठूलठूला भारदार, सामन्त, सरदार, जमिनदार वा धनीहरूको अधिकार क्षेत्रमा रही त्यसको बदलामा राजालाई आर्थिक सहायता दिइने व्यवस्था
साम्राज्य	स-साना धेरैओटा राज्य सम्मिलित भएको ठूलो राज्य
सिकर्मी	काठको काम गर्ने कारिगर
सिद्धिदाता	काम पूरा गरिदिने
सुनार	सुनको काम गर्ने कारिगर
सूत्रपात	कार्य वा घटनाको थालनी
सौम्य	सरल तथा शान्त स्वभावको
स्नानागार	नुहाउने कोठा
स्मारक	कसैलाई वा कुनै विषयलाई सम्झाउन वा नबिर्सनका लागि बनाइने खास वस्तु
हस्तकला	हातद्वारा सम्पन्न गरिने काम वा कौशल (जस्तै : चित्र, मूर्ति आदि)
हिंस्रक	हिंसा गर्ने वा मार्ने
हस्तीहाड	हात्तीको दाँत

विशेष नामावली

अकबर (Akbar)
अगस्टस (Augustus)
अगोरा (Agora)
अङ्खोर (Angkor)
अङ्खोरवाट (Angkorwat)
अपोलो (Appolo)
अपोलोडोरोस (Apollodorus)
अफगानिस्तान (Afghanistan)
अफ्रिका (Africa)
अफ्रोडाइट (Afrodite)
अबु सिम्बेल (Abu Simbel)
अमरावती (Amaravati)
अमेरिका (America)
अल्बर्ट आंरी मउहो (Albert Henri Mouhot)
अशोक (Ashoka)
असुरबनिपाल द्वितीय (Assurbanipal II)
अस्ट्रालोपाइथेसिन्स (Australopithecines)
अस्ट्रेलिया (Australia)
अस्सिरिया (Assyria)
अस्सिरियन (Assyrian)
अरेबिक (Arabic)
अलहम्ब्र दरबार (Alhambra Palace)
अलेक्जेन्डर (Alexander)
अलेक्जेन्ड्रिया (Alexandria)
अल्टामिरा (Altamira)
अल्लाह (Allah)
आइबेरियन प्रायद्वीप (Iberian Peninsula)
आइसल्यान्ड (Iceland)
आइसिलस (Aeschylis)
आएस्कोलस (Aescholos)
आगरा (Agra)
आर्किमिडिज (Archimedes)
आर्मेनिया (Armenia)
आर्य (Aryan)
इक्टिनस (Ectinus)
इङल्यान्ड (England)
इजिप्ट (Egypt)
इजिप्सियन (Egyptian)
इटली (Italy)
इथियोपिया (Ethiopia)
इन्टरनेट (Internet)
इन्डो-आर्य (Indo-Aryan)
इराक (Iraq)
इलियाड (Illiad)
इलेक्ट्रोम (Electrum)
इसा खान (Isha Khan)
इस्टर गेट (Ishtar Gate)
इस्टर टापु (Ishtar Island)
इस्टानबुल (Istanbul)
इस्लाम (Islam)
उपल्लो इजिप्ट (Upper Egypt)
एइजिप्टोपिथेक (Aegytopithecus)
एक्रोपोलिस (Acropolis)
एज्टेक (Aztec)
एज्टेक जागुअर नाइट (Aztec Jaguar Knight)
एथेना (Athena)
एथेना पार्थेनोस (Ampitheatre)
एथेन्स (Athens)
एम्पिथिएटर (Ampitheatre)
एरिना (Erina)
एरिस्टोटल (Aristotle)
एर्स (Ares)

एसिया (Asia)
ओगोडेई (Ögödei)
ओट्टोमन तुर्क (Ottoman Turk)
ओडिस्से (Odyssey)
ओलम्पस पहाड (Mt. Olympus)
ओलम्पिया (Olympia)
ओलिम्पिक्स (Olympics)
ओल्मेक (Olmec)
ओस्ट्राका (Ostraka)
औरङ्गजेव (Aurangzeb)
कङ्क्रिट (Concrete)
कन्नानाइट (Canaanites)
कन्फ्युसियस (Confucius)
कन्सटानटिन (Constantine)
कन्सटानटिनोपल (Constantinopole)
कन्सुल (Consul)
कम्बोडिया (Combodia)
काटल ह्युयुक (Catal Huyuk)
कायरो म्युजियम (Cairo Museum)
कारवाँ (Caravan)
काला मृत्यु (The Black Death)
कास्सान्डर (Cassander)
कास्टिल्लो पिरामिड्ड (Catillo Pyramid)
कार्थेज (Carthage)
कार्ले (Karle)
काला मृत्यु (Black Death)
काल्लिक्रेट्स (Kallicrates)
किङवंश (Qin Dynasty)
कुजुला कडफाइसिस द्वितीय (Kujula Kadphises II)
कुवल-ए खाँ (Kublai Khan)
कुषाण (Kushan)
कुरान (Qu'ran)
क्रिस्टोफर कोलम्बस (Cristopher Columbus)
क्लियोप्याट्रा (Cleopatra)
क्युइन (Qin)
क्युइन सी ह्वाङ्दी (Qin Shi Huangdi)
क्लाउडियस टोलेमी (Claudius Ptolemy)
कोरिन्थ (Corinth)
कोस (Kos)
क्रो-माग्नोन गुफा (Cro-Magnon cave)
क्रो-माग्नोन मानव (Cro-Magnon Man)
क्युनेइफर्म (Cuneiform)
खमेर अधिराज्य (Khmer Kingdom)
खलिफा (Caliph)
खाफ्रे (Khafre)
खामिखाजे (Kamikaze)
खुफु (Khufu)
खोटान (Khotan)
गाउल (Gaul)
गान्धार (Gandhar)
गाब्रियल (Gabriel)
गिजा (Giza)
ग्रिक (Greek)
ग्रिनल्यान्ड (Greenland)
ग्रिस (Greece)
गोथ (Goth)
गोबी मरुभूमि (Gobi Desert)
ग्रोट्टे चाउवे (Grotte Chauvet)
ग्रेनाडा (Granada)
ग्लाडियटर (Gladiator)
ग्वाटेमाला (Guatemala)
चङ्गेज खाँ (Genghis Khan)
चन्द्रगुप्त मौर्य (Chandra Gupta Maurya)
चाङआन (Chang'an)
चिचेन इत्जा (Chichén Itzá)

चिम्पान्जी (Chimpanzee)
चिनियाँ (Chinese)
चिली (Chile)
चीन (China)
चीनको ठूलो पर्खाल (The Great Wall of China)
चोगा जान्बिल (Choga Zanbil)
चोलावंश (Chola Dynasty)
जनरल टोलेमी (General Ptolemy)
जर्मनी (Germany)
जस्टिनियन (Justinian)
जहाँगिर (Jehangir)
जापान (Japan)
जाभा (Java)
जिगुरात (Zigurat)
जियस (Zeus)
जुडाह (Judah)
जुपिटर (Jupitar)
जुलियस सिजर (Julius Caesar)
जोर्डन (Jordan)
जेरिको सहर (the city of Jericho)
झोउवंश (Zhou dynasty)
टर्की (Turkey)
टाइबर नदी (River Tiber)
टावर (Tower)
टिकाल (Tikal))
टिग्रिस (Tigris)
टिओटिह्वाकान (Teotihuacan)
टेक्साकोको ताल (Lake Texsacoco)
टेनोक्टिटलान (Tenochtitlan)
टेमुजिन (Temüzin)
टेराकोटा (Terracotta)
टेल (Tel)
टोयोटोमी हिडेयोसी (Toyotomi Hideyoshi)
ट्राजनको चोकबजार (Markets of Trajan)
डरस तृतीय (Durus III)
ड्युक विलियम (Duke William)
डाइम्यो (Daimyo)
डायना (Diana)
डिजेरिडु (Didgeridoo)
डेनमार्क (Danmark)
डेल्फी (Delphi)
डोमिसियन (Domitian)
डोम्स डे बुक (The Domes Day Book)
डोर्जन उपत्यका (Dordgone Valley)
डोरियन (Dorian)
ड्रागन (Dragon)
ढुङ्गेयुग (Paleolithic Age)
तल्लो इजिप्ट (Lower Egypt)
ताङवंश (Tang Dynasty)
तालिबान (Taliban)
तिब्बत (Tibet)
तुगलक (Tuglak)
तुतनखामोन (Tutankhamon)
तैमुरलङ (Timurlane)
तैमुर साम्राज्य (Timur Empire)
थेब्स (Thebs)
थेरा (Thera)
दिल्ली सल्तनत (Delhi Sultanat)
धातुयुग (Bronze Age)
नगर-राज्य (city-state)
नयाँ राज्यकाल (New Kingdom)
नव-पाषाणयुग (Neolithic Age)
नर्मन्डी (Normandy)
नर्वे (Norway)
नाइजेरिया (Nizeria)

नाइल नदी (River Nile)
नागार्जुनकोण्ड (Nagarjunkonda)
नाजका (Nazaka)
निनेवको राजप्रासाद (The Palace of Ninev)
नियन्डर उपत्यका (Neander Valley)
नियन्डरथल (Neanderthal)
नुबिया (Nubia)
नेप्च्युन (Neptune)
नेबोपोलस्सर (Nebopolassar)
नेफरेटरी (Nefaretari)
नोक (Nok)
नोस्सोस (Knossos)
नेबुचाड्नेज्जर (Nebuchadnezar)
न्युजिल्यान्ड (Newzealand)
पम्पेई (Pempei)
पपुआ न्युगिनी (Pupua New Guinae)
पर्सिया (Persia)
पर्सियन (Persian)
पार्थेनोन मन्दिर (Parthenon Temple)
पाइथोगोरस (Pythagoras)
पाषाणयुग (Paleolithic Age)
पिरामिड (Pyramid)
पिरामिस (Pyramis)
पुरानो राज्यकाल (Old Kingdom)
पेरिकल्स (Pericales)
पेरिस (Paris)
पेरु (Peru)
पैगम्बर मोहम्मद (Prophet Muhammad)
प्रशान्त महासागर (Pacific Ocean)
पोलिनेसिया (Polynesia)
पोलिनेसियन (Polynesian)
पोलिस (Peolis)
प्यागोडा शैली (Pagoda Style)
प्यालाटाइन पहाड (Palatine Hill)
प्लाटो (Plato)
फराओ (Pharaoh)
फिडिअस (Phidias)
फिलिप (Philip)
फुजिवारा योसिफुसा (Fujiwara Yoshifusa)
फोयनिसियन (Phoenician)
फोरम (Forum)
फ्राङ्क लडाकु (Frank Warriors)
फ्रान्स (France)
फ्लावियन एम्पिथिएटर (Flavian Ampitheatre)
बगदाद (Baghdad)
बाइजेन्टियम (Byzantium)
बाबर (Babar)
बाबेलको मिनार (The Tower of Babel)
बामियान (Bamiyan)
बुकेफलोस (Bukephalus)
वेई नदी (River Wei)
बेइजिङ (Beizing)
बेबिलोन (Babylon)
बेबिलोनको झुल्ने बगैंचा (Hanging Garedens of Babylon)
बेलायती टापुहरू (British Isles)
ब्रिटिस (British Isles)
भाइकिङ (Viking)
भारत (India)
भिक्टोरी अफ सामोथ्रेस (Victory of Samonthrace)
भूमध्यसागर (Mediterranean Sea)
भेसुभिएस पहाड (Mt. Vesuvias)
भेस्पासियन (Vespatian)
भेनस (Venus)
मक्का (Mecca)

मङ्गोल वंश (Mangol Dynasty)
मजिस्ट्रेट (Magistrate)
मध्य एसिया (Central Asia)
मध्यकाल (Medieval Period)
मध्ययुग (Medieval Period)
मन्चुरिया (Manchuria)
मिङवंश (Ming Dynasty)
मिनामोटो योरिमोटो (Minamoto Yorimoto)
मिनोस (Minos)
मेन्स (Mens)
मजिस्ट्रेट (Megistrate)
मध्यपूर्व एसिया (Middle East Asia)
मध्य राज्यकाल (Middle Kingdom)
ममी (Mummy)
माइनोअन क्रिट (Minoan Create)
माया इन्डियन (Maya Indian)
मार्क एन्थोनी (Mark Antony)
माइसेनेयन (Mycenian)
मार्स (Mars)
मिश्र (Egypt)
मुगल (Mughal)
मेक्सिको (Mexico)
मेगास्थेन्स (Megasthenes)
मेमोथ (Mamoth)
मुहम्मद द्वितीय (Muhammad II)
मोज्याक (Mosaic)
मोहम्मद बिन कासिम (Muhammad Bin Kashim)
मेर (Mer)
मेसेडोनिया (Mecedonia)
मोन्टेजुमा प्रथम (Montezuma I)
मोचे (Moche)
मेसोपोटामिया (Mesopotamia)
मोहेन्जोदाडो (Mohenjodaro)
मौर्य (Maurya)
युक्लिड (Euclid)
यु-ची (Yueh-Chi)
युफ्रेटस (Euphrates)
युराल (Ural)
युरिपाइडस (Euripedes)
युरोप (Europe)
युरोपियन (Eropian)
योद्धा-पुरोहित (Warrior-priest)
रामसेस द्वितीय (Ramsses II)
रुस (Russia)
रेनासाँ (Renaissance)
रेमस (Remus)
रेसममार्ग (Silk Road)
रोम (Rome)
रोमन (Roman)
रोमन कोलोजियम (Roman Colossium)
रोमन गणतन्त्र (Roman Republic)
रोमन स्नानागार (Roman Tharmae)
रोमा (Roma)
रोमुलस (Romulas)
ऱ्होडेसियन म्यान (Rhodesian Man)
लन्डन (London)
लस्कउ (Lascaux)
लाइसिमाकस (Lysimachus)
लि युआन (Li Yuan)
लोदीवंश (Lodi Dynasti)
वेई नदी (River Wei)
वैदिककाल (Vedic Period)
शुङ्ग (Sung)
समरकन्द (Samarkand)
सर अर्थर इभान्स (Sir Arthar Evans)

सर जोन मार्सल (Sir John Marshal)
सर्कस म्याक्सिमस (Circus Maximus)
सहारा मरुभूमि (Sahara Desert)
साङवंश (Sang Dynasty)
सातवाहन (Satvahan)
सामुराई (Samurai)
सार्डिनिया (Sardinia)
सालिसबरी मैदान (Salisbury Plain)
सिनेट (senate)
सिनेटर (senator)
सिन्धुघाँटी (Indus Valley)
सिन्धु नदी (River Indus)
सिरिया (Syria)
सिल (Seal)
सिसली (Sicily)
सुईवंश (Sui Dynasty)
सुमेरियन (Sumerian)
सुल्तान (Sultan)
सेमाइटिक (Semitic)
सेल्युकस (Seleucus)
सोक्रेट्स (Shocrates)
सोगन (Shogan)
सोङवंश (Song Dynasty)
सोतोकु (Shotoku)
सोफोकल्स (Sophocles)
सोलङ्कीवंश (Solanki Dynasty)
स्केन्डेनेभिया (Scandenevia)
स्पार्टा (Sparta)
स्पेन (Spain)
स्पेनिस (Spanish)
स्विडेन (Sweden)
स्फिङ्क्स (Sphinx)
स्ल्याब (Slab)
हडप्पा (Harappa)
हडार (Hadar)
हम्मुराबी (Hammurabi)
हवार्ड कार्टर (Howard Carter)
हर्कुलेनियम (Herculenium)
हागिया सोफिया (Hagia Sophia)
हानवंश (Han Dynasty)
हान साम्राज्य (Hen Empire)
हिन्दकुश (Hindkush)
हिपोक्रेट्स (Hypocrates)
हिपोक्र्याटिक शपथ (Hypocratic Oath)
हिमयुग (Ice Age)
हुण (Huns)
हेइरोग्लिफिक्स (Heroglyphs)
हेरा (Hera)
हेलास (Hellas)
हेलेन (Helen)
हेलेनिक आर्ट (Hellenic Art)
हेलेनिस्टिक काल (Hellenistic Period)
हेलेन्स (Helens)
होमर (Homar)
होमिनिड्स (Hominids)
होमो इरेक्टस (Homo Erectus)
होमो सापियन्स (Homo Sapiens)
होमो सापियन्स सापियन्स (Homo Sapiens Sapiens)
होमो हाबिलिस (Homo Habilis)
ह्यान्डी म्यान (Handy Man)
ह्वाङ नदी (River Hang)



978-999-33-719-4-6